# बर्न टु फ्लाइ
# पाठ्यक्रम र अगुवाको मार्गनिर्देशका

बालबालिका बेचबिखन रोक्न

बर्न टु फ्लाइ परियोजना

डियाना स्चिमोन, कारेन आर्मिस्टिड र जर्जिया एना लार्सनद्वारा

बर्न टु फ्लाइ पाठ्यक्रम
© २०१० बर्न टु फ्लाइ इन्टरनेसनल, इन्क.
डियाना स्चिमोन, कारेन आर्मिस्टिड र जर्जिया एना लार्सनद्वारा
उदाहरणहरू © २०१० लिह विडिमर

Published by Born to Fly International, Inc.
P.O. Box 952949
Lake Mary, Florida 32795-2949
USA
info@born2fly.org
www.born2fly.org
बर्न टु फ्लाइ इन्टरनेसनल, इन्क.

ISBN 978-0-9729507-6-3

बुल्गेरिया, डोमिनिकन रिपब्लिक, फिलिपिन्स, रसिया र थाइल्याण्डमा भएका बर्न टु फ्लाइ परीक्षण समूहहरूलाई विशेष धन्यवाद, जसले पाठ्यक्रमको परीक्षण संस्करण सिकाउनुभयो र आफ्ना बहुमूल्य पृष्ठपोषण हामीसँग बाँड्नुभयो।

> यो पाठ्यक्रम मेरा लेखकहरूको समूह (भालेरी कोस्की, कारेन आर्मिस्टिड र देबोरा कोल), शिक्षक कारेन आर्मिस्टिड, जर्जिया आना लार्सन, चित्रकार लिह विडेमर, डिजाइनर क्याथलिन वाज र बर्न टु फ्लाइ इन्टरनेसनलका धेरै सहयोगीहरूमा समर्पित गरिएको छ। मञ्जरीको जस्तो मेरो सपना पनि पूरा हुन सहायता गर्नुभएको लागि तपाईंहरूलाई धन्यवाद।
>
> – डियाना स्चिमोन, निर्देशक, बालबालिका बेचबिखन रोक्न बर्न टु फ्लाइ परियोजना

# विषयसूची


फोटोकपीहरू र अनुवादहरूका बारेमा महत्त्वपूर्ण नोटहरू.......... ४
बर्न टु फ्लाइबाट धन्यवादको पत्र र स्वागत.......... ५
बर्न टु फ्लाइ परियोजना सामुदायिक अभियान.......... ६
अगुवाको निर्देशिकाको सारांश.......... ७
सिकारू शिक्षकहरूलाई कसरी छान्ने र तालिम दिने.......... ९
जनचेतना र डर बीचको मिलनिबन्दु.......... १४
चित्र पुस्तकमा दिइएका सारांश.......... १५
धारणासम्बन्धी पोस्टरहरू.......... २२
बेचबिखनसम्बन्धी जानकारीमूलक पोस्टरहरू.......... २३
सेसन १ छनोटहरूका परिणामहरू हुन्छन्.......... २७
सेसन २ तपाईंका मित्रहरू को हुन् भनेर जान्ने.......... ३५
सेसन ३ तपाईं अद्वितीय, मूल्यवान र प्रेमको योग्य हुनुहुन्छ.......... ४१
सेसन ४ धैर्य, मेहेनत गर्नुहोस् र सही समय पर्खनुहोस्.......... ४८
सेसन ५ तपाईं उड्न जन्मनुभएको थियो। थोरै कुरामा सम्झौता नगर्नुहोस्.......... ५४
सेसन ६ पुनरावलोकन र समर्पणता.......... ५९
बर्न टु फ्लाइ पुनरावलोकन खेल.......... ६१
बर्न टु फ्लाइ पुनरावलोकन खेलका सहयोगीहरू.......... ६२
समर्पणताको बिन्ती.......... ६७
मञ्जरीको मुठो.......... ६८
मूल्याङ्कन सर्वेक्षण.......... ६९
अधिक जानकारीको लागि.......... ७३

# फोटोकपीहरू र अनुवादहरूका बारेमा महत्त्वपूर्ण नोट

तपाईंले बर्न टु फ्लाइ परियोजनाका सामाग्रीहरू निःशुल्क डाउनलोड गर्न र प्रयोग गर्न सक्नुहुन्छ तर तपाईंले सबैभन्दा पहिले अनलाइन दर्ता गर्नुपर्छ। तपाईंले यस्तो गर्नुपर्छ ताकि सामाग्रीहरू कसले प्रयोग गरिरहेका छन् भनेर हामीले थाहा पाउन सकौं। केवल www.born2fly.org मा जानुहोस्, जहाँ तपाईंले छिटो दर्ता गर्न सक्नुहुन्छ। चित्र पुस्तक, पाठ्यक्रम र अन्य सामाग्रीहरू डाउनलोड गर्न हामीले तपाईंलाई पासवर्ड पठाउनेछौं। त्यसपछि तपाईंले त्यसलाई प्रिन्ट गर्न र तपाईंको आफ्नै संस्थाभित्र प्रयोग गर्न सक्नुहुन्छ। कृपया यसलाई अन्य संस्थाहरूसँग नबाँड्नुहोस्, तैपनि तपाईंले हाम्रो वेबसाइटमा दर्ता गर्न त्यो समूहबाट कसैलाई भन्न सक्नुहुन्छ र हामी उनीहरूसँग पनि काम गर्न खुसी छौं।

बालबालिका बेचबिखन रोक्ने हाम्रो कोसिसको भागको रूपमा तपाईंलाई यी मानव बेचबिखन विरोधी सामाग्रीहरू निःशुल्क प्रयोग गर्न दिन पाउँदा हामीले गर्व महसुस गरेका छौं तर तपाईंले यो साधारण प्रक्रियालाई आदर गर्नुभएको होस् ताकि हामीले सामाग्रीहरूमाथि नियन्त्रण कायम गर्न सकौं। तपाईंलाई धेरै धन्यवाद।

पाठ्यक्रम विभिन्न भाषाहरूमा उपलब्ध छ। तपाईंले यसलाई आफ्नो भाषामा अनुवाद गर्न चाहनुहुन्छ भने कृपया info@born2fly.org मा हामीलाई सम्पर्क गर्नुहोस्।

# बर्न टु फ्लाइबाट स्वागत र धन्यवादको पत्र

प्यारा सामुदायिक अगुवाहरू र शिक्षकहरू,

तपाईंको समुदायमा बालबालिकाहरूलाई बेचबिखन हुनबाट रोक्न चाहनुभएको लागि तपाईंलाई धन्यवाद । तपाईंले यो पाठ्यक्रम सिकाउन तयारी गर्नुहुँदा तपाईंको समय र  ज्ञानको लागि हामी एकदमै कृतज्ञ छौं । तपाईंको भूमिका अमूल्य छ । तपाईंले आफ्नो समुदायमा खतरामा परेका बालबालिकाहरूलाई सहायता गरेर धेरैको जीवन बचाउनुहुनेछ ।

हाम्रो लक्ष्य मानव बेचबिखन गर्ने मानिसहरूले प्रयोग गर्ने झुटहरूका बारेमा बालबालिका र किशोरकिशोरीहरूलाई शिक्षा दिएर छहप्ते सामुदायिक अभियानको नमुना व्यवस्थापन गर्न सहायता गर्ने र उनीहरूलाई नबेचिने समर्पणता गर्न सहायता गर्ने हो ।

सबै उमेर समूहका बालबालिकाहरू बेचबिखनको खतरामा छन्- साना बालबालिका साथै किशोरकिशोरीहरू । त्यसकारण सिकारू शिक्षकहरू- किशोरकिशोरी केटीहरू र केटालाई तालिम दिन तपाईंको लागि यो पाठ्यक्रम हामीले बनाएका हौं, जसले सामाग्रीहरूबाट सिक्नेछन् र त्यसपछि अरू साना बालबालिकाहरूलाई यो सिकाउन र निर्देशन दिन तपाईंलाई सहायता गर्नेछन् । सिकारूहरू दुवै सहायता गर्नेहरू र सिक्नेहरू हुन् । उनीहरूले तपाईंलाई सहायता गर्दा उनीहरूले सामाग्रीहरूबाट सिक्नेछन् र कसरी सिकाउने भन्ने सीपहरू पनि सिक्नेछन् । यो प्रक्रियाभरि तपाईंले उनीहरूलाई निर्देशन दिनुहुनेछ– जुन एकदमै महत्त्वपूर्ण भूमिका हो ।

यो पाठ्यक्रम शिक्षकहरू र सिकारूहरूसँग छहप्ते कार्यक्रमको लागि हो- तपाईंले यही नमुना नै प्रयोग गर्नुपर्छ भन्ने छैन । तपाईंको अवस्थाको लागि कुन कामहरू राम्रा छन्, त्यही नै प्रयोग गर्नुहोस् । संसारभरि भएका संस्थाहरूले यी सामाग्रीहरूलाई सुधार गरेका छन् र यसलाई पाँच दिन, पाँच महिना र एकदिने कार्यक्रमको लागि पनि प्रयोग गरेका छन् । हाम्रो लक्ष्य भनेको तपाईंलाई सिकाउन सामाग्रीहरू दिनु हो तर तपाईंले हाम्रा सल्लाहहरू तपाईंको समुदाय, खाँचो, बालबालिकाको उमेर र उपलब्ध समयमा लागु गर्दा तपाईं सृजनात्मक भएको हामी चाहन्छौं ।

यो सामाग्रीलाई कसरी राम्रो बनाउने भन्ने बारेमा तपाईंसँग कुनै सल्लाहहरू छन् भने ती कुराहरू सुन्न पाउँदा हामी कृतज्ञ हुनेथियौं । तपाईंले हामीलाई info@born2fly.org मा इमेल गर्न वा Born to Fly, PO Box 952949, Lake Mary FL 32795, USA मा पत्र लेख्न सक्नुहुन्छ ।

याद राख्नुहोस्: तपाईंजस्तो साहस भएको मानिसले अरूलाई व्यक्तिहरू र समुदायको रूपमा खडा भएर मानव बेचबिखन गर्नेहरूको जोखिममा परेकाहरूलाई बचाउन उत्साह नदिएसम्म मानव बेचबिखन रोकिनेछैन । तपाईंको साहस, समय, ज्ञान र उत्कट चाहनाको लागि धन्यवाद ।

स्नेहपूर्वक,

बर्न टु फ्लाइ परियोजना

# बर्न टु फ्लाइ परियोजना सामुदायिक अभियान

तपाईंले प्रभावकारी सामुदायिक बर्न टु फ्लाइ (बी२एफ) बेचबिखन विरोधी अभियान चलाउन चाहनुहुन्छ भने तपाईंले दुईवटा महत्त्वपूर्ण कुराहरू गर्नुपर्छः (१) उपयुक्त आयोजक एजेन्सी (वा एजेन्सीहरू), मुख्य परिवारहरू वा देखिएका सामुदायिक अगुवाहरू पहिचान गर्ने, जसले अभियान स्वीकार गर्छन् र त्यसमा सहभागी हुन्छन् र (२) दुवै सिकारूहरू र साना बालबालिकाहरूका लागि कक्षा संचालन गर्न योग्य अगुवाहरूलाई तालिम दिने।

बर्न टु फ्लाइ परियोजना सामुहिक टास्क फोर्स बनाउनुहोस् र पहिलो बी२एफ कक्षाहरूका लागि योग्य सिकारूहरूलाई ल्याउन तपाईंले सुरु गर्ने विचार गर्नुअघि केही हप्ता कम्तीमा दुईवटा तयारी बैठकहरू गर्नुहोस्।

पहिलो बैठक आयोजक एजेन्सीहरू र सामुदायिक अगुवाहरूका लागि हो। दोस्रो बी२एफ कक्षाहरूमा भाग लिने साना बालबालिकाका अभिभावकहरू वा बुबाआमाको लागि खुल्ला हुनुपर्छ। यो दोस्रो बैठकमा सहभागी हुन तपाईंले उनीहरूलाई व्यक्तिगत रूपमा निम्तो दिन सक्नुहुन्छ (पत्रबाट पनि) वा तपाईंले समुदायमा वितरण गर्नुभएका पोस्टरहरू वा फ्ल्यायरहरूको वा रेडियो, टिभी वा पत्रिकाको विज्ञापनबाट थाहा पाएर आएका हुन सक्छन्।

सम्भावित बी२एफ सहभागीहरूका अभिभावकहरू र बुबाआमाहरूमा निर्देशित पोस्टरहरू, फ्ल्यायरहरू, पत्रहरू र मिडियामा भएका विज्ञापनहरूमा यो जानकारी रहेको हुनुपर्छः

- बी२एफ कक्षाहरूले केके कुराहरू समेट्छ भनेर साधारण व्याख्या।
- कार्यक्रमको लक्ष्य परिवारहरूलाई आफ्ना सदस्यहरूलाई मानव बेचबिखन गर्ने मानिसहरूबाट बचाउन सुसज्जित गर्ने भनेर बलियो रूपमा निश्चित पार्ने।
- यो तयारी बैठकमा बालबालिकाहरूसँग प्रयोग गरिने वास्तविक सामाग्रीहरू हेर्नको लागि अभिभावक/बुबाआमालाई उपलब्ध हुनेछ।
- तपाईंको क्षेत्रमा भएका खतराहरूका बारेमा विशेष जानकारीहरू दिँदै बेचबिखनका खतराहरू व्याख्या गर्नुहोस्।
- बी२एफले उनीहरूका बालबालिकालाई बेचबिखन हुनबाट रोक्न कसरी सहायता गर्नेछ भनेर व्याख्या गर्नुहोस्।
- आयोजक एजेन्सीहरू र सामुदायिक अगुवाहरूको बारेमा पनि उल्लेख गर्नुहोस्।
- स्थान, समय र मितिको जानकारी उल्लेख गर्नुहोस्।

# अगुवाको निर्देशिकाको सारांश

सेसन १: छनोटका परिणामहरू हुन्छन्।

सेसनका उद्देश्यहरूः छनोट भनेको के हो ? सपना भनेको के हो ? विद्यालयमा बस्नु किन महत्त्वपूर्ण छ ? परिणामहरू के हो ?

सिकारूहरूका लागिः "छनोटहरू र परिणामहरूबाट सिक्ने।"

चित्र पुस्तक पृष्ठ २५

सेसन २: तपाईंको साँचो साथीहरू को हुन् भनेर चिन्ने।

सेसनका उद्देश्यहरूः साँचो मित्र को हो ? साँचो मित्रले तपाईंमा कस्तो मूल्य राखेको छ ? सपनाको चोर को हो र त्यस्तो व्यक्तिले तपाईंबाट के कुरा लिन चाहन्छ ?

सिकारूहरूका लागिः नराम्रो, ठीकै र असल सम्बन्धहरू

चित्र पुस्तक पृष्ठ २६-३४

सेसन ३: तपाईं अद्वितीय, मूल्यवान र प्रेमको योग्य हुनुहुन्छ।

सेसनका उद्देश्यहरूः तपाईं मूल्यवान हुनुहुन्छ भनेर तपाईंले कसरी थाहा पाउनुहुन्छ ? के गल्तीहरू र खराब छनोटहरूले तपाईंलाई मूल्यवान हुनबाट टाढा राख्छ ? शर्तहीन प्रेम भनेको के हो ? प्रेम गरिन, मूल्यवान हुन र सुरक्षित हुन तपाईंको लागि सुरक्षित स्थान कहाँ हो ?

सिकारूहरूका लागिः तपाईं परिपक्व हुँदैगर्दा सुरक्षित हुने

चित्र पुस्तक पृष्ठ २७-५३

सेसन ४ धैर्य, मेहेनत गर्ने र सही समय पर्खने।

सेसनका उद्देश्यहरूः धैर्यता के हो र धैर्यता गर्न किन धेरै गाह्रो छ ? तपाईंको सपनाहरूमा किन काम गर्नुपर्छ र पर्खनुपर्छ ? तपाईंले आफ्ना सपनाहरू साँचो बनाउन धैर्य, मेहेनत गर्दा र सही समय पर्खंदा तपाईंलाई बलियो हुन कसले सहायता गर्न सक्छ ?

सिकारूहरूका लागिः तपाईंका सपनाहरू शब्दहरूमा राख्ने र ती साँचो बनाउन काम गर्ने

चित्र पुस्तक पृष्ठ ५४-६८

सेसन ५: तपाईं उड्न जन्मनुभएको थियो, थोरै कुरामा सम्झौता नगर्नुहोस्।

सेसनका उद्देश्यहरूः तपाईंले जीवनमा आफू के भएको वा गरिरहेको सपना देख्नुभएको छ ? तपाईं र तपाईंका सपनाहरूको बीचमा को वा के खडा हुन सक्छ ? तपाईंका सपनाहरू जीवित राख्न असल छनोटहरू गर्न तपाईंलाई कसले सहायता गर्न सक्छ ?

सिकारूहरूका लागिः तपाईंको सपनाको समूह बनाउने

चित्र पुस्तक पृष्ठ ६९-७८

सेसन ६ पुनरावलोकन र समर्पण

सेसनका उद्देश्यहरूः बेचबिखनको जानकारी सारांश गर्न खेल, पुरस्कारहरू र  पोस्टरहरू पुनरावलोकन गर्ने,

प्रमाणपत्र र ब्रासलेटको साथमा औपचारिक समर्पणको अभ्यास/दीक्षान्त

सिकारूहरूका लागिः खडा हुने (प्रमाणपत्र, ब्रासलेट र पिन वा रिबन)

# सिकारू शिक्षकहरूलाई कसरी छान्ने र तालिम दिने

अगुवाको रूपमा तपाईंले सिकारूहरूलाई तालिम दिनुहुनेछ (किशोरकिशोरी केटीहरू र केटाहरू), जसले साना बालबालिकाहरूलाई सिकाउन तपाईंलाई सहायता गर्नेछन् । यो प्रक्रियामा सिकारूहरूले आफैं सामाग्री सिक्नेछन् । यसले सिकारूहरूलाई तिनीहरूको लागि तयार पारिएको सामाग्री सिकाउन सजिलो बनाउँछ (र साना बालबालिकाका लागि धैरै प्रस्ट हुन सक्छ) ।

यो पाँच कदमको प्रक्रिया होः निम्तो, अभिमुखीकरण, छनोट, तालिम र प्रमाणपत्र/ दीक्षान्त । तपाईंले चाहेका धैरैभन्दा धैरै सिकारूहरू छनोट गर्न सक्नुहुन्छ । कार्यक्रममा भएका हरेक सात साना बालबालिकाको लागि एकजना वयस्क अगुवा र तीनजना तालिम पाएका सिकारूहरू राख्न हामी सिफारिस गर्छौं । विकल्पः तपाईंले सिकारूहरू पहिले नै नछान्नुहोस् तर त्यसको साटो सबै किशोरकिशोरीहरूलाई कार्यक्रम सिकाउनुहोस् र त्यसपछि केहीलाई छान्नुहोस्, जो अगुवाहरूको रूपमा बढ्छन् र त्यो भूमिका चाहन्छन् ।

यो पाठ्यक्रमको विषयवस्तु संवेदनशील छ, त्यसैले तपाईंले किशोरीहरू र किशोरहरूलाई अलग्गै सिकाउन सक्नुहुनेछ ।

कदम १: निम्तो

अभिमुखीकरणको सेसनमा किशोरकिशोरीहरूलाई निम्तो दिनुहोस्, जहाँ तपाईंले उनीहरूलाई बर्न टु फ्लाइ सामुदायिक अभियान र उनीहरू संलग्न भएपछि जानुपर्ने कदमहरूका बारेमा बताउनुहुनेछ । केटीहरू र केटाहरूका लागि छुट्टै अभिमुखीकरणका सेसनहरू लिन हामी सिफारिस गर्छौं । सबैलाई दिइने खुल्ला निम्तो बनाउनुको साटो यो निम्तोको प्रक्रिया प्रयोग गर्नुहोस् ।

तपाईंले कसलाई निम्तो दिनुपर्छ ? सिकारू हुनुको अर्थ सम्मान, अवसर र जिम्मेवार हुनु हो । सम्भावित सिकारूहरूको पहिचान गर्दा इमानदार, उपलब्ध हुन सक्ने, धैर्य गर्ने र साना बालबालिकालाई प्रेम गर्ने, मैत्रीपूर्ण तथा जोसिलो र असल कुराले रमाइलो गर्ने युवाहरूलाई हेर्नुहोस् । तपाईंका सिकारूहरू १३ र १९ वर्ष उमेरको बीचका हुनु राम्रो हो तर तपाईंको विशेष संस्कृति र अवस्थाहरूका लागि यो कार्यक्रम स्वीकार गर्दा लचिलो हुनुहोस् ।

निम्तो प्रक्रियाबाट तपाईंले एक प्रकारको मापदण्ड बनाउनुहुनेछ, जसले बी२एफ कार्यक्रममा सिकारू बन्नु सम्मान, अवसर र गम्भीर जिम्मेवारी हो भनेर बुझ्न बालबालिकाहरूलाई बुझ्न सहायता गर्छ ।

अभिमुखीकरणको सेसन सम्भव भएसम्म विशेष बनाउनुहोस्- खाना वा विशेष स्थानमा बाहिर जाने, जसले युवाहरूलाई सहायता गर्ने बारेमा गर्व र उत्साह महसुस गर्न तपाईंले निम्तो दिएको भन्ने महसुस गराउँछ । यहाँ नमुना पत्र छ, जुन तपाईंले अभिमुखीकरणमा युवाहरूलाई निम्तो दिन प्रयोग गर्न सक्नुहुन्छ । तपाईंको अवस्था वा संस्कृतिको लागि उपयुक्त भएअनुसार शब्दहरू परिवर्तन गर्नुहोस् ।

आदरणीय.........................,

हाम्रो समुदायमा किशोरकिशोरी केटीहरू (केटाहरू) को सानो समूहको लागि विशेष दिनमा तपाईंलाई निम्तो गरिएको छ। बैठकमा हामीले तपाईंलाई बर्न टु फ्लाइ भन्ने बालबालिका बेचबिखन रोक्न सहायता गर्ने उत्साहपूर्ण सामुदायिक अभियानको बारेमा बताउनेछौं।

बैठकपछि **बी२एफ** अभियानलाई सहायता गर्न किशोरकिशोरी सिकारू शिक्षकहरू हामीले छान्नेछौं। अभियानको समयमा बी२एफ समूह अगुवाले सिकारूहरूसँग प्रश्नहरू वा समस्याहरू हुँदा उनीहरूलाई सहायता गर्ने र कामको सुपरीवेक्षण गर्नेछ।

बालबालिका बेचबिखनको बारेमा मानिसहरूको विचार र कामहरूलाई प्रभाव पार्ने र हाम्रो समुदायको लागि केही महत्त्वपूर्ण काम गर्ने मौका बी२एफ सिकारूहरूसँग हुनेछ। यो उत्साहवर्दक मौकाको बारेमा धैरै कुराहरू सिक्ने चाहना गर्नुहुन्छ भने कृपया तल दिइएको विवरणमा सम्पर्क राख्नुहोस्।

बैठकको मितिः

समयः

स्थानः

जानकारीको लागि सम्पर्कः

तपाईं यो निम्तो अवसरमा मात्रै सहभागी हुनुहुनेछ भने कृपया मलाई सम्भव भएसम्म चाँडै जानकारी दिनुहोस्। तपाईंलाई देख्ने चाहनामा...

स्नेहपूर्वक

कदम २: अभिमुखीकरण

अभिमुखीकरणको समयमा तपाईंको देश र समुदायमा बालबालिकाको बेचबिखनको समस्याको बारेमा कुरा गर्नुहोस्। मानव व्यापार गर्नेहरूले भन्ने झुटको बारेमा बालबालिकाहरूलाई जानकार बनाउँदै बेचिनबाट उनीहरूलाई रोक्न बर्न टु फ्लाइ समुदायिक अभियानले कसरी सहायता गर्न सक्छ भनेर छलफल गर्नुहोस्। व्याख्या गर्नुहोस्

- तपाईंले साना बालबालिकाहरूलाई सिकाउँदा तपाईंले छहप्ते सामुदायिक अभियान आयोजना गर्दै हुनुहुन्छ।
- सिकारूहरूले सहायता गरेको तपाईंले चाहनुहुन्छ।
- आवेदनको प्रक्रिया छ।
- केही क्षेत्रमा आधारित भएर किशोरकिशोरीहरूलाई सिकारूहरू हुन तपाईंले छान्नुहुनेछ।
- सहभागी हुन सिकारूहरूले समर्पणता गर्नुपर्छ (१) सामुदायिक अभियाले छहप्ते कार्यक्रम सुरु गर्नुअघि ताकि उनीहरूले सामाग्रीहरू र त्यसलाई कसरी सिकाउने भनेर सिक्न सकून् र (२) अर्को छहप्ते कार्यक्रम, जब तिनीहरूले साना बालबालिकाहरूलाई सिकाउन र डोर्याउन सहायता गर्नेछन्।

- उनीहरूले तालिम कार्यक्रम र छहप्ते सामाजिक अभियानमा सहभागी हुनुपर्छ भनेर समर्पणता गर्नुपर्छ ।
- उनीहरूले तालिम कार्यक्रमको समयमा दुईभन्दा बढी सेसनहरू छुटाए भने उनीहरूले फेरि सुरु गर्नुपर्छ (उनीहरू अझै प्रतिबध्द छन् भनेर तपाईंले विश्वास गर्नुहुन्छ भने तपाईंले उनीहरूका लागि अर्को तालिम सेसन दिएर वा उनीहरूलाई व्यक्तिगत रूपमा सिकाउन सक्नुहुन्छ) ।
- उनीहरू साना बालबालिकासँग गर्ने हुनाले उनीहरूले सबै समयमा उच्च नैतिकता र मापदण्डहरू कायम राख्नुपर्छ । उनीहरूले त्यस्तो गर्न सक्दैनन् भने उनीहरूलाई कार्यक्रम छोड्न लगाइनेछ ।

बी२एफ कार्यक्रममा स्वीकार भएका हरेक सिकारूहरूसँग फाइलमा आवेदन फाराम हुनुपर्छ । युवा सहभागीहरूका साथै सिकारूहरू कार्यक्रममा सहभागी हुनको लागि बुबाआमा वा अभिभावकबाट अनुमतिको कागज हुनुपर्छ । अनुमतिको कागज साधारण हुन सक्छ- कार्यक्रमको स्थान र समय वर्णन गरिएको र अभिभावक वा बुबाआमाले बी२एफ कार्यक्रमको प्रकार बुझेका छन् र आफ्ना बालबालिका बैठकहरूका लागि उपस्थित गराउन सहमत भएको उल्लेख गरिएको ।

तपाईंले तयार पार्नुभएको आवेदन फाराम भर्न सम्भावित सिकारूहरूलाई भन्नुहोस् । मार्गनिर्देशकको रूपमा यी प्रश्नहरू प्रयोग गर्नुहोस् र अरू प्रश्नहरू पनि थप्न सक्नुहुन्छः

**सिकारू आवेदन फाराम नमुना**

नामः

सम्पर्क जानकारी साथमा ठेगाना र फोन नम्बरः

अभिभावक वा बुबाआमाको नामः

प्रष्ट ठेगानाः

जन्म मितिः

तपाईंको परिवारमा सदस्यहरूको सङ्ख्याः

शैक्षिक अवस्थाः

विद्यालयमा सबैभन्दा मनपर्ने विषयहरूः

तपाईंलाई मनपर्ने रुचिहरूः

तपाईंले नियमित गर्ने खेलकुदहरू वा सामुहिक क्रियाकलापहरूः

तपाईंको धर्म वा जातः

काम गरेको अनुभव (छ भने):

स्वयंसेवा गरेको अनुभव (छ भने)

साना बालबालिकाहरूलाई सिकाएको शैक्षिक अनुभव (औपचारिक वा अनौपचारिक, कुनै छ भने)

बी२एफ समूहलाई डोर्याउन तपाईंले गर्नुभएको सहायताको बारेमा तपाईंको परिवार/अभिभावकहरू/बुबाआमाले कस्तो महसुस गर्नुहुन्छ ?

तपाईंका पाहुनाहरूलाई आउनुभएको लागि धन्यवाद दिँदै अभिमुखीकरणको सेसन अन्त्य गर्नुहोस्। तपाईंले सिकारूहरूलाई कहिले छान्नुहुन्छ र उनीहरूलाई कसरी त्यसको बारेमा जानकारी दिनुहुन्छ भनेर बताउनुहोस्।

कदम ३: छनोट

तपाईंले सिकारूहरू छान्दा तल दिइएका योग्यताहरू पनि हेर्नुहोस्

- समर्पणता
- उच्च नैतिक मापदण्ड
- नेतृत्वको क्षमता
- रमाइलो गर्ने
- साना बच्चाहरूसँग रमाउने
- जोशिलो र सिक्ने मन भएको

सिकारू हुनको लागि तपाईंले छान्नुभएका किशोरकिशोरीहरूलाई सम्पर्क गर्नुहोस् र तपाईंले कार्यक्रम कहिले सुरु गर्नुहुनेछ भनेर उनीहरूलाई थाहा दिनुहोस्। तपाईंले नछान्नुभएकाहरूलाई आशा दिएको निश्चित गर्नुहोस्, उनीहरूले अर्को सेसनको लागि फेरि आवेदन दिन सक्छन् भनेर उनीहरूलाई थाहा दिनुहोस्।

कदम ४: तालिम

बी२एफ पाठ्यक्रम प्रयोग गर्दै छहसे कार्यक्रमबाट तपाईंका सिकारूहरूलाई लैजानुहोस् । किशोरकिशोरी केटीहरू र केटाहरूलाई भिन्नाभिन्नै तालिम दिनुहोस् । पाठ्यक्रमभरि नै सिकारूहरूलाई सोध्न तपाईंले विशेष प्रश्नहरू देख्नुहुनेछ । उनीहरूलाई निर्देशन र सुधार गर्न सहायता गर्न सृजनात्मक आलोचना गर्नुहोस्। तपाईंले आफ्ना सिकारूहरूसँग छुट्टै समय सामुहिक चाहना बनाउन सहायता गर्न तालिमको सेसनभन्दा बाहिर बिताउन चाहन सक्नुहुन्छ, जस्तै विशेष रूपमा बाहिर जाने वा सामुहिक क्रियाकलापहरू।

तपाईंका सिकारूहरूले सामाग्री सिकाउन मात्रै सिक्नेछैनन् तर उनीहरूले सामाग्रीहरू आफैंले सिक्छन् किनभने उनीहरू बेचिने खतरामा छन् । उनीहरूलाई नियमित पृष्ठपोषण दिएर डोर्याउनुहोस् । उनीहरूले सबैभन्दा राम्रो के गर्छन् भनेर चिन्नुहोस्, उनीहरूले गरेका केही राम्रा कामलाई तुरुन्तै समातिहाल्नुहोस र त्यसको लागि उनीहरूलाई प्रशंसा गर्नुहोस्। उनीहरूलाई पुनर्निर्देशन दिन र सुधार गर्न आवश्यक सृजनात्मक आलोचना दिनुहोस्। तपाईंका सिकारूहरूसँग तालिम सेसनहरू बाहिर गरेर छुट्टै समय बिताउन पनि सक्नुहुन्छ, जस्तैः बाहिर जाने वा सामुहिक क्रियाकलापहरू, सामुहिक कार्य विकास गर्न सहायता।

कदम ५: प्रमाणपत्र/दीक्षान्त

तालिम कार्यक्रमको अन्त्यमा सिकारूहरूका लागि दीक्षान्त कार्यक्रम गर्नुहोस्। बी२एफ सामुदायिक अभियान, स्थानीय अधिकारीहरू र अन्यहरू, सम्भव भएसम्म समुदायका धेरैलाई संलग्न गर्नुहोस्: अभिभावकहरू, साथीहरू, साना बालबालिकाहरू, जो कक्षाहरूमा सहभागी हुनेछन्। यसलाई सम्भव भएसम्म विशेष र महत्त्वपूर्ण बनाउनुहोस् किनभने यसले छहसे अभियानको लागि जोश उत्पन्न गर्नेछ।

दीक्षान्त समारोहमा सिकारूहरूलाई प्रमाणपत्र दिनुहोस् र लगाउनको लागि उनीहरूलाई केही दिनुहोस्- ब्याच, ब्याण्ड, सर्ट, पिन आदि । यसले सामुदायिक अभियानको प्रसिध्दि बढाउनेछ र साना बालबालिकाको लागि नमुनाको रूपमा सिकारूहरूलाई स्थापित गर्नेछ ।

छहप्ते सामुदायिक अभियानको समयमा नियमित रूपमा आफ्ना सिकारूहरूलाई भेट्नुहोस् । उनीहरूले पाठ सिकाउनुअघि हरेक पाठमा जानुहोस् र उनीहरूलाई आवश्यक भएसम्म मूल्याङ्कन, पृष्ठपोषण र पुनर्निर्देशनको लागि पनि समय दिनुहोस् । उनीहरूलाई डोर्याउन तपाईंको लागि अझै धेरै समय दिन तपाईंका सिकारूहरूसँग नियमित रमाइलो आउटिङलाई निरन्तरता पनि दिन सक्नुहुन्छ ।

# जनचेतना र डरको बीचमा मिलन बिन्दु

शिक्षकको रूपमा तपाईंका विद्यार्थीहरू मानव बेचबिखनको खतराको बारेमा जानकार रहेको तपाईं चाहनुहुन्छ तर उनीहरू डरमा जिएको तपाईं चाहनुहुन्न । यो प्रस्ट रेखा हो र तपाईंले सिकाउँदा तपाईंका विद्यार्थीहरूले के सोचिरहेका र महसुस गरिरहेका छन् भनेर जान्न उनीहरूलाई तपाईंले हेर्नु र सुन्नुहुनेछ । तपाईंले मानव बेचबिखनको विरुध्दमा सिकाउँदा तपाईंका बालबालिकामा भएको डरलाई हटाउन सहायता गर्न यहाँ केही सल्लाहहरू छन्:

बालबालिकाहरूलाई उमेर समूहअनुसार छुट्याउनुहोस् र सानाहरूसँग विशेषगरी सावधान हुनुहोस् । याद राख्नुहोस्, साना बालबालिकासँग विशेषगरी बेचबिखनको बारेमा उल्लेख नगर्नुहोस् । तपाईंले त्यो सिकाउन चाहनुहुन्छ भने हामीले हरेक सेसनमा "बेचबिखन सम्पर्कको" बारेमा जानकारी प्रदान गर्छौं । अन्यथा तपाईंले उनीहरूलाई बेचबिखनबाट बचाउन सक्ने पाँच प्रकारका व्यवहारहरूका बारेमा मात्रै सिकाउन सक्नुहुन्छ (छनोटका परिणामहरू हुन्छन् आदि) ।

बालबालिकाहरू डराएका छन् भने त्यसको बारेमा कुराकानी गर्नुहोस् । तपाईंले उनीहरूसँग व्यक्तिगत रूपमा वा समूहमा भेट्न सक्नुहुन्छ- जसले उनीहरूलाई सजिलो महसुस गराउँछ । उनीहरूलाई तर्साउने विशेष सोचाइहरूका बारेमा छलफल र कुराकानी गर्नुहोस् । हरेक डर लेख्नुहोस् र उनीहरू आफैंलाई सुरक्षित महसुस गराउन उनीहरूले प्रयोग गर्न सक्ने योजना विकास गर्न तपाईं उनीहरूसँग काम गर्न चाहनुहुन्छ भनेर बताउनुहोस् । हरेक डरमा जानुहोस् र उनीहरू नतर्सनको लागि उनीहरूलाई केले सहायता गर्न सक्छ भन्ने बारेमा उनीहरूका सल्लाहहरू बताउन लगाउनुहोस् । यसमा साथीको प्रणाली प्रयोग गर्ने, उनीहरू गएको स्थानको बारेमा वयस्कहरूलाई बताउने, वयस्कहरूलाई नबताईकन कतै पनि खेल्न नजाने, सुरक्षित सिठ्ठी, मोबाइल वा कुनै कुरा बोक्ने आदि कुराहरू समावेश हुन सक्छ । तपाईंका जवाफहरू तपाईंको विशेष परिस्थितिहरू, बालबालिकाको उमेर र तपाईंले मात्रै निर्धारण गर्न सक्ने अन्य खाँचोहरूको भीडमा निर्भर हुनेछ ।

जब तपाईंले खतराको पहिचान वा चेतावनी पाउनुहुन्छ, त्यसलाई कुनै सकारात्मक कुराले सामना गर्नुहोस्, जस्तैः यसबाट तिमीलाई सहायता गर्न तिम्रो आमा (वा तपाईंको शिक्षक) हुन पाउँदा म धेरै खुसी छु । तिमी त्यस्तो साहसी व्यक्ति बनिरहेका छौ । परामर्श र समस्या समाधानमा यो वास्तविकता थेरापीको तरिका हो । डर उत्पन्न गर्ने वस्तुहरू, व्यक्तिहरू र अवस्थाहरू वास्तविक हुन्, कल्पनाका कुराहरू होइनन् (वयस्कहरूलाई केही बालबालिकाका प्रतिक्रियाहरू अत्यन्तै लागे पनि), त्यसैले तपाईंले दिनुभएका जवाफहरू वास्तविक हुनुपर्छ साथै सुरक्षित, स्वस्थ र स्वतन्त्रताको वातावरण सृजना गर्न त्यसले सहायता गर्नुपर्छ । त्यसकारण बर्न टु फ्लाइ कार्यक्रमले विशेष व्यवहारहरू सिकाउँछ, जसले बालबालिकालाई बेचिनबाट बचाउन सक्छ (बुध्दिमान छनोटहरू बनाउने, साँचो साथीलाई कसरी बताउने भनेर जान्ने आदि) ।

बालबालिकालाई नियमित रूपमा अनुगमन गर्नुहोस् र उनीहरू अझै डराएका छन् भने उनीहरू कस्ता छन् भनेर सोध्नुहोस् । सुरक्षित र नियमित स्थान सृजना गर्नुहोस्, जहाँ उनीहरूले आफ्ना डरहरूका बारेमा तपाईंसँग आरामसँग कुराकानी गर्न सक्छन् ।

# चित्र पुस्तक सारांश कथा

शिक्षणको तयारीमा चित्र पुस्तकमा सारांश मिलाउँदै सारांशलाई कम्तीमा पनि तीन पटक पढ्नुहोस् । तपाईंको पृष्ठभूमि जानकारीको लागि मात्रै हो, विद्यार्थीहरूका लागि नपढ्नुहोस् । पृष्ठ सङ्ख्या बर्न टु फ्लाइ चित्र पुस्तकको लागि हुन् ।

शब्दहरूको साथमा बताइएको बर्न टु फ्लाइ पुस्तकको संस्करण इबुकको रूपमा www.borntoflybook.com मा उपलब्ध छ ।

**छोटो सारांश**

संसारमा जामुन रूख एउटा मात्रै किन बाँकी छ भन्ने कथा ठूलोबाले मञ्जरी र अनन्तलाई सुनाउँछ- कोही पनि मानिस नगएका उच्च पहाडहरूमा टाढा लुकाइएको छ । मञ्जरीले त्यो पत्ता लगाउने सपना देख्छिन् तर तिनी तयार भएकी छैनन् र सबैभन्दा पहिले उनी विद्यालय जानुपर्छ भनेर ठूलोबाले भन्छ । ठूलोबाको इच्छाविपरीत मञ्जरी आफ्नो सपना पछ्याउन गोप्य रूपमा आफ्नो गाउँबाट निस्कन्छिन् । यो अनौठो नयाँ संसारमा तिनले सपनाका हरेकको सपना चोर्ने कोसिस गर्ने दुष्ट चोरहरूबाट साँचो मित्रहरूलाई कसरी बताउने भनेर सिक्नुपर्छ ।

सबैभन्दा पहिले तिनीले भिन्नता बताउन सक्थिन् तर चाँडै तिनीले सपनाका चोरहरूमाथि विश्वास गरिन्, जसले तिनलाई तुरुन्तै अपहरण गरे । तिनको कैदको समयमा तिनीले गल्ती गरिन् भनेर थाहा गरिन् । तिनले थाहा पाइन् कि (१) छनोटका परिणामहरू हुन्छन्, (२) तिनका साँचो मित्रहरू को हुन् भनेर तिनीले चिन्नुपर्छ, (३) तिनी अद्वितीय, मूल्यवान र प्रेमको योग्य छिन्, (४) आफ्नो सपना पछ्याउनमा तिनी धैर्यवान्, मेहेनती हुनुपर्ने र सही समय पर्खनुपर्छ र (५) तिनी उड्न जन्मेकी हुन् र थोरै कुरामा सम्झौता गर्नुहुँदैन । मञ्जरी सपनाका चोरहरूबाट भागिन् तर तिनको ढाडमा पलाउँदै गरेका पखेटाहरूलाई देखेर तर्सिइन् । तिनी निरास भएर जामुनका बीउहरूबिना शर्माउँदै आफ्नो गाउँ फर्किइन् ।

तिनीले जामुन रूख फेरि खोज्ने कोसिस गर्न सक्छिन् तर पहिले तिनीले विद्यालयको पढाइ सिध्याएपछि मात्रै भनेर ठूलोबाले तिनलाई भन्छ । यो पाली तिनले उसको कुरा सुन्छिन् र आफ्नो दीक्षान्तपछि तिनी दोस्रो यात्रामा तयारीका साथ निस्किन्छिन् । तिनले फेरि मित्रहरू र शत्रुहरूको सामना गर्छिन् तर यो समयमा तिनी तयार थिइन् । तिनी सपनाका दुष्ट चोरहरूमाथि विजयी भइन्, जामुन रूख भेट्टाइन् र आफ्नो गाउँमा हरेकको लागि बीउहरू लिएर आइन् । मञ्जरीको सपना साँचो भयो ।

**पूर्ण पृष्ठ सारांश**

(पृष्ठ सङ्ख्याले चित्र पुस्तकलाई उल्लेख गर्छ।)

**चित्र पुस्तकको पृष्ठ ४:** ठूलोबाले मञ्जरी र आफ्नो भाइ अनन्तलाई रातिको खाना दिन्छिन्। ठूलोबाले दिएको खाना अनन्तलाई मन पर्दैन: हाँगाको सुप। खानापछि मञ्जरी र अनन्तले सफा गर्न सहायता गरे र त्यसपछि ठूलोबाले उनीहरूलाई धेरैपहिले त्यो ठाउँमा जामुन रूखहरू उम्रने बारेमा कथा सुनाए। हरेक झुसिल्किराहरू खुसी थिए किनभने उनीहरूले खानाको लागि जामुन स्टिउ खान पाउँथे।

**पृष्ठ ५:** ठूलोबाले कथा बताउँदै जान्छ। एउटा हिउँद एकदमै चिसो थियो र पूरै रूखहरूलाई छोप्ने गरी धेरै हिउँ खस्यो। त्यहाँ खानको लागि थोरैभन्दा थोरै जामुनको फल थियो।

**पृष्ठ ६-७:** साना झुसिल्किराहरू धेरै भोका थिए भनेर ठूलोबाले व्याख्या गरे। हरेकलाई यस्तो चिसो भएको थियो कि उनीहरूले आफूलाई तातो राख्न जामुन रूखहरू काटे। त्यो दिनदेखि कालो बादलले भूमिलाई ढाक्यो, भूमि निरास भएझैं थियो। स्टिउ बनाउन त्यहाँ धेरै जामुन रूखहरू वा जामुन फल थिएन भनेर ठूलोबाले व्याख्या गरे। झुसिल्किराले हाँगाको सुप बनाउन साना हाँगाहरू बटुल्नुपर्यो। तर घामकिराले अझै पनि जीवित एउटा जामुन रूख भेट्टाए। उनले त्यो रूखबाट बीउ बचाए र त्यसलाई उच्च पहाडमा लगेर रोपे।

**पृष्ठ ८-९:** हप्तापछि हप्ता, वर्षपछि वर्ष रूख उच्च पहाडमा निरन्तर हुर्कियो। जब पूर्ण चन्द्रमा भयो, रूख फुल्यो र जामुन फल फलायो– तर उच्च पहाडमा त्यो खान कोही पनि थिएन। यति भनेर ठूलोबाले कथा सिध्याए। मञ्जरी र अनन्त धेरै थाकेका छन्। मञ्जरीले अनन्तलाई उसको खाटमा घचेट्छिन् र त्यसपछि उनी पनि आफ्नो ओछ्यानमा जान्छिन्।

**पृष्ठ १०-११:** मञ्जरी आफूलाई मन पर्ने व्ल्याङ्केटमा गुटुमुटु हुन्छिन् र सुत्छिन्। उनको झ्यालबाहिर टाढा उच्च पहाडहरू छ। घामकिराले मञ्जरीको झ्यालमा बिस्तारै हावाले हान्छ र मञ्जरीले उच्च पहाडहरूमा गइरहेको सपना देख्छिन्। घामकिराले तिनलाई त्यहाँ लैजान्छ, संसारमा जामुन रूख भएको स्थानमा। त्यो देखेर मञ्जरी धेरै खुसी हुन्छिन्। हरेक रात घामकिराले मञ्जरीलाई उच्च पहाडमा जामुनको रूख देखाउन लैजान्छ।

**पृष्ठ १२-१३:** दिनको समयमा मञ्जरीले जामुन रूखतिर घुम्न गएको बारेमा सोच्छिन् र रोप्नको लागि जामुनका बीउहरू ल्याउने सपना देख्छिन् ताकि हरेकले जामुनको स्टिउ फेरि पनि पाउन सकून्। हरेक रात तिनीले आफ्नो विशेष व्ल्याङ्केटमा आफैंलाई बेह्रिन् र उच्च पहाडहरूमा गइरहेको बारेमा सोच्थिन्। हरेक बिहान मञ्जरीले आफ्नो व्ल्याङ्केट पट्याउँइन्, ठूलोबालाई बिदाको चुम्बन गर्थिन् र झुसिल्किराको विद्यालयमा जान्थिन्।

**पृष्ठ १४:** मञ्जरीले विद्यालयमा ध्यान केन्द्रित गर्ने कोसिस गर्छिन् तर तिनले जामुन रूख खोजिरहेको बारेमा मात्रै सोच्न सकिन्। अन्य झुसिल्किराहरूले तिनलाई जिस्काउँछन्। दिउँसो खानाको लागि साना हाँगाहरू बटुल्थिन्– र उच्च पहाडहरूमा गइरहेको बारेमा सोच्थिन्।

**पृष्ठ १५:** एक रात मञ्जरीले अनन्तलाई शुभ रात्रीको चुम्बन गरेपछि घामकिराले उनलाई कसरी उच्च पहाडहरूमा लैजान्छ भनेर ठूलोबालाई बताइन्। तिनी जामुन रूख खोज्न र हरेकलाई खानको लागि फल ल्याउन चाहन्छिन् भनेर बताउँछिन्।

**पृष्ठ १६-१७:** मञ्जरी विद्यालयमा नै रहनुपर्छ भनेर ठूलोबाले बताउँछिन् । तिनी अझै सानै छिन् । झुसिल्किराको विद्यालय सकेपछि तिनी जामुन रूख खोज्ने कोसिस गर्न सक्छिन् । ठूलोबाले मञ्जरीलाई अन्य झुसिल्किराहरूका बारेमा बताउँछ, जसले विगतमा जामुन रूख खोज्ने कोसिसमा गाउँ छोडेका थिए । उनीहरूले जामुनको बीउको साथमा फर्कने प्रतिज्ञा गरेका थिए तर त्यसको साटो उनीहरू महत्त्वहीन कुराहरूको साथमा फर्केका थिए, जसले उनीहरूलाई बाहेक कसैलाई सहायता गरेन ।

**पृष्ठ १८-१९:** मञ्जरी अझै पनि जान चाहन्थिन्, त्यसैले ठूलोबाले उनलाई आफ्नो कार्यालयमा लगे र उनले देखाउन लागेको कुराको बारेमा कसैलाई पनि नबताउने प्रतिज्ञा गर्न लगाए । ठूलोबाले कार्पेट ताने, पुराना इँटाहरू निकाले र भित्र गए । उनले निकै पुरानो सामान निकाले र मञ्जरीको हातमा राखिदिए । अनौठो लेखाइ र नक्साहरू भएको त्यो मूठो खोलिन् ।

**पृष्ठ २०-२१:** मञ्जरी र ठूलोबालाई मूठोमा भएको तस्वीरहरूको अर्थ थाहा थिएन । मञ्जरीले पुरानो कपडामा हेरिन्, जुन मुठोको वरिपरि बेरिएको थियो र उनी तिनको उमेरमा पुग्दा त्यो उसको ब्ल्याङ्केट थियो कि भनेर सोधिन् । निरासपूर्वक उसले हो भन्यो । उसले त्यसलाई मुठोको वरिपरि बेह्र्यो र त्यसलाई लुकाइएको स्थानमा राख्यो । जब कसैले मुठोमा भएको पहेली सुल्झाउँछ, अँध्यारो बादलहरू हट्नेछ भनेर ठूलोबाले मञ्जरीलाई बतायो । यसले तिनलाई गाउँको ढोकाबाहिर भएको सपनाका चोरहरूका बारेमा पनि चेतावनी दिए । उनीहरूले हरेकको सपना चोर्ने चाहना गर्छन् । उनीहरूले तिनलाई झुट बोल्छन्, छल गर्छन् र उनीबाट चोर्नेछन् ।

**पृष्ठ २२-२३:** ठूलोबाले फेरि पनि मञ्जरीलाई विद्यालयमा बस्न र तिनको दीक्षान्तपछि उनको अनुमतिमा तिनले जामुन रूख खोज्ने कोसिस गर्न सक्छिन् भनेर बताए । निरास भएर मञ्जरी सुत्नको लागि तयार हुन आफ्नो कोठामा गइन् । उनले अनन्तलाई शुभरात्रीको चुम्बन गरिन्— र उ बिरामी भएको थाहा पाइन् । तिनी चिच्याइन् र ठूलोबालाई बोलाइन् । डाक्टरहरू घरमा आए र अनन्तलाई औषधी दिए ।

**पृष्ठ २४-२५:** अनन्तले हरेक रात हाँगाको सुपबाहेक केही अन्य कुरा खानु आवश्यक छ भनेर मञ्जरीले ठूलोबालाई भनिन् । उसलाई जामुन फलको स्टिउको आवश्यक छ । तिनी रूख खोज्न उच्च पहाडहरूमा जान चाहन्थिन् ताकि अनन्त निको होस् । ठूलोबाले भने हुँदैन, अनन्तले औषधी खानेछ र निको हुनेछ र मञ्जरी विद्यालयमा नै बस्नुपर्छ । त्यो रातमा मञ्जरी आफ्नो ब्ल्याङ्केटमा गुटुमुटिइन् र झ्यालबाहिर उच्च पहाडहरूमा हेरिन् । जामुन रूख त्यहीँ कतै छ भनेर तिनलाई थाहा छ र तिनले त्यो खोज्नैपर्छ । चुपचाप तिनी ठूलोबाको कार्यालयमा गइन् र उनको मुठो लिइन् र तिनी जाँदैछिन् र चाँडै नै फर्केर आउनेछु भनेर नोट लेखिन् ।

**पृष्ठ २६-२७:** मञ्जरी गाउँका ढोकाहरूबाट बाहिर निस्किइन् र आफ्नो लामो यात्रा सुरु गरिन् । तिनले आफ्नो साथमा खानेकुरा ल्याउन बिर्सिएको कुरा बिहान थाहा गरिन्, त्यसैले तिनले खानको लागि साना हाँगाहरू बटुल्न थालिन् । अचानक तिनले आवाज सुनिन् । उनी रूखको काण्डमा लुकिन् र दुईवटा अनौठा प्राणीहरू देखिन् । ठूलोबाले चेतावनी दिएको सपनाका चोरहरू उनीहरू हुन् कि भनेर तिनले विचार गरिन् । दुई प्राणीले आफैंलाई मञ्जरीसँग परिचय गराए । तिनीहरू साना किरा र चेपागाँडा थिए । उनीहरू पनि जामुन रूख खोजिरहेका थिए र उनीहरूका सपना साँचो हुन पर्खिरहेका थिए भनेर थाहा पाएर अचम्ममा परिन् । साना किराले एक दिन गीत गाएको सपना देखेको थियो र चेपागाँडामाथि उफ्रन चाहन्थ्यो । उनीहरूले मिलेर यात्रा गर्ने निर्णय गरे ।

**पृष्ठ २८-२९:** मित्रहरूले केही झुसिल्किराहरूलाई भेटे । उनीहरूले जामुन रूख पाएका थिए कि भनेर झाउँकिरीले सोध्यो र उनीहरूले केही राम्रो कुरा पाएका छन् भन्दै उनीहरूले बोकेका सामानहरू देखाए । सामानहरू प्रयोगहीन छन् भनेर मञ्जरीले बताइन् र हरेकको सहायताको लागि जामुनको फल खोज्न उनीहरूले गाउँ छाडेको कुरा सम्झना दिलाइन् । अरू झुसिल्किराहरू उनीमाथि हाँसे । त्यो रात मञ्जरीले झाउँकिरी र चेपागाँडालाई सोधिन् कि उनीहरूसँग किन ब्ल्याङ्केट छैन ।

उनीहरूसँग ल्व्याङ्केट थियो भनेर उनीहरूले स्वीकार गरे तर उनीहरूले त्यसलाई महत्त्वहीन कुराहरूका लागि सपनाका चोरहरूसँग साटे। अर्को बिहान उनीहरूले एउटा खोला तर्नुपर्थ्यो। चेपागाँडाले पौडिएर पार गर्यो र झाउँकिरी चट्टानमा उफ्रियो। त्यहाँ माथि पुल छ, जहाँबाट मञ्जरीले खोला तर्न सक्छन् र उनीहरू त्यहाँ उनलाई भेट्नेछन् भनेर झाउँकिरीले बतायो। मञ्जरी हिँड्न सुरु गरिन् तर चाँडै नै हराइन्।

**पृष्ठ ३०-३१:** दयालु बुढी स्त्रीले मञ्जरीलाई केही नयाँ जुत्ताहरू दिइन्। मञ्जरीले त्यो लगाउने कोसिस गरिन् तर त्यसको मूल्य तिर्न तिनीसँग पैसा थिएन। स्त्रीले तिनीसँग उनको मुठो वा ब्ल्याङ्केट मागिन्— र स्त्री सपनाको चोर हो भनेर मञ्जरीले तुरुन्तै थाहा पाइन्। तिनले जुत्ता फुकालिन् र त्यो स्त्रीतिर फालिदिइन्, जो भागिन्। रात नपरेसम्म मञ्जरी हिँडिरहिन्। कुन बाटो भएर जाने हो भनेर तिनलाई थाहा थिएन। सहायताको लागि तिनले ठूलोबाको मुठो पढिन् तर अझै पनि त्यो बुझ्न सकिनन्। अन्त्यमा उनी आफ्नो ल्व्याङ्केटमा गुटमुटिइन् र सुतिन्।

**पृष्ठ ३२-३३:** अर्को बिहान सानो झुसिल्किराले मञ्जरीलाई नक्सा देखायो। उ सपनाको चोर हो भनेर मञ्जरीले सोचिन् तर झुसिल्किराले भन्यो कि नक्सा झाउँकिरीले दिएको हो र तिनले आफ्नो ल्व्याङ्केटको सानो टुक्रा दिने हो भने त्यो तिनलाई दिनेछन्। मञ्जरीले त्यो सम्झौता गरिन् तर त्यो नक्सा व्यर्थको छ भनेर चाँडै थाहा पाइन्। निरासपूर्वक तिनले सपनाको चोरको झुटमा विश्वास गरेको थाहा गरिन् र त्यसको कारण आफ्नो ल्व्याङ्केटको टुक्रा गुमाइन्। मञ्जरी निरन्तर हिँडिन् र अन्त्यमा पुल देखिन्। झाउँकिरी र चेपागाँडालाई खोज्न तिनले त्यो पुल तरिन्, जो पारिपट्टी उनलाई पर्खिरहेका थिए। तिनीहरूले उनलाई साँचो नक्सा देखाए।

**पृष्ठ ३४:** झाउँकिरी र चेपागाँडाले मञ्जरीलाई ठूलोबाको मुठोपछाडि उनीहरूको नक्सा सार्न दिए। मित्रहरूले उच्च पहाडको नजिकै पछि भेट्ने सहमति गरे। झाउँकिरी र चेपागाँडाले आफ्नो यात्रा पानीबाट जारी राखे जबकि मञ्जरीले जमिनबाट- यो समय नक्सा लिएर।

**पृष्ठ ३५:** दिनदिनै रातपछि रात मञ्जरीले यात्रा गरिन्। तिनी बाटोमा केही कुरा खान रोकिन्थिन् र जामुन रूख खोज्न आएका धेरैलाई भेटिन् तर अब तिनी धेरै सावधान भइन् कि उनीहरूमध्ये केही सपनाका चोरहरू पनि हुन सक्छन्।

**पृष्ठ ३६-३७:** एक साँझ मञ्जरीले बिरालोलाई भेटिन्, जसले तिनलाई एउटा हाँगा देखायो। यो हाँगा खानको लागि होइन तर तिनले त्यसमा पानी हालिन् भने त्यो जामुन रूखमा वृध्दि हुनेछ भन्यो। मञ्जरीलाई शङ्का लाग्यो तर उसले भनिरहेको कुरा साँचो हो कि भनेर हाँगाको लागि आफ्नो ल्व्याङ्केटको टुक्रा साट्ने निर्णय गरिन्। हाँगा चाँडै मर्यो र फेरि पनि सपनाको चोरले उसलाई झुटो बोलेको कुरा तिनले थाहा पाइन्। व्यर्थका कुराहरूसँग आफ्नो ल्व्याङ्केटको भाग तिनले सम्झौता गरेको कुरामा उनी कति मूर्ख थिइन् भनेर मञ्जरीले सोचिन्। ठूलोबाको मुठोको पछाडि तिनले आफैंलाई सम्झाउन केही कुराहरू लेखिन्। सपनाका चोरहरूले तिनलाई छल गर्ने कोसिस गरिरहेका थिए। तिनले मुठोको पछाडि आफैंलाई बलियो बनाउन र तिनीहरूका झुटमा विश्वास नगर्न केही कुरा बनाइन्।

**पृष्ठ ३८-३९:** एक मध्य रातमा एउटा मानिसले मञ्जरीलाई लाल्टिन दियो- र उसले त्यसको लागि कुनै पैसा लिएन। लाल्टिनमा भर्न निःशुल्क तेल कसैले दिनेछ भनेर उसले भन्यो। जब तिनले त्यो दिशा पछ्याइन्, सपनाका चोरहरूले तिनलाई घेरे, तिनको ल्व्याङ्केट र मुठो चोरे र तिनलाई पर ताने। सपनाका चोरहरूले मञ्जरीलाई पर्खालपछाडि बन्द गरे र उनलाई त्यहीँ बन्द गरे। मञ्जरीले त्यहाँबाट निस्कने केही बाटोहरू हेरिन्, तिनले जमिन खनिन, त्यसपछि आफैंलाई पर्खालमा भएको प्वालबाट निस्कने बनाउने कोसिस गरिन् तर उनको लागि त्यो निकै सानो थियो। त्यहाँ कुनै बाटो थिएन।

**पृष्ठ ४०-४१:** मञ्जरीले आफूलाई कैद गरिएको पर्खालभित्र एउटा रूख भएको थाहा पाइन्। रूखमा झुण्डिएका कुराहरू जुत्ताहरू, टेलिभिजनहरू, सेल फोनहरू, क्यामेराहरू र अन्य सामानहरू थिए। बाहिर निस्कने कुनै बाटो नभएको हुनाले

मञ्जरी रूख चढिन् । सपनाका चोरहरूले तिनी र अन्यलाई छल गर्न र भुलाउन ती सामानहरू प्रयोग गरेका थिए भनेर थाहा पाइन् ।

**पृष्ठ ४२-४३:** मञ्जरी निकै थाकेकी थिइन् र आफ्नै ओछ्यानमा हुन चाहन्थिन् । तिनीसँग आफ्नो व्ल्याङ्केट पनि थिएन किनभने सपनाका चोरहरूले तिनलाई अपहरण गर्दा त्यो पनि चोरेका थिए । तिनी हाँगामा नै सुतिन् । तिनी घामकिरालाई खोज्न उठिन्- तर खुसी हुनुको साटो मञ्जरी अचम्ममा परिन् किनकि पूर्ण रूपमा पीडादायी काँडाले नढाकिएसम्म उनी त्यसको हाँगाले बेरिएका थिए । सपनाका चोरहरूले मञ्जरीलाई खोजे तर तिनलाई पाउन सकेनन् ।

**पृष्ठ ४४-४५:** हाँगाभित्र  मञ्जरीले के गल्ती गरेकी थिइन् भनेर याद गरिन्: तिनले ठूलोबाको आज्ञापालन गरिनन्, जसले उनी विद्यालयमा बसेको चाहेका थिए र तिनले सपनाका चोरहरूसँग व्ल्याङ्केटको टुक्राहरूसँग सम्झौता गरिन् । आफूले धेरै गल्तीहरू गरेको र गलत निर्णयहरू गरेको थाहा पाइन् र तिनले पछुतो गरिन् । घामकिरा आयो र मञ्जरीभित्र बन्द भएको हाँगा वरिपरि छोपिदिए र मञ्जरीको व्ल्याङ्केट उनलाई फिर्ता दिए । मञ्जरीले दिनदिनै पर्खिइन् र घामकिरा सधैं त्यहीँ थियो ।

**पृष्ठ ४६-४७:** एक दिन सही समयमा मञ्जरीले हाँगा छोड्न सुरु गरिन् । तिनीले आफ्नो सारा शक्तिले हान्नु र धकेल्नुपर्थ्यो किनभने हाँगा निकै कडा छ । जब तिनी बाहिर आइन्, आफ्न सङ्घर्षबाट तिनी थाकेकी थिइन्, त्यसैले उनी निदाइहालिन् । तिनी परिवर्तन भएकी छिन् भनेर तिनले ध्यान दिएकी थिइन् । मञ्जरी उठिन् र सपनाका चोरहरू फर्केर आएको सुनिन् । उनीहरूले तिनलाई पत्ता लगाउनेछन् भनेर तिनलाई थाहा छ । तिनी चाँडो रूखबाट झरिन् ।

**पृष्ठ ४८-४९:** सपनाका चोरहरूले तिनीहरू उनलाई खोज्न चाहन्छन् किनकि तिनले मुठोमा भएका तस्वीरहरू व्याख्या गर्न सक्छिन् भनेका कुरा मञ्जरीले सुनिन् । तिनी भाग्नैपर्छ भनेर तिनलाई थाहा थियो । तिनले पर्खालमा प्वाल भेटिन्, जसमा तिनी पहिले पनि कोच्चिने कोसिस गरेकी थिइन् । त्यो बेलामा तिनी निकै ठूली थिइन् तर तिनले फेरि कोसिस गरिन् । सपनाका चोरहरूले ढोका खोल्दा मञ्जरी प्वालमा कोचिइन् । मञ्जरी पर्खालको अर्को भागमा एक पटक पुगेपछि कुन बाटो भएर आफू भाग्ने भनेर तिनलाई थाहा थिएन । तिनका पखेटाहरू कसैले पनि देखेको उनी चाहँदैनथिन्, त्यसैले तिनले त्यसलाई व्ल्याङ्केटभित्र लुकाइन् । तिनी खोलामा थाकेर नपुगुञ्जेल हिँडिरहिन् ।

**पृष्ठ ५०-५१:** मञ्जरीले आफ्नो प्रतिबिम्ब खोलामा हेरिन् र उनको ढाडमा के पलाएको छ भनेर देखेर अचम्ममा गरिन् । तिनले त्यस्तो कुरा कहिल्यै पनि देखेकी थिइन् र तिनी लाजले रोइन् । जब तिनले अरू आएको सुनिन्, उनी लुकिन् । सपनाका चोरहरूले तिनलाई खोजिरहेका छन् भनेर तिनीहरूले भनेको मञ्जरीले सुनिन् । तिनीसँग छनोट छ भनेर तिनलाई थाहा भयो: तिनले जामुन रूख खोज्ने कोसिस गर्न सक्छिन् वा तिनी ठूलोबा र अनन्तकहाँ घर फर्कन सक्छिन् ।

**पृष्ठ ५२-५३:** मञ्जरीले आकासमा हेरिन् र त्यहाँ पूर्ण चन्द्रमा थिएन । चन्द्रमा पूर्ण भएको समयमा मात्रै जामुन रूख फल्छ भनेर तिनलाई थाहा थियो- त्यसैले तिनले पर्खनुपर्नेछ । तिनी घरमा फर्कन चाहँदैनथिन् किनभने ठूलोबाको आज्ञापालन नगरेको हुनाले तिनले दिक्क मानिरहेकी थिइन् तर तिनको लागि कुनै विकल्प थिएन । उनले घर फर्कने लामो बाटोमा हिँड्न सुरु गरिन् । अन्त्यमा मञ्जरी गाउँका ढोकाहरूमा पुगिन् । उनी भित्र पस्न हिचकिचाइन् किनभने हरेकले के भन्नेछन् भनेर तिनलाई थाहा थिएन । जब अन्य झुसिल्किराहरूले तिनलाई देख्छन्, तिनीहरू हाँस्नेछन् किनभने उनी भिन्न देखिएकी छिन् । तैपनि ठूलोबाले उनलाई दौडेर आएर अङ्गाले ।

**पृष्ठ ५४:** ठूलोबाले मञ्जरीलाई अङ्कमाल गर्यो । उनी कसरी गइन् भनेर उनलाई बताइन् र अनन्त कस्तो छ भनेर सोधिन् । अनन्त सुतिरहेको छ तर उनी तिनलाई हेर्न गइन् । जब तिनले उसलाई चुम्बन गरिन्, उ उठ्यो र चिच्याउन थाल्यो किनभने उनी अनौठो देखिएकी थिइन् भनेर उसले सोच्यो ।

**पृष्ठ ५५:** तिनले उसलाई सपनाका चोरहरूका बारेमा बताउँदा ठूलोबाले मञ्जरीलाई हाँगाको सुप दियो। तिनले ठूलोबाको मुठो लगेकी थिइन् भनेर स्वीकार गरिन् र सपनाका चोरहरूले त्यो तिनीबाट चोरेका थिए। तिनले सिकेकी महत्त्वपूर्ण पाठहरू आफैंलाई सम्झाउन तिनले मुठोको पछाडि के बनाइएकी थिइन् भनेर वर्णन गरिन्। एउटा कागजको टुक्रामा तिनले ठूलोबाको लागि ती बनाइन् र हरेकलाई व्याख्या गरिन्:

१. मरेको हाँगाको चित्र (जसको अर्थ छनोटका परिणामहरू हुन्छन्।)

२. झाउँकिरी र चेपागाँडा (तपाईंका साँचो मित्रहरू को हुन् भनेर चिन्ने।)

३. मञ्जरी र गहना (तपाईं अद्वितीय, मूल्यवान र प्रेमको योग्य हुनुहुन्छ।)

४. कोकुन (धैर्य, मेहेनत गर्ने र सही समय पर्खने।)

५. पुतली (तिनीसँग पखेटा थियो तर यो तस्वीरको अर्थ के वा किन हो भनेर तिनले बुझेकी थिइनन्।)

**पृष्ठ ५६–५७:** अर्को बिहानी झ्यालबाट केही अनौठो कुरा घाम आइरहँदा मञ्जरी र अनन्त आफ्नो ओछ्यानमा सुतिरहेका थिए। अनन्तले सबैभन्दा पहिले त्यो देख्यो र त्यसपछि त्यो कुरा बताउन मञ्जरीलाई उठायो। उनीहरू दुवैले ठूलोबालाई बताउन दौडिए र त्यसपछि बाहिर दौडिए। हरेकले सूर्यलाई हेरिरहे र अँध्यारो बादल हट्न सुरु भएको छ भन्ने थाहा पाएर आनन्दले हेरे। त्यहाँ अझै खानको लागि केही थिएन तर हाँगाको सुप, तैपनि मञ्जरीले हाँगाहरू बटुल्न र जामुन रूखको सपना देखेर दिउँसोको समय बिताइन्।

**पृष्ठ ५८-५९:** त्यो साँझ ठूलोबाले खानाको लागि हाँगाको सुप बनाए। मञ्जरीले अनन्तलाई खाटमा घँचेडी र उसले जामुन फलको स्टिउको बारेमा सोध्यो। मञ्जरीले जामुन रूखको बारेमा सपना देख्न रोक्न सकिनन्। रातमा पनि तिनी रूखतिर गइरहेको र जामुन फल र बीउहरू हरेकको लागि ल्याएको सपना देख्थिन्।

**पृष्ठ ६०-६१:** मञ्जरी फेरि रूख खोज्ने कोसिस गर्न चाहन्छिन् भनेर ठूलोबालाई तिनले भन्छिन्। तिनले यात्रामा महत्त्वपूर्ण पाठहरू सिकेकी थिइन् भनेर बताए र तिनले भनेको कुरा दोहोर्याए (पृष्ठ ५५)- र उनीहरूले मुठोको पछाडि भएको रहस्यमय तस्वीरहरू व्याख्या गरेका छन् भनेर तिनलाई बताए। जब मञ्जरीले यी पाठहरू सिकिन्, ती तस्वीरको अर्थ के हो भनेर तिनले पत्ता लगाइन् भनेर ठूलोबाले बताए, जसको कारण कालो बादल हट्न सुरु भएको थियो। तिनले पहेली सुल्झाएकी थिइन्। मञ्जरीले विद्यालयबाट दीक्षान्तसम्म पर्खन्छिन् भने तिनी जामुन रूख खोज्न फेरि कोसिस गर्न सक्छिन् भनेर ठूलोबाले प्रतिज्ञा गरे।

**पृष्ठ ६२-६३:** मञ्जरीले विद्यालयमा मेहेनेत गरिन्। तिनले जे गरे पनि जामुन रूखको बारेमा सोचिन्। यो समय तिनले यात्रामा आफूलाई चाहिने सामानहरू झोलामा राखेर तयारी गरिन्। अन्त्यमा तिनी झुसिल्किरा विद्यालयबाट दीक्षान्त हुने दिन पनि आयो। ठूलोबा र अनन्त गाउँको ढोकाहरूसम्म मञ्जरीसँग हिँड्दै आए र त्यहाँबाट तिनलाई बिदा गरे। यो पाली तिनी तयार थिइन्। झाउँकिरी र चेपागाँडाले एक पटक तिनलाई दिएको नक्सा तिनले बनाइन्। यो समयमा तिनले सपनाका चोरहरूलाई भेट्दा तिनीहरूसँग कुरा पनि गरिनन्।

**पृष्ठ ६४-६५:** मञ्जरीलाई छल गर्न सपनाका चोरहरूले कहिल्यै पनि छोडेनन्। अन्त्यमा तिनी पहिलो यात्रामा तरेकी त्यही पुलमा आइपुगिन्। जब मञ्जरीले पुल तरिन्, तिनले गीत गाएको सुनिन्। तिनी ढुङ्गाको पछाडि लुकिन् तर आफ्ना पुराना साथीहरू झाउँकिरी र चेपागाँडालाई देखेर अचम्ममा परिन्। झाउँकिरीको सपना पूरा भएको थियो। उ गाउन सक्थ्यो। चेपागाँडा अझै धेरै उफ्रन सक्दैनथ्यो। सपनाका चोरहरूले तिनलाई कसरी अपहरण गरेका थिए भनेर तिनले उनीहरूलाई बताइन्।

**पृष्ठ ६६-६७:** तिनी कसरी हाँगामा दिनदिनै कैद भइन् र अन्त्यमा तिनी बाहिर निस्किँदा कसरी भिन्नै देखिइन् भनेर झाउँकिरी र चेपागाँडालाई बताइन् । अब तिनी कस्ती देखिन्छिन् भनेर तिनीले हिचकिचाउँदै देखाइन् । तिनी लजाएकी थिइन् तर तिनी सुन्दर छिन् भनेर उनीहरूले सोचे । मञ्जरीले आफ्नो नक्सा झाउँकिरीलाई देखाइन् । सपनाका चोरहरूले तिनलाई कैदी बनाएको स्थानकै छेउबाट जामुन रूखतिर जाने हो भनेर तिनीहरूले थाहा पाए । तिनीहरूले राति यात्रा गरे र तिनीहरू यति नजिक भए कि उनीहरूले सपनाका चोरहरूले मञ्जरीको बारेमा कुरा गरिरहेको सुन्न सक्थे । सपनाका चोरहरूले उनीहरूलाई भेट्टाउन सक्छन् भनेर दुईजना साथीहरू सुत्दा एकजना सुरक्षाका लागि खडा हुन्थे । अन्त्यमा तिनीहरू उच्च पहाडमा पुगे, मञ्जरीले त्यहाँ चढ्दा झाउँकिरी र चेपागाँडा उनलाई त्यहीँ पर्खन भनिन् ।

**पृष्ठ ६८:** मञ्जरी जामुन रूख खोज्नको लागि उच्च पहाड चढ्नेछिन् र झाउँकिरी र चेपागाँडा सुरक्षाको लागि खडा हुने भनी मित्रहरूले निर्णय गरे । सपनाका चोरहरू तिनको पछि जाने कोसिस गरे भने झाउँकिरीले तिनलाई चेतावनी दिन गीत गाउनेछ । मञ्जरीले चढ्न सुरु गरिन् । अन्त्यमा तिनी भीरमा पुगिन् र तिनी र जामुन रूख बीचमा ठूलो उपत्यका रहेको थाहा पाइन् । तिनले त्यो टाढैबाट देख्थिन् तर त्यसलाई पार गर्न सक्दिनथिन् किनभने त्यो निकै ठूलो थियो । के गर्ने भनेर तिनीलाई थाहा थिएन । टाढा तिनीले जामुन रूख देख्न सक्थिन् । धेरै थाकेको हुनाले तिनी चाँडै सुतिन् ।

**पृष्ठ ६९:** अचानक उच्च पहाडमा चढ्दैगरेका सपनाका चोरहरूको आवाजले तिनी जागिन् । तिनीहरूबाट भाग्नको लागि उनीसँग कुनै स्थान थिएन । कहीँ पनि जाने ठाउँ नभएको हुनाले तिनीले गहिरो सास लिइन् र भीरबाट फाल हानिन् ।

**पृष्ठ ७०-७१:** मञ्जरी खसिन्, अचानक तिनले आफ्नो पखेटा चलाउन थालिन् र तिनी उड्न सक्छिन् भनेर थाहा पाइन् । तिनी सपनाका चोरहरू भएको भीरमा फर्किइन् । तिनलाई र तिनी उडेको देखेर उनीहरू अचम्ममा परे र उनी तिनीहरूलाई भीरबाट घचेट्न सक्थिन् । अन्त्यमा भीरमा मञ्जरीबाहेक कोही पनि थिएन । टाढा तिनले जामुन रूख देखिन् । तिनले आफ्नो पखेटाहरू चलाइन् र उडेर उपत्यका पार गरिन् र अन्त्यमा पूर्ण चन्द्रमामा उनी जामुन रूखसम्म् पुगिन् ।

**पृष्ठ ७२-७३:** मञ्जरीले सबैभन्दा पहिले जामुनको फल चाखिन् । तिनीले धेरैभन्दा धेरै खाइन् र बीउहरू आफ्नो व्ल्याङ्केटमा राखिन् । अन्त्यमा तिनी सुतिन् । बिहान मञ्जरी उठिन्, आफ्नो व्ल्याङ्केटमा बीउहरू जम्मा गरिन् र झाउँकिरी र चेपागाँडाकहाँ उडेर गइन् । तिनले उनीहरूसँग जामुनको बीउहरू बाँडिन् र त्यसपछि बाटोमा बीउहरू खसाल्दै घर उडेर फर्किइन् ।

**पृष्ठ ७४-७५:** जब मञ्जरी घर फर्किइन्, ठूलोबा र अन्य झुसिल्किराहरू उनलाई अभिवादन गर्न दौडिए । तिनले उनीहरूलाई जामुनको बीउ दिइन्, जुन उनीहरूले तुरुन्तै रोपे । बीउहरू उम्रन थाले र चाँडै पूरै भूमिभरि जामुनको रूखहरू भयो ।

**पृष्ठ ७६-७७:** फेरि पनि एक पटक हरेक घरमा जामुन फलका जारहरू छन् र मञ्जरीले आफ्नो परिवारको लागि जामुन स्टिउ बनाइन् । एक दिन तिनका पुराना मित्रहरू तिनलाई भेट्न आए- झाउँकिरी र चेपागाँडा, जो अब भ्यागुता भएका छन् । झाउँकिरीको नयाँ सोर एकदमै मीठो छ अनि उनी कन्सर्टमा गाउँछन् । त्यसपछि झुसिल्किराहरूले पार्टी मनाए, जहाँ हरेकले उनीहरूले चाहेको जामुनको स्टिउ खाए ।

**पृष्ठ ७८:** हरेक साना झुसिल्किराले ठूलोबाको मुठोपछाडि मञ्जरीले के लेखेकी थिइन् भनेर अध्ययन गरे ताकि तिनले यात्राको समयमा सिकेकी महत्त्वपूर्ण पाठहरू तिनीहरूले बुझ्न सकून् । चाँडै उपत्यका कोकुनहरू, पुतलीहरू र जामुन रूखहरूले भरियो ।

# धारणा पोस्टरहरू
# (सेसनहरू १-६)

पाठ्यक्रममा सङ्केत गरिएअनुसार हरेक सेसनका लागि तपाईंको सारांश र पुनरावलोकनमा प्रयोग गर्न पोस्टरहरू बनाउनुहोस्। पोस्टरबोर्ड वा अन्य ठूलो कागज प्रयोग गर्नुहोस्। अगाडिपट्टि सम्बन्धित सेसनको धारणा तल लेख्नुहोस्, त्यसको पछाडि पुनरावलोकन गर्ने प्रश्नहरू लेख्नुहोस्। तपाईंसँग सीमित समय छ भने तपाईंले यी पोस्टरहरू पूर्ण पाठ्यक्रमभन्दा सिकाउन प्रयोग गर्न सक्नुहुन्छ। (यी पोस्टरहरू www.born2fly.org मा पनि उपलब्ध छन्।)

सेसन १: छनोटका परिणामहरू हुन्छन्।

- यसले तपाईंलाई बेचिनबाट जोगाउँछ र सुरक्षित राख्छ भनेर कसरी थाहा पाउन सक्नुहुन्छ ?
- पर्खनुचाहिँ छनोट गर्नुको महत्त्वपूर्ण भाग कसरी हुन्छ ?
- मञ्जरीले गरेकी नराम्रा छनोट के थिए ?

सेसन २: तपाईंका साँचो मित्रहरू को हुन् भनेर चिन्ने।

- यसले तपाईंलाई बेचिनबाट जोगाउँछ र सुरक्षित राख्छ भनेर कसरी थाहा पाउन सक्नुहुन्छ ?
- तपाईंले चिनेको कसैको बारेमा तपाईंले सोच्न सक्नुहुन्छ, जो साँचो मित्र नहुन सक्छ ?
- शर्तहीन प्रेम भनेको के हो ? मित्रहरूले यो कसरी देखाउँछन् ?

सेसन ३: तपाईं अद्वितीय, मूल्यवान र प्रेमको योग्य हुनुहुन्छ।

- अद्वितीय हुनु भनेको के हो ? मूल्यवान हुनु भनेको ?
- कुनचाहिँ धेरै मूल्यवान छ- तपाईं वा ढुङ्गा ? तपाईं वा जुत्ताहरू ? तपाईं वा मोबाइल ?
- यसले तपाईंलाई बेचिनबाट जोगाउँछ र सुरक्षित राख्छ भनेर कसरी थाहा पाउन सक्नुहुन्छ ?

सेसन ४: धैर्य, मेहेनेत गर्नुहोस् र सही समय पर्खनुहोस्।

- तपाईंले केको लागि पर्खनुभएको छ ?
- तपाईं कसरी अधैर्य बन्नुहुन्छ, जब त्यो तपाईंको सपनामा आउँछ ?
- तपाईंले कुन सपनाको लागि मेहेनेत गर्नुहुन्छ ?

सेसन ५: तपाईं उड्न जन्मनुभएको थियो। थोरै कुरामा सम्झौता गर्ने होइन।

- उड्नुको अर्थ के हो ?
- कथामा मञ्जरीले कसरी थोरै कुरामा सम्झौता गरिन् ?
- तपाईंको सपना के हो ? तपाईंले कसरी थोरै कुरामा सम्झौता गर्नुहुन्छ ?
- मञ्जरीसँग सपना थियोः उड्ने। तपाईंको सपना के हो ?
- तपाईंको सपना पछ्याउन तपाईंले गर्न सक्ने असल छनोटहरू केके हुन् ?

# बेचबिखनसम्बन्धी जानकारीमुलक पोस्टरहरू
# (सेसन ६)

पाठ्यक्रममा देखाइएअनुसार हरेक सेसनको लागि तपाईंको सारांश र पुनरावलोकनमा प्रयोग गर्न वा तपाईंको समुदायमा देखाउन पोस्टरहरू बनाउनुहोस् । पोस्टरबोर्ड वा अन्य ठूलो कागज प्रयोग गर्नुहोस् । (यी पोस्टरहरू www.born2fly.org मा पनि उपलब्ध छन् ।)

पोस्टर १

तपाईं बेचिनुभयो वा लगिनुभयो भने के गर्नुहुन्छः

- लडाइँ गर्नुहुन्छ ।
- हरेस खानुहुन्न ।
- कुनै बाटो खोज्नुहुन्छ ।
- कुराकानी गर्न तपाईंले विश्वास गर्ने व्यक्ति खोज्नुहुन्छ ।

तपाईं खतरामा हुनुहुन्छ भनेर महसुस गर्नुभयो भने के गर्नुहुन्छः

- तपाईंका अभिभावकहरूलाई भन्नुहुन्छ ।
- तपाईंले आफ्ना अभिभावकहरूलाई भन्न सक्नुहुन्न भने सुरक्षित वयस्क वा तपाईंको शिक्षकलाई बताउनुहुन्छ ।
- तपाईंले सुरक्षित वयस्क पाउन सक्नुहुन्न भने सहायता पाउन यो ठेगाना प्रयोग गर्नुहोस्

............................ (तपाईंको क्षेत्रको लागि हटलाइन नम्बर र सम्पर्क जानकारी राख्नुहोस् । तपाईंले त्यो http://www.state.gov/j/tip/rls/other/2011/168859.htm मा पाउन सक्नुहुन्छ ।)

पोस्टर २

मानव बेचबिखन गर्नेहरू कस्ता देखिन्छन् ?

- मानव बेचबिखन गर्नेहरू जस्तो पनि देखिन सक्छन् ।
- तिनीहरूले तपाईंलाई छल गरेका वा चोट पुर्याउनेछन् भनेर तपाईंलाई भन्दैनन् ।
- तिनीहरू युवा वा बुढा पनि हुन सक्छन् ।
- तिनीहरू तपाईंले चिनेका कुनै व्यक्ति पनि हुन सक्छन् ।
- तिनीहरू तपाईंसँग विद्यालयमा जाने अर्को विद्यार्थी हुन सक्छन् ।

मानव बेचबिखन गर्ने व्यक्ति र साँचो मित्र बीचमा भएको भिन्नता तपाईंले कसरी बताउन सक्नुहुन्छ ?

- मित्रले तपाईंलाई झुटो बोल्दैन वा उनीहरूले पूरा गर्न नसक्ने प्रतिज्ञा गर्दैनन् ।

- मित्रको मनमा तपाईंको लागि असल चाहना हुन्छ, उनीहरूका आफ्नै होइनन् ।
- तपाईंले आफ्नो जीवनले विश्वास गर्ने व्यक्ति मित्र हो ।
- मित्रले तिनीहरूका कामहरूबाट तपाईंले उनीहरूमाथि विश्वास गर्न सक्छन् भनेर प्रमाणित गरेका हुन्छन्, उनीहरूका बोलीले मात्रै होइन ।

मानव बेचबिखन गर्नेहरूले बताउने झुटहरू केके हुन् ?

- वेट्रेस, मोडल वा केयरगिभरजस्तो काम कसरी पाउने भनेर म तिमीलाई देखाउन सक्छु ।
- तिमीलाई सहरमा पढाउन मसँग पैसा छ ।
- अर्को देशको भिषा पाउन म तिमीलाई सहायता गर्न सक्छु ।
- तिमीले मेरो कुरा माने तिम्रो परिवारलाई सहायता गर्न सक्नेछौ ।
- मसँग धेरै पैसा छ र म तिमीलाई केही दिन चाहन्छु ।
- तिमीले कमाएको पैसा तिम्रो परिवारमा पुग्नेछ ।
- तिम्रा मित्रहरूसँग पैसा र राम्रा कुराहरू छन्, तिमीले पनि किन कोसिस गर्दैनौ ?
- तिमीले मलाई सहायता गर र म तिमीलाई सहायता गर्नेछु । तिमीले मलाई विश्वास गर्न सक्छौ ।

पोस्टर ३

सुरक्षामा जिउनुको अर्थ के हो ?

- तपाईं शारीरिक हानिबाट स्वतन्त्र हुनुहुन्छ ।
- कसैले पनि तपाईंलाई धम्की दिँदैन ।
- तपाईं विद्यालय जान सक्नुहुन्छ ।
- तपाईंलाई शारीरिक, मानसिक वा यौनिक रूपमा कसैले पनि चोट पुर्याउँदैन ।
- स्वतन्त्रताको अर्थ तपाईंले चाहेको कुनै पनि कुरा तपाईंले गर्न सक्नुहुन्छ भन्ने होइन, त्यसमा पछ्याउनलाई सुरक्षित नियमहरू र सुरक्षित वयस्कहरू हुन्छन्, जसले तपाईंलाई निर्देशन दिन, डोर्याउन र मित्र हुन सहायता गर्न सक्छन् ।

कुनै पनि व्यक्ति दासत्वमा बाध्य पारिन वा बेचिन सक्ने विशेष तरिकाहरू केके हुन् ?

- कसैले तपाईंलाई भनेको झुटमा विश्वास गरेर ।
- कुनै कुरा सुन्दा धेरै सत्य लाग्न सक्छ ।
- देख्नमा गरिएका दाबी वा दिइएका कुराहरू साँचो हुन् कि होइनन् भनेर अनुसन्धान नगर्ने ।

कसैलाई दास बनाउनको लागि कुन व्यवहारहरू वा विश्वासहरूले सजिलो बनाउँछ ?

- उनीहरूले नराम्रा छनोटहरू गर्छन् ।
- उनीहरूले बेचबिखन गर्ने व्यक्तिले बताएको झुटमा विश्वास गर्छ ।

- बेचबिखन गर्नेहरू आफ्ना मित्रहरू भनी उनीहरूले विश्वास गर्छन् ।
- उनीहरूले बेचबिखन गर्नेहरूले भनेका कुरामा विश्वास गर्न चाहन्छन् ।
- आफ्ना सपनाहरू पूरा हुनको लागि उनीहरू अधैर्य हुन्छन् र त्यो पूरा गर्न सही समय पर्खने चाहना गर्दैन ।

पोस्टर ४

कोही बेचिन सक्ने चिन्हहरूः

- लामो समयसम्म विद्यालयमा कारणबिना अनुपस्थित
- नियमित रूपमा विद्यालयमा सहभागी हुन नसक्नु
- निरन्तर घरबाट भाग्ने
- बारम्बार अन्य सहरहरूमा यात्रा गरेको बारेमा उल्लेख गर्नु
- चोटपटक लागेको
- बेचबिखन गर्नेहरूबाट स्वामित्व वा ब्राण्डिङ उल्लेख गरिएका ट्याटुहरू
- निरास वा डराएको
- भोको र वातावरणको अवस्था वा वरिपरिको अवस्थाअनुसार सही लुगा नलगाएको
- लागुपदार्थ वा मद्यपानको लत देखाउने
- अचानक लुगा, व्यवहार वा सम्पत्तिमा परिवर्तन
- अन्य उही उमेरका बच्चाहरूभन्दा धेरै यौनिक ज्ञान भएको र यौनको बारेमा धेरै बताउनु
- केटासाथी हुनु, जो उमेरमा ठूलो छ (१० वर्षभन्दा ठूलो)
- नियन्त्रित व्यक्ति वा हाकिमले चलाउने र आफ्नो लागि बोल्न नसक्ने
- व्यक्तिगत समयतालिका, पैसा, परिचयपत्र, यात्राका कागजातहरूको नियन्त्रणमा कमी
- काममा वा कामबाट लगेर बेच्ने
- कर्मचारीलाई ऋण दिएर काम छोड्न असम्भव बनाउने
- कुपोषण, पानीको कमी वा कम गुणस्तरीय व्यक्तिगत सरसफाइ
- उपचार नगरिएको रोग वा बिरामी

पोस्टर ५

मानव बेचबिखन भनेको के हो ?

- बालबालिका वा वयस्कहरूको बाध्यात्मक दासत्व
- कसैलाई उसको चाहना विपरीत काममा लगाउनु
- दासत्वको श्रम वा यौन दासत्व

- दासहरू स्वतन्त्र हुँदैनन् र कसैले उनीहरूलाई उध्दार नगरेसम्म उनीहरू कहिल्यै स्वतन्त्र हुन सक्दैनन्।
- संसारका विभिन्न भागहरूमा ४ वर्ष उमेरका बालबालिकाहरू दासत्वमा छन्।
- बर्न टु फ्लाइका सामाग्री सिक्नाले तपाईंलाई बेचिनबाट बचाउन सक्छ।

नोकरको जीवन कस्तो हुन्छ ?

- यौन दास तथा दासीहरूको हरेक रात २०–४९ जना ग्राहकहरू हुन सक्छन्।
- उनीहरूलाई कुटिन्छ, दुर्व्यवहार गरिन्छ र आफ्ना मित्रहरू र परिवारबाट टाढा राखिन्छ।
- उनीहरूलाई पर्याप्त मात्रामा खान नदिने र उनीहरूसँग सम्पत्ति छ भने पनि निकै थोरै।
- लागुपदार्थ लिन उनीहरूलाई बाध्य पारिन सक्छ।
- उनीहरूले कहिल्यै पनि छोड्न सक्दैनन्, विरलै भाग्न सक्ने र उनीहरूलाई कैद गर्नेहरूले दिमागमा अरू नै कुरा राखिदिने
- उनीहरूसँग थोरै पैसा हुन्छ वा पैसा नहुन सक्छ।
- उनीहरू दुव्यर्वहार वा रोगबाट चाँडै मर्न सक्छन्।

# सेसन १: छनोटका परिणामहरू हुन्छन् ।

**स्रोतहरू र सामाग्रीहरूको सूची**: चित्र पुस्तकहरू, अगुवाको निर्देशिका, पुतली पोइन्टर (शिक्षकको नमुना, लठ्ठी, पुतलीको जीवन चक्र, रङ वा रङ्गीन कलमहरू, गम), सेसन १ को लागि धारणा पोस्टर

**सिकारू सेसनको लागि**: माथि उल्लेख भएका स्रोतहरू साथै नोटबुकहरू र पेनहरू वा कलमहरू

**कक्षाअघि**: पुतली पोइन्टर बनाउनुहोस् । लामो पातलो लठ्ठी ला पातलो काठको रडमा यी सामाग्रीहरू टाँस्नुहोस् । तपाईंले कथा बताउनुहुँदा चित्र पुस्तकमा भएका तस्वीरहरूलाई आफ्नो औंलाहरूले देखाउनुको साटो यो पुतली पोइन्टर प्रयोग गर्नुहोस् । पुस्तकमा भएका कुराहरू देखाउन वा यी पाठहरूमा प्रयोग भएका धारणा पोस्टरहरूमा देखाउन तपाईंले भिन्नै विद्यार्थीहरूलाई अह्राउन सक्नुहुन्छ ।

कथाको योजना पढेर कथासँग आफैंलाई परिचित गराउनुहोस् । **बालबालिकालाई कथाको योजनाको सारांश पढेर नसुनाउनुहोस् ।** तपाईं (वा एकजना सिकारू) ले तस्वीरहरू देखाउन पुतलीको पोइन्टर प्रयोग गर्नुपर्छ, कथा बताउनुहोस् र समय भएसम्म तल दिइएका सल्लाह दिइएका प्रश्नहरूको जवाफ दिन बालबालिकाहरूलाई निर्देशन गर्नुहोस् । तपाईंको विशेष समूहलाई उपयुक्त भएको तपाईंले सोच्नुभएका प्रश्नहरू छान्नुहोस्, तपाईंले सबै प्रश्नहरू सोध्नुपर्छ भन्ने छैन ।

**सेसन १ सुरु हुन्छ**: आफ्नो परिचय दिनुहोस् र समूहका सबै सहभागीहरूलाई अभिवादन गर्नुहोस् । हरेकलाई परिचय दिन लगाउनुहोस् वा तपाईंले उनीहरूको परिचय दिनुहोस् । विद्यार्थीहरू गोलाकारमा बस्छन् (कुर्सीमा वा भूइँमा) । तपाईंको पोइन्टरमा भएका सामाग्रीहरू कसैले चिन्छन् कि भनेर सोध्नुहोस् । तपाईंको पढ्ने पोइन्टरमा जोडिएका सामानहरू प्रयोग गर्दै पुतलीको जीवन चक्रको बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् । तपाईंको बर्न टु फ्लाइ (बी२एफ) पाठहरूको समयमा तपाईंले कसरी पोइन्टरको प्रयोग गर्नुहुन्छ भनेर व्याख्या गर्नुहोस् ।

चित्र पुस्तकको अघिल्लो ***कभर*** विद्यार्थीहरूलाई सोध्नुहोस्:

- यो जनावर कुन हो भनेर तपाईंलाई थाहा छ ? (झुसिल्किरा) झुसिल्किराको बारेमा तपाईंलाई के थाहा छ ?
- शीर्षकमा भएको कुनै पनि शब्दहरू तपाईंले पढ्न सक्नुहुन्छ ? (तपाईंको भाषामा शीर्षक हेर्नुहोस्, त्यो त्यहाँ छैन भने त्यसलाई तपाईंको भाषामा लेख्नुहोस् ।)
- बर्न टु फ्लाइ शीर्षकको अर्थ के होला ?

***पृष्ठ ३*** तपाईंले अब मिलेर पढ्न लाग्नुभएको किताब अनौठो छ भनेर व्याख्या गर्नुहोस् किनभने त्यसमा कुनै शब्दहरू छैनन् । त्यसको अर्थ हरेकले त्यो पढ्न सक्छन् र समूहलाई मन लाग्छ भने उनीहरूले नै चरित्रहरूको नाम दिन सक्छन् । हरेक पृष्ठमा सोध्नको लागि सल्लाह दिइएका प्रश्नहरू यहाँ छन् ।

याद राख्नुहोस्, तपाईंले यी सबै प्रश्नहरू सोध्नैपर्छ भन्ने छैन । तपाईंसँग उपलब्ध भएको समयमा मिलाउनुहोस् । प्रश्न सोध्न रोक्दा कथाको भाव हराउँछ भनेर तपाईंले पत्ता लगाउनुहुन्छ भने पहिलो पटकमा तपाईंले त्यो सबै कथा पढ्न सक्नुहुन्छ र त्यसपछि दोस्रो पटक पढ्दा प्रश्न सोध्नुहोस् ।

- तस्वीरको बीचमा भएको झुसिल्किराको केचाहिँ अनौठो कुरा छ ? (उ बुढो छ, उ कहिल्यै पनि पुतलीमा परिवर्तन भएको छैन ।)

- बीचमा भएको झुसिल्किराको नाम तपाईंले के राख्नुहुन्छ ? (नाम राख्न विद्यार्थीहरूलाई दिनुहोस् वा ठूलोबा भन्ने नाम प्रयोग गर्नुहोस्।)
- दाहिनेतिर भएको झुसिल्किराको नाम के होला ? (उसको कपाल सानो छ र टाउकामा क्लिप छैन, त्यो भाले झुसिल्किरा हो। उनीहरूले छानेको नाम वा अनन्त प्रयोग गर्नुहोस्।)
- देब्रेतिर भएको झुसिल्किराको नाम के होला ? (उसँग टाउकामा क्लिप छ, त्यो केटी झुसिल्किरा हो। उनीहरूले छानेको नाम वा मञ्जरी प्रयोग गर्नुहोस्।)

**पृष्ठ ४:** *(यो तपाईंको लागि पृष्ठभूमि जानकारी मात्रै हो, विद्यार्थीहरूका लागि नपढ्नुहोस्।) ठूलोबाले मञ्जरी र आफ्नो भाइ अनन्तलाई रातिको खाना दिन्छिन्। ठूलोबाले दिएको खाना अनन्तलाई मन पर्दैन: हाँगाको सुप। खानापछि मञ्जरी र अनन्तले सफा गर्न सहायता गर्छन् र त्यसपछि ठूलोबाले उनीहरूलाई लामो समय अगाडि त्यो ठाउँमा जामुन रूखहरू उम्रने बारेमा कथा सुनाउँछिन्। हरेक झुसिल्किराहरू खुसी थिए किनभने उनीहरूले खानाको लागि जामुन स्टिउ खान पाउँथे।*

यो पृष्ठमा भएको कथा बताउने तस्वीरहरू देखाउनुहोस्। विद्यार्थीहरूले सुरुमा माथिल्लो देब्रेतिरको कुनाको चित्र पढ्नुपर्छ। त्यसपछि दाहिनेतिरको अनि तलको चित्र पढ्नुपर्छ। पहिला दुई चित्रहरू देखाएर कथा भन्नुहोस्।

- उनीहरू के खाइरहेका छन् ? के उनीहरू त्यसमा खुसी छन् ? तपाईंले कसरी थाहा पाउनुभयो ?
- माकुराको बारेमा मलाई बताउनुहोस्। त्यो दराजमा के जानुपर्थ्यो ?
- अर्को तस्वीरको बारेमा मलाई बताउनुहोस्। तपाईंले खाना खाइसकेपछि भाँडा सफा गर्न कसरी सहायता गर्नुहुन्छ ?
- तल्लो तस्वीर: ठूलोबाले कथा बताइरहेको छ। (उसको टाउकोमाथि भएको बबलले उसले के सोचिरहेको वा भनिरहेको भनेर देखाउँछ।) जामुन रूखहरूको बारेमा परिचय दिनुहोस् र जामुन फलको भाँडाहरूले पूर्ण भएको दराज देखाउनुहोस्।

**पृष्ठ ५:** *ठूलोबाले निरन्तर कथा बताउँछ। एउटा शिशिर ऋतु एकदमै चिसो थियो र पूरै रूखहरूलाई छोप्ने गरी धेरै हिउँ खस्यो। त्यहाँ खानको लागि थोरैभन्दा थोरै जामुनको फल थियो।*

- दराजहरूमा हेर्नुहोस्। जामुन फललाई के भइरहेको थियो ?
- झ्यालमा भएका हिउँ र रूखहरूका बारेमा मलाई बताउनुहोस्। के भइरहेको थियो ? (तपाईंको देशमा हिउँ हुँदैन भने त्यो के हो भनेर व्याख्या गर्नुहोस्।)

**पृष्ठ ६-७:** *साना झुसिल्किराहरू धेरै भोका थिए भनेर ठूलोबाले व्याख्या गरिन्। हरेकलाई यस्तो चिसो भएको थियो कि उनीहरूले आफूलाई तातो राख्न जामुन रूखहरू काटे। त्यो दिनदेखि कालो बादलले भूमिलाई ढाक्यो, भूमि निरास भएझैं थियो। स्टिउ बनाउन त्यहाँ धेरै जामुन रूखहरू वा जामुन फल थिएन भनेर ठूलोबाले व्याख्या गरिन्। झुसिल्किराले हाँगाको सुप बनाउन साना हाँगाहरू बटुल्नुपर्यो। तर घामकिराले अझै पनि जीवित एउटा जामुन रूख भेट्टाए। उनले त्यो रूखबाट बीउ बचाए र त्यसलाई उच्च पहाडमा लगेर रोपे।*

- माथिल्लो दाहिने तस्वीरः जामुन फल गइसकेको छ भनेर विद्यार्थीहरूले थाहा पाएको निश्चित गर्नुहोस्।
- मञ्जरीको गाउँको नाम तपाईंले के राख्नुहुन्छ ? परको पहाड ? (उनीहरूले छानेको नाम वा कुसुम उपत्यका र उच्च पहाड प्रयोग गर्नुहोस्।)
- गाउँलेहरूले किन रूख काट्न थाले ? (चिसोले कठ्याङ्ग्रिएका झुसिल्किरा र आगोलाई देखाउनुहोस्।)

- तलका तस्वीरहरूः सूर्यलाई के भइरहेको थियो र किन ? (बादलले त्यसलाई ढाकेको थियो । यो कालो बादल हो भनेर व्याख्या गर्नुहोस् वा तपाईंको भाषामा केही उपयुक्त नाम दिनुहोस् ।)
- झुसिल्किराहरूले के सोचे र किन ?
- अरू तस्वीरहरूः तपाईंले के देख्नुहुन्छ ? (सेतो गोलाकार घामकिरा हो वा तपाईंको भाषामा केही उपयुक्त नाम दिनुहोस् ।) घामकिराले अन्तिम बीउ बचाउँछ ।

**पृष्ठ ८-९:** *हप्तापछि हप्ता, वर्षपछि वर्ष रूख उच्च पहाडमा निरन्तर हुर्कियो । जब चन्द्रमा पूरा भयो, रूख फुल्यो र जामुन फल फलायो– तर उच्च पहाडमा त्यो खान कोही पनि थिएन । यति भनेर ठूलोबाले कथा सिध्याइन् । मञ्जरी र अनन्त धेरै थाकेका छन् । मञ्जरीले अनन्तलाई उसको खाटमा घचेट्छिन् र त्यसपछि उनी पनि आफ्नो ओछ्यानमा जान्छिन् ।*

- चन्द्रमा पूर्ण भएको समयमा रूखलाई के हुन्थ्यो ? (जामुन रूख फुल्छ र चन्द्रमा पूर्ण भएको समयमा जामुन फल फल्छ ।)
- तपाईंले वास्ता गर्नुपर्ने र सुरक्षित गराउनुपर्ने साना भाइ वा बहिनी छ ?

**पुनरावलोकनः छनोट भनेको के हो ?** छनोट शब्दको अर्थ धेरै कुराबाट एउटा कुरा लिनु हो, जस्तैः लगाउनको लागि कुन सर्ट वा लुगा लगाउने भनेर छान्ने । केही छनोटहरू महत्त्वपूर्ण हुन्छन् । झुसिल्किराहरूले धेरै अगाडि छनोट गरेः तातो रहन जामुन फलका रूखहरू काट्ने वा नकाट्ने । जब हाम्रा छनोटहरूले हामीलाई वा अरूलाई चोट पुर्याउँछ, ती असल छनोटहरू होइनन् ।

- तपाईंको विचारमा ती झुसिल्किराहरूले असल छनोट गरेका छन् त ? त्यो किन खराब छनोट थियो ? त्यो छनोटबाट कसले चोट पाएका थिए ? (झुसिल्किराहरू भोकै सुत्नुपरेको थियो र कालो बादल आएर उनीहरूको संसारमा भएको रङ हटाएको थियो ।)

**पृष्ठ १०-११:** *मञ्जरी आफूलाई मन पर्ने ब्ल्याङ्केटमा गुटुमुटु हुन्छिन् र सुत्छिन् । उनको झ्यालबाहिर टाढा उच्च पहाडहरू थियो । घामकिराले मञ्जरीको झ्यालमा बिस्तारै हावाले हान्छ र मञ्जरीले उच्च पहाडहरूमा गइरहेको सपना देख्छिन् । घामकिराले तिनलाई त्यहाँ लैजान्छ, संसारमा जामुन रूख भएको स्थानमा । त्यो देखेर मञ्जरी धेरै खुसी हुन्छिन् । हरेक रात घामकिराले मञ्जरीलाई उच्च पहाडमा जामुनको रूख देखाउन लैजान्छ ।*

- घामकिराले मञ्जरीलाई कहाँ लगे ? (उच्च पहाडहरू, जहाँ मात्रै जामुनको रूख बाँकी भएको)
- एउटा जामुन रूख कसरी बच्यो ? (पुनरावलोकन ७; घामकिराले त्यो उच्च पहाडमा लगे ।)
- पूर्ण चन्द्रमाको महत्त्वपूर्ण कुरा के हो ? (जामुन रूख त्यही समयमा मात्रै फल्थ्यो ।)
- उच्च पहाडमा मञ्जरी खुसी थिइन् भनेर तपाईंलाई कसरी थाहा भयो ? (जामुन फल त्यहाँ थियो र हरेकको लागि त्यो फर्काएर ल्याउने तिनले सपना देखिन् ।)
- चन्द्रमामा हेर्नुहोस् । आकारमा भएको परिवर्तनले तपाईंलाई के भन्छ ? (तिनी धेरै हप्ताहरूदेखि हरेक रात रूखतिर घुम्न जान्थिन् ।)

**पृष्ठ १२-१३:** *दिनको समयमा मञ्जरीले जामुन रूखतिर घुम्न गएको बारेमा सोच्छिन् र रोप्नको लागि जामुनका बीउहरू ल्याउने सपना देख्छिन् ताकि हरेकले जामुनको स्टिउ फेरी पनि पाउन सकून् । हरेक रात तिनले आफ्नो विशेष ब्ल्याङ्केटमा आफैंलाई बेह्रथिन् र उच्च पहाडहरूमा गइरहेको बारेमा सोच्थिन् । हरेक बिहान मञ्जरीले आफ्नो ब्ल्याङ्केट पट्याउँथिन्, ठूलोबालाई बिदाको चुम्बन गर्थिन् र झुसिल्किराको विद्यालयमा जान्थिन् ।*

- दाहिने तस्वीरः मञ्जरी के गरिरहेकी थिइन् ? (मञ्जरीको सपना छ । नोटः केही भाषामा सपना भन्ने शब्द रातको सपनाको लागि प्रयोग हुन्छ  साथै हाम्रा चाहना र लक्ष्यहरू पनि । तपाईंको भाषाअनुसार मिलाउनुहोस् ।)
- मञ्जरीको सपना के हो ? (जामुन बीउहरू ल्याउने ताकि गाउँलेहरूले त्यो उमार्न सकून् र जामुन स्टिउ फेरि खान सकून्)
- के मञ्जरीको विद्यालयको समय तालिका तपाईंको जस्तै छ वा भिन्न छ ?

**पृष्ठ १४:** *मञ्जरीले विद्यालयमा ध्यान केन्द्रित गर्ने कोसिस गर्छिन् तर तिनले जामुन रूख खोजिरहेको बारेमा मात्रै सोच्न सक्थिन् । अन्य झुसिल्किराहरूले तिनलाई जिस्काउँछन् । दिउँसो खानाको लागि साना हाँगाहरू बटुल्थिन्– र उच्च पहाडहरूमा गइरहेको बारेमा सोच्थिन् ।*

- जब मञ्जरी विद्यालयमा थिइन्, झ्यालबाहिर हेर्दा तिनले केको बारेमा सोच्थिन् ?

**पुनरावलोकनः सपना भनेको के हो ?** हरेक रात मञ्जरीसँग विशेष सपना हुन्छ तर तिनले दिनमा पनि सपना देख्छिन् । त्यसको अर्थ केही कुरा भएको तिनी यति चाहन्थिन् कि तिनले सबैजसो समय त्यसको बारेमा सोचिन् । तपाईंले रातमा देख्ने सपना र तपाईंको हृदयमा भएको सपनाको बीचमा के फरक छ ? (तपाईंको भाषाले त्यही शब्दहरू वा भिन्न शब्दहरू प्रयोग गर्छ भने त्यसलाई मिलाउनुहोस् ।)

- मञ्जरी र अन्य झुसिल्किराहरू बीचमा भएका केही भिन्नताहरू केके हुन् ? (उनीहरूले हरेक रात हाँगाको सुप खानुपर्थ्यो, उनले खाँदिनथिन् । तिनले जीवनमा केही धेरै कुराको सपना देखिन्, उनीहरू त्यहीँ नै रहे ।)
- के तपाईंको हृदयमा सपना छ ?

**क्रियाकलापः** यो क्रियाकलापको लागि बालबालिकालाई सामानहरू लिन उठ्न अनुमति दिनुहोस् । तपाईंको पुतलीको पोइन्टर विद्यार्थीहरूलाई देखाउनुहोस् । विद्यार्थीहरूलाई ती बनाउन सहायता गर्नुहोस् (माथि दिइएको *कक्षाअघि*मा दिइएको उदाहरण हेर्नुहोस्) । यहाँ मञ्जरी कस्तो प्रकारको प्राणी हो भनेर विद्यार्थीहरूसँग पुनरावलोकन गर्नुहोस् । तिनी परिवर्तन हुनेछिन् भनेर तिनीहरूले विश्वास गर्छन् कि ? तिनी केमा परिवर्तन हुन्छिन् भनेर सोध्नुहोस् । मानिसहरू पनि पुतलीजस्तै परिवर्तन हुन्छन् कि भनेर सोध्नुहोस् । पढ्ने गोलाकारमा बालबालिकाहरूका पढ्ने पोइन्टर फिर्ता ल्याउन उनीहरूलाई भन्नुहोस् । कथा बताउन सहायता गर्न सेसनको अर्को आधामा तस्वीर देखाउन अह्राउँदा हरेक बालकले आफ्नै पोइन्टर प्रयोग गर्न सक्छन् । बालबालिकाले सजिलो महसुस गर्दा उनीहरूले छुटाएका कुनै कुरा थपेर उनीहरूले देख्ने पृष्ठमा कथा भन्न बोलाउनुहोस् ।

**पृष्ठ १५:** *एक रात मञ्जरीले अनन्तलाई शुभ रात्रीको चुम्बन गरेपछि घामकिराले उनलाई कसरी उच्च पहाडहरूमा लैजान्छ भनेर ठूलोबालाई बताइन् । तिनी जामुन रूख खोज्न र हरेकलाई खानको लागि फल ल्याउन चाहन्छिन् भनेर बताउँछिन् ।*

- मञ्जरीले आफ्नो सपनाको बारेमा कसलाई भनिन् ?
- तिनको सपनामा चन्द्रमा किन पूर्ण हुन्छ ? (चन्द्रमा पूर्ण भएको समयमा मात्रै जामुन रूखमा फल लाग्छ, जुन बेला जामुन बीउ मञ्जरीले जम्मा गर्न सक्छिन् ।)

**पृष्ठ १६-१७:** *मञ्जरी विद्यालयमा नै रहनुपर्छ भनेर ठूलोबाले बताउँछिन् । तिनी अझै सानै छिन् । झुसिल्किराको विद्यालय सकेपछि तिनले जामुन रूख खोज्ने कोसिस गर्न सक्छिन् । ठूलोबाले मञ्जरीलाई अन्य झुसिल्किराहरूका बारेमा बताउँछ, जसले विगतमा जामुन रूख खोज्ने कोसिसमा गाउँ छोडेका थिए । उनीहरू जामुनको बीउको साथमा फर्कने भनी प्रतिज्ञा गरेका*

*थिए तर त्यसको साटो उनीहरू महत्त्वहीन कुराहरूको साथमा फर्केका थिए, जसले उनीहरूलाई बाहेक कसैलाई सहायता गरेन ।*

- मञ्जरी विद्यालयमा बसेको ठूलोबाले किन चाहन्थ्यो ? नोटः तपाईंको संस्कृतिमा दीक्षान्तको पोशाक भिन्नै हो भने संसारका केही भागहरूमा विद्यार्थीहरूले दीक्षान्तको समयमा विशेष पोशाकहरू लगाउँछन् भनेर व्याख्या गर्नुहोस् ।
- के मञ्जरी यसको बारेमा खुसी थिइन् । तपाईंले यो कसरी बताउन सक्नुहुन्छ ?
- एउटा झुसिल्किरा आफ्नो सपनाको बारेमा खुसी थिएन । यो झुसिल्किरा किन बेखुसी थियो ? (झुसिल्किराले व्यर्थका कुराको लागि आफूसँग भएको हरेक कुरामा सम्झौता गरेको थियो र जामुन फल पाएको थिएन ।)

**पृष्ठ १८-१९:** *मञ्जरी अझै पनि जान चाहन्थिन्, त्यसैले ठूलोबाले उनलाई आफ्नो कार्यालयमा लगे र उनले देखाउन लागेको कुराको बारेमा कसैलाई पनि नबताउने प्रतिज्ञा गर्न लगाए । ठूलोबाले कार्पेट ताने, पुराना इँटाहरू निकाले र भित्र गए । उनले निकै पुरानो कुरा निकाले र मञ्जरीको हातमा राखिदिए । अनौठो लेखाइ र नक्साहरू भएको त्यो मुठो उनले खोलिन् ।*

- यो पृष्ठमा कसले गोप्य कुरा खोलेको छ ? (ठूलोबा)
- ठूलोबाको गोप्य कुरा के थियो ? (लुकाइएको मुठो, जसमा रहस्यमय केही कुराहरू छ)

**पुनरावलोकनः विद्यालयमा बस्नु किन महत्त्वपूर्ण छ ?** ठूलोबाले मञ्जरीलाई प्रेम गर्थ्यो र विद्यालयमा बस्ने असल छनोट उसले गरेको चाहन्थ्यो । यो कुरा किन महत्त्वपूर्ण छ भनेर तिनलाई बुझ्न सहायता गर्न उसले विशेष गोप्यता उनीसँग खोलेको थियो । जीवनको लागि तयारी गर्न मञ्जरीको लागि विद्यालय सबैभन्दा राम्रो स्थान हो भनेर ठूलोबालाई थाहा छ, जहाँ उनी सुरक्षित छिन् । उनको परिवार र समुदायको लागि केही महत्त्वपूर्ण कुरा गर्न विद्यालयले उनलाई तयार गर्नेछ ।

- विद्यालयमा पढाइ सिध्याउन मञ्जरीलाई किन धेरै गाह्रो भयो ? (उनी अधैर्य थिइन् ।)
- पहिले नै विद्यालय छोडेका अन्य झुसिल्किराहरूलाई के भएको थियो ? (उनीहरूले जामुन रूख पाएनन् र बाटोमा जाँदा आफ्ना महत्त्वपूर्ण कुराहरू गुमाए ।)
- विद्यालयले कसैलाई चोट लाग्नबाट सुरक्षित र सफल पनि हुन कसरी सहायता गर्न सक्छ ? (तपाईंले सिक्नुहुन्छ, तपाईंलाई छल गरिंदैन, तपाईं बुध्दिमान बन्नुहुन्छ ।)

**पृष्ठ २०-२१:** *मञ्जरी र ठूलोबालाई मुठोमा भएका तस्वीरहरूको अर्थ थाहा थिएन । मञ्जरीले पुरानो कपडामा हेरिन्, जुन मुठोको वरिपरि बेरिएको थियो र उनी तिनको उमेरमा हुँदा त्यो उसको ब्ल्याङ्केट थियो कि भनेर सोधिन् । निरासपूर्वक उसले हो भन्यो । उसले त्यसलाई मुठोको वरिपरि बेह्रयो र त्यसलाई लुकाइएको स्थानमा राख्यो । जब कसैले मुठोमा भएको पहेली सुल्झाउँछ, अँध्यारा बादलहरू हट्नेछ भनेर ठूलोबाले मञ्जरीलाई बतायो । यसले तिनलाई गाउँको ढोकाबाहिर भएको सपनाका चोरहरूका बारेमा पनि चेतावनी दिए । उनीहरूले हरेकको सपना चोर्ने चाहना गर्छन् । उनीहरूले तिनलाई झुट बोल्छन्, छल गर्छन् र उनीबाट चोर्नेछन् ।*

- के ठूलोबा र मञ्जरीले मुठोको कुरा बुझे त ? (बुझेनन्, उनीहरू अन्योलमा परे ।)
- मुठोमा भएको पहेली सुल्झाएमा कालो बादल हट्नेछ भनेर ठूलोबालाई थाहा छ । ठूलोबाले मुठोलाई केले छोपेको छ ? (उसको पुरानो व्ल्याङ्केट)
- ठूलोबाले मञ्जरीलार्य केही कुराको बारेमा चेतावनी दिइरहेका छन् । (सपनाका चोरहरू, जसले मञ्जरीको व्ल्याङ्केट र तिनीबाट उनको सपना लिने कोसिस गर्नेछन् ।)

**पृष्ठ २२-२३:** *ठूलोबाले फेरि पनि मञ्जरीलाई विद्यालयमा बस्न र तिनको पढाइ सकेपछि उनको अनुमतिमा तिनले जामुन रूख खोज्ने कोसिस गर्न सक्छिन् भनेर बताए। निरास भएर मञ्जरी सुत्नको लागि तयार हुन आफ्नो कोठामा गइन्। उनले अनन्तलाई शुभरात्रीको चुम्बन गरिन्— र उ बिरामी भएको थाहा पाइन्। तिनी चिच्याइन् र ठूलोबालाई बोलाइन्। डाक्टरहरू घरमा आए र अनन्तलाई औषधी दिए।*

- ठूलोबाले मञ्जरीलाई के भनिरहेका छन् ? (विद्यालयमा बस्ने, पढाइ सक्ने, त्यसपछि उनले जामुन रूख खोज्ने कोसिस गर्न दिने।)
- विद्यालय महत्त्वपूर्ण छ भनेर ठूलोबाले किन भने ?
- पृष्ठ २३ मा के कुरा गलत छ ? अनन्त किन बिरामी छ ?

**पृष्ठ २४-२५:** *अनन्तले हरेक रात हाँगाको सुपबाहेक केही अन्य कुरा खानु आवश्यक छ भनेर मञ्जरीले ठूलोबालाई भनिन्। उसलाई जामुन फलको स्टिउको आवश्यकता छ। तिनी रूख खोज्न उच्च पहाडहरूमा जान चाहन्थिन् ताकि अनन्त निको होस्। ठूलोबाले भने हुँदैन, अनन्तले औषधी खानेछ र निको हुनेछ र मञ्जरी विद्यालयमा नै बस्नुपर्छ। त्यो रातमा मञ्जरी आफ्नो व्ल्याङ्केटमा गुटुमुटिइन् र झ्यालबाहिर उच्च पहाडहरूमा हेरिन्। जामुन रूख त्यहीँ कतै छ भनेर तिनलाई थाहा छ र तिनले त्यो खोज्नैपर्छ। चुपचाप तिनी ठूलोबाको कार्यालयमा गइन् र उनको मुठो लिइन् र तिनी जाँदैछिन् र चाँडै नै फर्केर आउनेछु भनेर नोट लेखिन्।*

- मञ्जरीले अनन्तको लागि के गर्ने चाहना गरिन् ? ठूलोबाले के भने ?
- मञ्जरी किन निस्कन चाहिन् ?
- ठूलोबाको कार्यालयबाट मञ्जरीले के लिइन् ? तिनले त्यो किन लिइन् ?
- तिनीले के कुरा ल्याउन बिर्सिइन् ? (खाना, नक्सा)

**पुनरावलोकनः परिणाम भनेको के हो ?** परिणाम भन्ने शब्दको अर्थ काम वा छनोटको प्रभाव हो। केही परिणामहरू असल हुन्छन्, जस्तैः विद्यालयमा मेहेनत गरेर अध्ययन गर्ने र असल अङ्क ल्याउने। केही परिणामहरू खराब हुन्छन्, जस्तैः तपाईंको अभिभावकको आज्ञापालन नगर्नु र समस्यामा पर्नु। हामीले छनोट गर्नुभन्दा अघि हामीले त्यसका परिणामहरूका बारेमा सोच्नु र रोक्नु महत्त्वपूर्ण छ।

- जब मञ्जरीले ठूलोबाको कुरा सुनिनन्, ठूलोबाले तिनलाई कसको बारेमा चेतावनी दिए ? (सपनाका चोरहरू)
- सपनाका चोरहरूले गर्ने केही कुराहरूका बारेमा ठूलोबाले तिनलाई के बताए ?
- मञ्जरीले गर्न सक्ने छनोटहरू के हुन् ? (बस्ने र विद्यालयमा जाने र ठूलोबाको आज्ञापालन गर्ने वा ठूलोबाको आज्ञापालन नगर्ने र जामुन रूख खोज्ने कोसिस गर्ने)
- मञ्जरीले के छनोट गरिन् ?
- मञ्जरीको छनोटलाई केले प्रभाव पारेको छ ? (अनन्त बिरामी छ।)
- तिनले गरेको छनोटका परिणामहरू असल वा खराब हुनेछ भनेर तपाईंले सोच्नुहुन्छ ? किन ?

**बेचबिखन सम्पर्कः** बर्न टु फ्लाइ चिन्ह हो भनेर विद्यार्थीहरूलाई बताउनुहोस्, जसको अर्थ पशुहरू वा गैह्रमानवको बारेमा कथा हो, जसमा हाम्रो लागि विशेष पाठहरू छन्। तपाईंका सपनाहरू पछ्याउनमा सफल र सुरक्षित कसरी हुने भन्ने बारेमा बर्न टु फ्लाइ चिन्ह हो। बर्न टु फ्लाइमा भएका पाठहरू लागु गर्ने तरिकाहरूमध्ये एउटा मानव बेचबिखनको विरुध्द चेतावनी दिन सहायता गर्नु हो। विद्यार्थीहरूलाई त्यसको अर्थ थाहा छ कि भनेर सोध्नुहोस्। व्याख्या गर्नुहोस्:

- मानव बेचबिखन बाध्यात्मक दासत्व हो।
- यसले कसैलाई उसको इच्छाविपरीत काम गर्न बाध्य पार्छ।
- दासहरू स्वतन्त्र हुँदैनन्।

बेचबिखन भनेको के हो र त्यसबाट कसरी टाढा रहने भनेर सिक्न बर्न टु फ्लाइ चिन्ह हो। बेचबिखनबाट स्वतन्त्र रहनु भनेको तपाईंका सपनाहरू पछ्याउन सुरक्षित र स्वतन्त्र रहनु हो। तपाईं सुरक्षित कहिले हुनुहुन्छ भनेर व्याख्या गर्नुहोस्:

- तपाईं शारीरिक हानिबाट स्वतन्त्र हुनुहुन्छ र कसैले पनि तपाईंलाई धम्क्याउँदैन।
- तपाईं विद्यालय जान सक्नुहुन्छ।
- तपाईंलाई शारीरिक, भावनात्मक वा यौनिक रूपमा कसैले पनि चोट पुर्याउँदैन।

तपाईंका सपनाहरू पछयाउन सक्षम हुनु, तपाईंको परिवारलाई सहायता गर्न र विद्यालय जानु अत्यन्तै महत्त्वपूर्ण कुरा हो— जुन कुरा ठूलोबाले मञ्जरीलाई बताउने कोसिस गरे। तलका प्रश्नहरू सोध्नुहोस्:

- तपाईंको परिवारलाई सहायता गर्नु किन महत्त्वपूर्ण छ ? त्यस्तो गर्ने सबैभन्दा राम्रो बाटो के हो ? (विद्यालयमा बस्नु र पढाइ सक्नु। शिक्षा पाउनाले तपाईं र तपाईंको परिवारलाई सहायता गर्छ। जब तपाईं शिक्षित बन्नुहुन्छ, तपाईंले राम्रो जागिर पाउनुहुन्छ र राम्रो पैसा कमाउनुहुन्छ र तपाईंको बालबालिका स्वस्थ्य घरमा हुर्कन्छन्।)
- विद्यालयमा बस्नु किन बेचबिखन नहुनुको महत्त्वपूर्ण भाग हो ?

ठूलोबाले मञ्जरीलाई सपनाका चोरहरूका बारेमा चेतावनी दिन्छन्, उनीहरू मानव बेचबिखन गर्नेहरूजस्ता हुन्छन् किनभने तिनीहरूले तपाईंको सपना चोर्न सक्छन् र चोट पुर्याउँछन्। मञ्जरीले ठूलोबाको आज्ञापालन नगरी छिटो र तयार नगरिएको छनोट गर्नु भनेको खराब परिणाम निस्कने छनोट हो।

- छनोटका परिणामहरू हुन्छन्। यो कुरा जान्नाले तपाईंलाई बेचिनबाट कसरी जोगाउन सक्छ ?

**सिकारूहरूका लागि सेसन १ मा अतिरिक्त कुराहरू**

**छनोटहरू र परिणामहरूबाट सिक्नु**

*यो अतिरिक्त सामाग्री प्रयोग गर्न अतिरिक्त ३० मिनेट दिनुहोस्।*

किशोरकिशोरीहरूका लागि यो पहिलो तालिमको सेसन हो, जसले बर्न टु फ्लाइ पाठ्यक्रम साना विद्यार्थीहरूलाई सिकाउन पछि सहायता गर्नेछन् भने तपाईंले यो सेसन परिचयमा व्याख्या गरेझैं विशेष तरिका (सँगै खाना खाएर) मा सुरु गर्न सक्नुहुन्छ। त्यसो हो भने क्रमिक सेसनहरूमा भन्दा धेरै समय दिनुहोस्।

हरेक सेसनको अन्त्यमा विशेष प्रश्नहरूको जवाफ अभिलेख गर्न रहेक सिकारूहरूलाई नोटबुक र कलम दिनुहोस्। उनीहरूको आफ्नै जीवनमा बर्न टु फ्लाइ सम्बन्धित हुँदा यसको अर्थको बारेमा उनीहरूले अझै गहिराइमा सोच्न यो पूरा गरिरहेको नोटबुकले कद्दत दिनेछ। आफ्नो नोटबुकमा आफ्नो नाम लेख्न र एउटा पुतलीको तस्वीर बनाउन सिकारूहरूलाई भन्नुहोस्, जसले तिनीहरूका कुनै दिनको सपनाका चाहनाहरू र स्वत्रन्त हुन् र सफलताको प्रतिनिधित्व गर्दछ। पहिलेका क्रियाकलापहरूबाट रङ्गिन कलमहरू प्रयोग गर्नुहोस्। (यसको लागि पाँच–सात मिनेट दिनुहोस्।)

सिकारूहरूले सेसन र अहिलेसम्मको पुस्तकको बारेमा के सोचेका छन् भनेर उनीहरूलाई सोध्नुहोस्। यो अनौपचारिक कुराकानीलाई निर्देशित गर्नुहोस् ताकि हरेकले छोटकरीमा सहायता वा विचार दिन सकून्। तपाईंले जान्नुभएको चित्र पुस्तक साना बालबालिकाको लागि हो, किशोरकिशोरीका लागि होइन तर उनीहरूले त्यो पढेर साना बालबालिकाहरूलाई बी२एफ

कार्यक्रम सिकाउन उनीहरू तयार भएका छन् भनेर सिकारूहरूलाई सम्झना दिलाउनुहोस् । यसले बेचबिखन रोक्न सहायता गर्नेछ ।

## सेसन १ को लागि नोटबुक प्रश्नहरू

यी नोटबुक प्रश्नहरू कागजको सानो टुक्रामा वा कालोपाटी वा सेतो पाटीमा पहिले नै लेख्नुहोस् ताकि सिकारूहरूले ती आफ्नो नोटबुकमा सार्न सकून् । हरेक प्रश्न छुट्टै पृष्ठको माथि लेख्न भन्नुहोस् ताकि त्यसको जवाफ लेख्न उनीहरूलाई पर्याप्त मात्रामा खाली ठाउँ होस् । समयले भ्याएसम्म विद्यार्थीहरूलाई जवाफहरू लेख्न लगाउनुहोस् र उनीहरूले चाहे भने समूहसँग बाँड्ने र छलफल गर्नुहोस् वा सेसनको समयमा तिनीहरूबाट एक वा दुईजनालाई जवाफ दिन छान्नुहोस् र त्यसपछि उनीहरूको आफ्नै समयमा अन्यलाई जवाफ दिन लगाउनुहोस् । छलफलको समयमा धेरै उत्साही हुनुहोस्, हरेक व्यक्तिको प्रतिक्रिया सकारात्मक के छ भनेर देखाउन र तपाईंको जीवन र अनुभवबाट ती प्रश्नहरूको आफ्नै जवाफ बाँड्न समय लिनुहोस् ।

- मैले परिवर्तन गर्न चाहेको विगतको छनोटः
- छनोट गर्दा तपाईंले आफैंलाई सोध्नुपर्ने असल प्रश्नहरू के हुन् ?
- के तपाईं विद्यालयमा बस्नुभएको छ ? भविष्यमा तपाईंलाई सहायता गर्न धेरै कुराहरू सिक्न तपाईंले के गर्न सक्नुहुन्छ ?
- तपाईंले गर्नुभएको छनोटबाट अनुभव गर्नुभएको सबैभन्दा नराम्रो परिणाम के हो ? सबैभन्दा असल परिणाम ?
- छनोटहरू गर्ने बारेमा तपाईंले सिक्नुभएको कुरा के हो, जुन तपाईंले साना बालबालिकासँग बाँड्न सक्नुहुन्छ ?
- मानव बेचबिखनको बारेमा तपाईंले जान्नुभएको र सुन्नुभएको कुरा के हो ?
- मानव बेचबिखनको बारेमा तपाईंले साना बालबालिकालाई बताउन चाहेको दुई वटा कुराहरू लेख्नुहोस् ।

**गृहकार्य**: धेरै युवाहरू (र वयस्कहरू) लाई मानव बेचबिखन कति विश्वव्यापी हो भनेर केही जानकारी छैन, त्यसैले तपाईंको देश र सहरमा मानव बेचबिखनको बारेमा अनुसन्धान गर्न सिकारूहरूलाई भन्नुहोस् । अर्को सेसनमा तपाईंले के सिक्नुभयो र तपाईंको संस्कृतिको लागि उनीहरूले जवाफहरू के सोचेका छन् भनेर छलफल गर्नुहुनेछ ।

# सेसन २: तपाईंको साँचो मित्रहरू को हुन् भनेर चिन्नु

**स्रोतहरू र सामाग्रीहरूको सूची**: चित्र पुस्तकहरू, अगुवाको निर्देशिका, शिक्षकको पुतली पोइन्टर, मित्रता फ्रेमको शिक्षकको नमुना, साना हाँगाहरू, हरेक विद्यार्थीका लागि आर्ट कागज, रङ्गीन कलमहरू, गम, सेसन १ र २ को लागि धारणा पोस्टरहरू

**सिकारू सेसनको लागि**: माथिका स्रोतहरू साथै नोटबुकहरू र कलमहरू

**कक्षाअघि**: मित्रता फ्रेम नमुना बनाउनुहोस्। (पाठमा भएका निर्देशनहरू हेर्नुहोस्।)

**सेसन १ को पुनरावलोकन**: विद्यार्थीहरू गोलाकारमा बस्छन् (कुर्सीहरू वा भूइँमा)। बर्न टु फ्लाइको अहिलेसम्मको कथा पुनरावलोकन गर्दै १० मिनेट बिताउनुहोस्। पुनरावलोकन थप्नलाई भिन्नै बालबालिकाहरूलाई सोध्नुहोस् र सहायताको लागि हरेकलाई धन्यवाद दिनुहोस्। तस्वीरहरू देखाउन तपाईंको पुतलीको पोइन्टर देखाउनुहोस् र प्रयोग गर्नुहोस् र पुतलीको जीवन चक्र पुनरावलोकन गर्नुहोस्। सेसन १ बाट हरेक मुख्य बुँदाहरू समेट्नुहोस्: छनोट भनेको के हो ? सपना भनेको के हो ? विद्यालयमा बस्नु किन महत्त्वपूर्ण छ ? परिणाम भनेको के हो ? (सारांश निकाल्न सेसन १ बाट धारणा पोस्टर प्रयोग गर्नुहोस्।)

**सेसन २ सुरु गर्नुहोस्:** अब हामी मञ्जरीको कथा सुरु गर्नेछौं र अब के हुन्छ भनेर हेर्नेछौं। याद राख्नुहोस्, तपाईंले तल दिइएका सबै प्रश्नहरू सोध्नु आवश्यक छैन, तपाईंलाई उपलब्ध भएको समयअनुसार मिलाउनुहोस्।)

**पृष्ठ २६-२७:** *मञ्जरी गाउँको ढोकाबाट बाहिर निस्किइन् र आफ्नो लामो यात्रा सुरु गरिन्। तिनले आफ्नो साथमा खानेकुरा ल्याउन बिर्सिएको कुरा बिहान थाहा गरिन्, त्यसैले तिनले खानको लागि साना हाँगाहरू बटुल्न थालिन्। अचानक तिनले आवाज सुनिन्। उनी रूखको काण्डमा लुकिन् र दुईवटा अनौठा प्राणीहरू देखिन्। ठूलोबाले चेतावनी दिएको सपनाका चोरहरू उनीहरू हुन् कि भनेर तिनले विचार गरिन्। दुई प्राणीले आफैंलाई मञ्जरीसँग परिचय गराए। तिनीहरू झाउँकिरी र चेपागाँडा थिए। उनीहरूले पनि जामुन रूख खोजिरहेका थिए र उनीहरूका सपना साँचो हुन पर्खिरहेका थिए भनेर थाहा पाएर अचम्ममा परिन्। झाउँकिरीले एक दिन गीत गाएको सपना देखेको थियो र चेपागाँडा माथि उफ्रन चाहन्थ्यो। उनीहरूले मिलेर यात्रा गर्ने निर्णय गरे।*

- तलको देब्रे तस्वीरः मञ्जरी किन धेरै निरास थिइन् ? (तिनीले आफ्नो खाना ल्याउन बिर्सेकी थिइन्। छनोटका परिणामहरू हुन्छ।)
- मञ्जरी किन लुकिन् ? जब तपाईंले कोही नयाँ मानिसलाई भेट्नुहुन्छ, तपाईंले कस्तो महसुस गर्नुहुन्छ ?
- मञ्जरीले कसलाई भेटिन् ? (चेपागाँडा र झाउँकिरी) तिनीहरू मित्र वा शत्रु हुन् ? तपाईंलाई कसरी थाहा भयो ?
- झाउँकिरी र चेपागाँडाबाट आएको बबलमा के छ ? (उनीहरू जामुन रूख खोज्न उच्च पहाडमा गइरहेका थिए ताकि उनीहरूले बीउहरू खान सकून् र आफ्ना सपनाहरू पछयाउन सकून्।)
- पृष्ठ २७, तल दाहिने: उनीहरूका सपनाहरू के हुन् ? (आवश्यक भए चेपागाँडा कसरी भ्यागुता बन्यो भनेर व्याख्या गर्नुहोस्।)
- झुसिल्किराहरूलाई जामुन बीउहरू किन आवश्यक थियो भनेर तपाईंले सोच्नुहुन्छ ? झाउँकिरी र चेपागाँडाजस्तै अरूले बीउहरू किन चाहेका थिए ?

**पृष्ठ २८-२९:** *मित्रहरूले केही झुसिल्किराहरूलाई भेटे। उनीहरूले जामुन रूख पाएका थिए कि भनेर झाउँकिरीले सोध्यो र उनीहरूले केही राम्रो कुरा पाएका छन् भन्दै उनीहरूले बोकेका सामानहरू देखाए। सामानहरू प्रयोगहीन छन् भनेर मञ्जरीले*

*बताइन् र हरेकको सहायताको लागि जामुनको फल खोज्न उनीहरूले गाउँ छाडेको कुरा सम्झना दिलाइन् । अरू झुसिल्किराहरू उनीमाथि हाँसे । त्यो रात मञ्जरीले झाउँकिरी र चेपागाँडालाई सोधिन् कि उनीहरूसँग किन ब्ल्याङ्केट छैन । उनीहरूसँग ब्ल्याङ्केट थियो भनेर उनीहरूले स्वीकार गरे तर उनीहरूले त्यसलाई महत्त्वहीन कुराहरूका लागि सपनाका चोरहरूसँग साटे । अर्को बिहान उनीहरूले एउटा खोला तर्नुपर्थ्यो । चेपागाँडाले पौडिएर पार गर्यो र झाउँकिरी चट्टानमा उफ्रियो । त्यहाँ माथि पुल छ, जहाँबाट मञ्जरीले खोला तर्न सक्छन् र उनीहरू त्यहाँ उनलाई भेट्नेछन् भनेर झाउँकिरीले बतायो । मञ्जरी हिँड्न सुरु गरिन् तर चाँडै हराइन् ।*

- माथिल्लो देब्रेः मञ्जरीले कसलाई भेटिन् ? (अन्य झुसिल्किराहरूलाई) उनीहरूले के बोकिरहेका थिए ? के ती मूल्यवान कुराहरू थिए ? (कुनै कुरा पैसाको आधारमा मूल्यवान हुन सक्छ तर मानिसजस्तो अरू कुनै कुरा मूल्यवान हुँदैन भनेर व्याख्या गर्नुहोस् ।)
- मञ्जरीले आशा गरेको भन्दा तिनको यात्रा किन धेरै कठिन भयो ? (तिनले राम्रो योजना गरेकी थिइनन्, रूख तिनीले सोचेभन्दा निकै टाढा थियो ।)
- मञ्जरी हराइन् । हराउँदा कस्तो लाग्छ ?

**पुनरावलोकनः साँचो मित्र को हो ?** विद्यार्थीहरूले आफ्ना मित्रहरू छान्छन् भनेर उनीहरूलाई व्याख्या गर्नुहोस् । उनीहरूले असल मित्र छान्दा त्यो व्यक्तिमा के कुरा हेर्नुपर्छ भनेर सोध्नुहोस् ।

- तपाईंले भेट्नुभएको व्यक्ति मित्र हो भनेर तपाईंले कसरी थाहा पाउनुहुन्छ ? उनीहरू बाहिर देखिने तरिकाबाट के तपाईंले बताउन सक्नुहुन्छ ?
- तपाईंसँग सबैभन्दा मिल्ने मित्रको बारेमा वर्णन गर्न प्रयोग गर्ने एउटा शब्द के हो ?
- अनन्त र ठूलोबाले मञ्जरीको बारेमा चिन्ता गरे त ? साँचो मित्रहरूले तपाईंको बारेमा चासो राख्छन् ।

**क्रियाकलापः मित्रता फ्रेम**

विद्यार्थीहरूले चित्र पुस्तकको पृष्ठ ३ मा भएको जस्तै मित्रता फ्रेम बनाउनेछन् । यो क्रियाकलाप गर्न विद्यार्थीहरूलाई आवश्यक भएका सामाग्रीहरू जम्मा गर्न उठ्न र यताउति हिँड्न अनुमति दिनुहोस् । चित्र पुस्तकको पृष्ठ ३ विद्यार्थीहरूलाई देखाउनुहोस् । मञ्जरीका केही सबैभन्दा मिल्ने मित्रहरू उनकै परिवारमा छन् भनेर उनीहरूलाई सम्झाउनुहोस् । आर्ट कागजको टुक्रामा ठूलो अण्डाकार बनाउन विद्यार्थीहरूलाई दिनुहोस् । त्यसभित्र आफ्ना विभिन्न मिल्ने साथीहरू बनाउनुहोस्, ती परिवारका सदस्यहरू वा परिवारभन्दा बाहिरका मानिसहरू पनि हुन सक्छन् । चित्र पुस्तकको पृष्ठ ३ अनुसार ती सबैलाई समूहमा मिलाएर राख्नुहोस् । उनीहरूले चाहन्छन् भने तस्वीरमा आफैंलाई पनि राख्न सक्छन् । त्यसपछि यी साँचो मित्रहरूको वरिपरि मित्रताको फ्रेम बनाउन सानो हाँगा वा धागोको टुक्रा टाँस्नुहोस् । तपाईंले व्याख्या गर्नुभएझैं तपाईंले बनाउनुभएको नमुना कक्षालाई देखाउनुहोस् । यो क्रियाकलापको लागि जम्मा समयः १५ मिनेट । तस्वीर बनाउनलाई सात–नौ मिनेट र फ्रेमलाई त्यसको स्थानमा टाँस्न चार–पाँच मिनेट दिनुहोस् । समय छ भने विद्यार्थीहरूले आफ्ना कामहरू देखाउन सक्छन् ।

**पुनरावलोकनः साँचो मित्रले तपाईंलाई कति महत्त्व दिन्छ ?** मानिसहरूले आफैंलाई हाम्रा मित्रहरू भन्न सक्छन् तर उनीहरू नहुन पनि सक्छन् । हामीले यो कसरी थाहा पाउँछौं ? हामीले महत्त्वपूर्ण प्रश्न सोध्न सक्छौं : "........................ ले मलाई कसरी व्यवहार गरेको छ ?" समस्याहरू नहुँदा मानिसहरूले तपाईंलाई राम्रो व्यवहार गर्न सक्छन् र अर्को समयमा नराम्रो व्यवहार गर्न सक्छन् । साँचो मित्रले तपाईंलाई सधैं सत्य कुरा बताउँछ, तपाईंलाई सहायता चाहिएको समयमा सहायता गर्छ र तपाईंले आफ्नो सपना पछ्याउँदा तपाईंलाई सहायता गर्छ ।

- आफ्ना मित्रहरूलाई सहायता नगर्ने झुसिल्किराहरूका बारेमा तपाईंले के सोच्नुहुन्छ ?
- झाउँकिरी र चेपागाँडा मञ्जरीका साँचो मित्र हुन् भनेर तपाईंले कसरी थाहा पाउनुहुन्छ ? (उनीहरूले तिनलाई सत्य बताए, तिनलाई सहायता चाहिएको बेला सहायता गरे र तिनको सपना पूरा गर्न सहायता गरे ।)

**पृष्ठ ३०-३१:** *दयालु बुढी स्त्रीले मञ्जरीलाई केही नयाँ जुत्ताहरू दिइन् । मञ्जरीले त्यो लगाउने कोसिस गरिन् तर त्यसको मूल्य तिर्न तिनीसँग पैसा थिएन । स्त्रीले तिनीसँग उनको मुठो वा ब्ल्याङ्केट मागिन्— र स्त्री सपनाको चोर हो भनेर मञ्जरीले तुरुन्तै थाहा पाइन् । तिनले जुत्ता फुकालिन् र त्यो स्त्रीतिर फालिदिइन्, त्यो स्त्री भागिन् । रात नपरेसम्म मञ्जरी हिँडिरहिन् । कुन बाटो भएर जाने हो भनेर तिनलाई थाहा थिएन । सहायताको लागि तिनले ठूलोबाको मुठो पढिन् तर अझै पनि त्यो बुझ्न सकिनन् । अन्त्यमा उनी आफ्नो व्ल्याङ्केटमा गुटमुटिइन् र सुतिन् ।*

- ले मञ्जरीलाई केको बारेमा चेतावनी दिएका छन् ?
- सपनाको चोर भनेको के हो ? (साँचो मित्र होइन, त्यस्तो हुँ भनेर बहाना गर्छ तर तपाईंलाई छल गर्छ)
- यो पृष्ठमा भएको चन्द्रमामा तपाईंले के ध्यान दिनुभयो ?

**पृष्ठ ३२-३३:** *अर्को बिहान सानो झुसिल्कारले मञ्जरीलाई नक्सा देखायो । उ सपनाको चोर हो भनेर मञ्जरीले सोचिन् तर झुसिल्किराले भन्यो कि नक्सा झाउँकिरीले दिएको हो र तिनले आफ्नो व्ल्याङ्केटको सानो टुक्रा दिने हो भने त्यो तिनलाई दिनेछन् । मञ्जरीले त्यो सम्झौता गरिन् तर त्यो नक्सा व्यर्थको छ भनेर चाँडै थाहा पाइन् । निरासपूर्वक तिनले सपनाको चोरको झुटमा विश्वास गरेको थाहा गरिन् र त्यसको कारण आफ्नो व्ल्याङ्केटको टुक्रा गुमाइन् । मञ्जरी निरन्तर हिँडिन् र अन्त्यमा पुल देखिन् । झाउँकिरी र चेपागाँडालाई खोज्न तिनले त्यो पुल तरिन्, जो पारिपट्टी उनलाई पर्खिरहेका थिए । तिनीहरूले उनलाई साँचो नक्सा देखाए ।*

- के यो झुसिल्किरा मञ्जरीको मित्र हो भनेर तपाईंले सोच्नुहुन्छ ?
- झुसिल्किराले मञ्जरीले के गरेको चाहेको छ ? (नक्साको लागि सम्झौता गरिएको तिनको व्ल्याङ्केटको भाग)
- के यो झुसिल्किरा मञ्जरीको मित्र हो ? त्यो को थिइन् ? (सपनाको चोर)
- साँचो मित्र झाउँकिरी र चेपागाँडा वा सपनाका चोरहरू हुन् ? तपाईंले कसरी थाहा पाउनुहुन्छ ?

**पृष्ठ ३४:** *झाउँकिरी र चेपागाँडाले मञ्जरीलाई ठूलोबाको मुठोपछाडि उनीहरूको नक्सा सार्न दिए । ती मित्रहरूले उच्च पहाडको नजिकै पछि भेट्ने सहमति गरे । झाउँकिरी र चेपागाँडाले आफ्नो यात्रा पानीबाट जारी राखे जबकि मञ्जरीले जमिनबाट- यो समय नक्साअनुसार ।*

- माथिल्लो देब्रेः मञ्जरीले के गरिरहेकी छिन् ? (ठूलोबाको मुठोको पछाडि झाउँकिरीको नक्सा सारिरहेकी)
- झाउँकिरी र चेपागाँडाले किन पानीबाट यात्रा गर्नुपरेको छ ? (किनभने चेपागाँडा पानीमा नै बस्नुपर्छ । मञ्जरीले उनीहरूलाई पछि भेट्छन् ।)

**पुनरावलोकनः सपनाको चोर भनेको के हो र त्यस्तो व्यक्तिले तपाईंबाट के लिन चाहन्छ ?** यो कथामा सपनाका चोरहरूले कसरी व्यवहार गरेका छन् ? सपनाको चोर झुटो हो, जसले उनीहरूले चाहेको कुरा हामीलाई गराउन सम्झाउने कोसिस गर्छ भनेर व्याख्या गर्नुहोस् । सपनाका चोरहरूले तपाईंलाई बारम्बार छल गर्छ र उनीहरू तपाईंका मित्रहरू हो भन्ने बहाना गर्ने कोसिस गर्छ ।

- मञ्जरीले भेटेका केही सपनाका चोरहरूका बारेमा बताउनुहोस् ।

- मञ्जरीको मित्रको रूपमा आफैंलाई देखाउने कोसिस गर्ने सपनाको चोर कुन हो ? (तिनीहरूमध्ये सबै)
- सपनाका चोरहरूले मञ्जरीलाई कसरी रोक्ने कोसिस गरे ?
- उनीहरूले तिनलाई बताएको झुट के हो ? (झाउँकिरीले मञ्जरीलाई नक्सा बेच्न अह्राएको भनेर)
- जब मञ्जरीले झाउँकिरी र चेपागाँडालाई भेट्टाइन्, उनीहरूले तिनलाई के दिए ?
- मञ्जरीले सपनाका चोर र साँचो मित्र बीचमा भिन्नता बताउन सिकिरहेकी थिइन् त ?
- झाउँकिरी र चेपागाँडा र सपनाका चोरहरूका बीचमा के भिन्नता छ ?
- सपनाका चोरहरूले तपाईंसँग कसरी कुरा गर्न सक्छन् ?

**बेचबिखन सम्पर्कः** बर्न टु फ्लाइ भनेको तपाईंका सपनाहरू पछयाउन कसरी सुरक्षित रहने र सफल हुने भन्ने बारेमा विशेष पाठहरूको साथमा चिन्ह हो भनेर विद्यार्थीहरूलाई सम्झाउनुहोस् । सपनाका चोरहरू कथाहरूमा मात्रै हुँदैनन् । मानव बेचबिखन गर्ने मानिसहरू वास्तविक जीवनका सपनाका चोरहरू हुन् ।

- बेचबिखन गर्ने मानिसहरू कस्ता देखिन्छन् ?
- बेचबिखन गर्ने व्यक्तिहरूबाट सुरक्षित रहन तपाईंका साँचो मित्रहरू को हुन् भनेर कसरी थाहा पाउन सक्नुहुन्छ ?
- कसैले तपाईंलाई श्रम वा यौनको लागि केही कुरा (जस्तैः मोबाइल वा जुत्ता) दिन्छ भने तपाईं बेचिनबाट जोगिन तपाईंले उनीहरूलाई के भन्नुहुनेछ ?
- सपनाका चोरहरू र बेचबिखन गर्ने व्यक्तिहरू कसरी एउटै हुन् ?

**मुख्य बुँदाः**

- सपनाका चोरहरू कुनै पनि व्यक्तिजस्तो देखिन्छन् — हाम्रा मित्रहरू पनि ।
- उनीहरूले तपाईंलाई छल गर्न लागेको वा चोट पुर्याउन लागेको मानिसको रूपमा आफैंलाई घोषणा गर्दैनन् ।
- उनीहरू युवा वा बुढा पनि हुन सक्छन् ।
- उनीहरू तपाईंले पहिले नै चिन्नुभएको कोही हुन सक्छ ।
- उनीहरू तपाईंसँग विद्यालयमा जाने कोही पनि हुन सक्छ— अर्को विद्यार्थी ।


**सिकारूहरूका लागि सेसन २ मा अतिरिक्त कुरा**

**नराम्रो, राम्रो र सबैभन्दा राम्रा सम्बन्धहरू**

*यो अतिरिक्त सामाग्री प्रयोग गर्न अतिरिक्त ३० मिनेट दिनुहोस् ।*

हरेक सिकारूसँग सेसन १ प्रश्नहरूबाट जवाफ भएको नोटबुक हुनुपर्छ (जुन त्यो समयमा छलफल नगरिएको हुन सक्छ) । उनीहरूले सेसनमा सिक्दा उनीहरूलाई अहिलेसम्म सिकेका कुराहरू छलफल गर्ने मौका दिएर यो हप्ताको सेसन तपाईंले सुरु गर्न सक्नुहुन्छ, भविष्यमा उनीहरूले सिकाउन र आफ्ना नोटबुकको काम पूरा पनि गरेर सहायता गर्नेछन् ।

ह्वाइटबोर्ड, चकबोर्ड वा पोस्टरमा सिकारूहरूका लागि आफ्नो नोटबुकमा सार्न यो चित्र बनाउनुहोस् ।



माथिको तस्वीरले असल मित्र र सिकारूलाई प्रतिनिधित्व गर्छ, सिकारूहरूले त्यो असल मित्रको नाम र माथि भएको ब्लकमा आफ्नै नाम लेख्न सक्छन् । अर्को सातवटा ब्लकहरूमा साँचो मित्रमा तपाईंले हेर्ने जाति, चरित्रहरू, व्यवहारहरू, कामहरू वा बानीव्यहोरा लेख्नुहोस् । उनीहरूले समूहसँग जवाफ बाँडिरहँदा महत्त्वपूर्ण रूपमा आउन सक्ने केही गुणहरू, व्यवहारहरू वा चरित्रहरू यी हुन् (उनीहरूले गरेनन् भने उनीहरूलाई भन्नुहोस्): सत्य, इमानदार, सहयोगी, स्थिर, न्यानोपना, प्रेमिलो, अरूसँग रमाइलो गर्ने (किशोरहरूका लागि सधैं महत्त्वपूर्ण), उपलब्ध, दयालु, तपाईंमा समर्पित ।

सिकारूहरूसँग सम्बन्ध बिगार्न मित्रले गर्न सक्ने एउटा कुरा के हो भनेर उनीहरूलाई सोध्नुहोस् । असल सम्बन्धहरू असल चरित्रका गुणहरू र बानीहरूबाट बनेझैं खराब सम्बन्धहरू खराब चरित्रका जगहरूमा बनेका हुन्छन् भनेर देखाउनुहोस्: झुट, छल, चोरी, चोट पुर्याउने वचनहरू, लागुपदार्थ प्रयोग गर्ने वा उनीहरूलाई बेच्ने आदि ।

**सेसन २ को लागि नोटबुक प्रश्नहरू**

सेसन १ को लागि झैं उही ढाँचा प्रयोग गर्नुहोस्, अहिले समय हुँदा केही छलफल गर्नुहोस् र बाँकी घरमा पूरा गर्न भन्नुहोस्:

- कहिलेकाहीँ तपाईंको परिवारले घर छोड्न तपाईंलाई उत्साह दिन सक्छन् । के त्यो सधैं तपाईंको रुचि हो ?
- के तपाईंको परिवार, विद्यालय वा समुदायमा तपाईंले कुरा गर्न सक्ने, विश्वास गर्न सक्ने वा सुरक्षित वयस्क हुनुहुन्छ ?
- तपाईंको परिवारको सुरक्षा छोड्नु ठीक छ भनेर तपाईंले कसरी थाहा पाउन सक्नुहुन्छ ?
- तपाईंको मूल्यवान सम्पत्तिहरू कुन हुन् ? किन ?
- तपाईंले गर्ने काममा आधारित भएर वा तपाईं जो हुनुहुन्छ, त्यसको आधारमा तपाईंको मूल्याङ्कन हुन्छ ? किन ?
- सपनाका चोरहरू (बेचबिखन गर्ने व्यक्तिहरू) ले उनीहरूले चाहेका कुरा तपाईंलाई गराउने किन धेरै कोसिस गर्छन् ?
- तपाईंका सपनाहरू तपाईंबाट नचोरिन तपाईंले के गर्न सक्नुहुन्छ ?
- के तपाईंले वास्तविक जीवनका सपनाका चोरहरू चिन्नुहुन्छ ?
- तपाईंले गर्ने काम वा दिने यौनको बदलामा तपाईंलाई केही कुरा दिने मानिसहरूको सामना गर्ने तपाईंको सबैभन्दा राम्रो तरिका कुन हो ?

**क्रियाकलाप**

सेसन १ को अन्त्यमा तपाईंको देश र सहरमा मानव बेचबिखनको बारेमा अनुसन्धान गर्न सिकारूहरूलाई भन्नुहोस् । उनीहरूले सोचेका जवाफहरू र उनीहरूले सिकेका कुराहरू बाँड्न भन्नुहोस् । यी तथ्याङ्कहरूमा छलफल गर्नुहोस्:

- संसारभरि यौनको लागि हरेक वर्ष १२ लाख बालबालिकाहरूको बेचबिखन हुन्छ (युनिसेफ)।
- संसारभरि यौनकर्मीहरूको औसत उमेर ११ वर्ष हो। केही पाँच वर्षका साना पनि छन् (सीआइए)।
- ४७ घण्टाको समयभित्र बेचबिखन गर्ने व्यक्तिहरू किशोरकिशोरीहरूसम्म पुग्छन्।
- अवैध लागुपदार्थपछि मानव बेचबिखन पृथ्वीमा भएको दोस्रो ठूलो कारोबार भएको अवैध उद्योग हो। संसारका केही भागहरूमा यो पहिले नै एक नम्बरमा छ (स्टोप द ट्राफिक)।
- हरेक वर्ष मानव बेचबिखनमा ९५ लाख कारोबार हुन्छ (एफबीआइ)।

# सेसन ३: तपाईं अद्वितीय, मूल्यवान र प्रेमको योग्य हुनुहुन्छ ।

**स्रोतहरू र सामग्रीहरूको सूची**: चित्र पुस्तकहरू, अगुवाको निर्देशिका, शिक्षकको पुतली पोइन्टर, क्रियाकलापको समयको लागि थम्बप्रिन्ट झुसिल्किराहरू र पुतलीहरूको शिक्षकको नमुना, हरेक विद्यार्थीको लागि आर्ट पेपर, विभिन्न रङमा तीन वटा स्टयाम्प प्याडहरू (वा मार्करहरू), विद्यार्थीको औंला सफा गर्ने, रङ्गीन कलमहरू वा मार्करहरू, सेसन १, २ र ३ का लागि धारणा पोस्टरहरू

**सिकारू सेसनको लागि**: माथि दिइएका स्रोतहरूको साथमा नोटबुकहरू र कलमहरू

**कक्षाअघि**: थम्बप्रिन्ट झुसिल्किराहरू र पुतलीहरू बनाउनुहोस् । (तल दिइएको निर्देशनहरू हेर्नुहोस् ।)

**सेसन २ पुनरावलोकन**: विद्यार्थीहरूलाई गोलाकारमा बसाउनुहोस् (कुर्सीहरू वा भूइँमा) । बर्न टु फ्लाइ कथाका मुख्य बुँदाहरू पुनरावलोकन गर्ने केही समय बिताउनुहोस् । (सेसन १ र २ को धारणा पोस्टरहरू प्रयोग गर्नुहोस् ।) सेसन २ बाट हरेक मुख्य बुँदा उल्लेख गर्नुहोस्: साँचो मित्र को हो ? साँचो मित्रले तपाईंलाई कति महत्त्व दिन्छ ? सपना चोर के हो र त्यस्तो प्रकारको व्यक्तिले तपाईंबाट के लिने चाहना गर्छ ?

**सेसन २ सुरु गर्नुहोस्:** अब हामीले मञ्जरीको कथालाई निरन्तरता दिंदा तिनले अब के गर्छिन् भनेर म अचम्ममा छु ।

**पृष्ठ ३५:** *दिनदिनै रातपछि रात मञ्जरीले यात्रा गरिन् । तिनी बाटोमा केही कुरा खान रोकिन्थिन् र जामुन रूख खोज्न आएका धेरैलाई भेटिन् तर अब तिनी धेरै सावधान भइन् कि उनीहरूमध्ये केही पनि सपनाका चोरहरू हुन सक्छन् ।*

- समय बित्दै छ भनेर तपाईंले कसरी थाहा पाउनुभयो ? (चन्द्रमा परिवर्तन भएको छ ।)
- तल्ला तस्वीरहरू: सपनाका चोरहरू कुन हुन् ? कुन मित्रहरू हुन् ?

**पृष्ठ ३६-३७:** *एक साँझ मञ्जरीले बिरालोलाई भेटिन्, जसले तिनलाई एउटा हाँगा देखायो । यो हाँगा खानको लागि होइन तर तिनले त्यसमा पानी हालिन् भने त्यो जामुन रूखमा वृध्दि हुनेछ भन्यो । मञ्जरीलाई शङ्का लाग्यो तर उसले भनिरहेको कुरा साँचो हो कि भनेर हाँगाको लागि आफ्नो व्ल्याङ्केटको टुक्रा साट्ने निर्णय गरिन् । हाँगा चाँडै मर्यो र फेरि पनि सपनाको चोरले उसलाई झुटो बोलेको कुरा तिनले थाहा पाइन् । व्यर्थका कुराहरूसँग आफ्नो व्ल्याङ्केटको भाग तिनले सम्झौता गरेको कुरामा उनी कति मूर्ख थिइन् भनेर मञ्जरीले सोचिन् । ठूलोबाको मुठोको पछाडि तिनले आफैंलाई सम्झाउन केही कुराहरू लेखिन् । सपनाका चोरहरूले तिनलाई छल गर्ने कोसिस गरिरहेका थिए । तिनले मुठोको पछाडि आफैंलाई बलियो बनाउन सम्झाउन र तिनीहरूका झुटमा विश्वास नगर्न केही कुरा बनाइन् ।*

- बिरालोले के प्रतिज्ञा गरेको थियो ? हाँगालाई वास्तवमा के भयो ?
- मञ्जरीको छनोट के थियो ? परिणाम के थियो ?
- मञ्जरीले सिक्न सुरु गरेकी पाठहरू के हुन् ? के तिनले अझै पहेली सुल्झाउन सुरु गरिन् ?

**पृष्ठ ३८-३९:** *एक मध्य रातमा एउटा मानिसले मञ्जरीलाई लाल्टिन दियो- र उसले त्यसको लागि कुनै पैसा लिएन । लाल्टिनमा भर्ने निःशुल्क तेल कसैले दिनेछ भनेर उसले भन्यो । जब तिनले त्यो दिशा पछयाइन्, सपनाका चोरहरूले तिनलाई घेरे, तिनको व्ल्याङ्केट र मुठो चोरे र तिनलाई पर ताने । सपनाका चोरहरूले मञ्जरीलाई पर्खालपछाडि बन्द गरे र उनलाई त्यहीँ बन्द गरे । मञ्जरीले त्यहाँबाट निस्कने केही बाटोहरू हेरिन्, तिनले जमिन खनिन, त्यसपछि आफैंलाई पर्खालमा भएको प्वालबाट साना बनाउने कोसिस गरिन् तर उनको लागि त्यो निकै सानो थियो । त्यहाँ कुनै बाटो थिएन ।*

- लाल्टिन मानिसले मञ्जरीलाई कसरी छल गर्यो ?
- सपनाका चोरहरूसँग सम्झौता गर्ने बारेमा मञ्जरीले पहिले नै कठिन पाठ सिकेकी थिइन् । तिनले किन तिनीहरूबाट लाल्टिन र तेल लिइन् भनेर तपाईंले सोच्नुहुन्छ ?
- अब मञ्जरीले कस्तो महसुस गरिन् ? (मूल्यवान होइन, प्रेम नगरिएको)

**पुनरावलोकनः तपाईं मूल्यवान हुनुहुन्छ भनेर तपाईंले कसरी थाहा पाउनुहुन्छ ? के गलत र नराम्रा छनोटहरूले तपाईंलाई मूल्यवान हुनबाट टाढा राख्छ ?**

मञ्जरीले कसमाथि विश्वास गर्ने र असल छनोटहरू गर्ने बारेमा कठिन पाठहरू सिकिरहेकी थिइन् । साँचो मित्र को हो र अधैर्यपनाले (पर्खन नचाहने) ठूलो मूल्य चुकाउनुपर्छ भनेर तिनले सिकिरहेकी थिइन् । हरेक व्यक्ति अद्वितीय (कुनै एक प्रकारको), मूल्यवान र राम्रो व्यवहार गर्ने योग्यको छ । धैर्यवान हुन मञ्जरीको लागि कठिन समय छ (पर्खन चाहने) । हरेक पटक मञ्जरी अधैर्यवान भइन् र बुध्दिमान छनोट गरिनन्, तिनीले केही कुरा गुमाइन् र नराम्रो महसुस गरिन् । मञ्जरीले मुठोमा बनाएकी तस्वीरले तिनले सिकेकी पाठहरू सम्झन सहायता गरेको छ । जब तपाईंले गलत छनोट गर्नुहुन्छ वा मानिसहरूले तपाईंलाई नराम्रो व्यवहार गर्छन्, तपाईं मूल्यवान हुनुहुन्छ भनेर सम्झन कठिन पनि हुन सक्छ । वास्तवमा मञ्जरीले आफू कति मूल्यवान छु, आफैंलाई व्यक्तिको रूपमा र सपनाको महत्त्व छ भनेर सम्झन सकेको भए तिनीले भविष्यमा राम्रा छनोटहरू गर्न सक्थिन् ।

- मञ्जरीले अहिलेसम्म के गुमाइन् ? के तिनीमा अझै पनि तिनको सपना छ वा त्यो तिनीबाट चोरिएको छ ?
- तिनी अद्वितीय र मूल्यवान छु भनेर सम्झन के तिनी कठिन समयमा थिइन् ?
- कुन निर्णयले सुरक्षित स्थानमा तिनीले आफैंलाई राख्न सक्थिन्, जहाँ तिनी मूल्यवान र प्रेम गरिएको महसुस गर्थिन् ?

**पृष्ठ ४०-४१:** *पर्खालभित्र एउटा रूख भएको मञ्जरीले ध्यान दिइन्, जहाँ तिनलाई कैद गरिएको थियो । रूखमा झुण्डिएका कुराहरू जुत्ताहरू, टेलिभिजनहरू, सेल फोनहरू, क्यामेराहरू र अन्य सामानहरू थिए । बाहिर निस्कने कुनै बाटो नभएको हुनाले मञ्जरी रूख चढिन् । सपनाका चोरहरूले तिन र अन्यलाई छल गर्न र भुलाउन विभिन्न सामानहरू प्रयोग गरेका थिए भनेर थाहा पाइन् ।*

- के रूख साँच्चै छ ? सपनाका चोरहरूसँग किन नक्कली रूख छ ? (त्यो जामुन रूखको नक्कली कुरा हो, एउटा मात्रै बाँकी रहेको रूख)
- सपनाका चोरको नक्कली रूखमा बोसले के झुण्डिरहेको देखिन् ?
- सपनाका चोरहरूले सपनाहरू चोर्न यो रूखमा भएका सामानहरू कसरी प्रयोग गरे ?

**पृष्ठ ४२-४३:** *मञ्जरी निकै थाकेकी थिइन् र आफ्नै ओछ्यानमा हुन चाहन्थिन् । तिनीसँग आफ्नो व्ल्याङ्केट पनि थिएन किनभने सपनाका चोरहरूले तिनलाई अपहरण गर्दा त्यो पनि चोरेका थिए । तिनी हाँगामा नै सुतिन् । तिनी घामकिरालाई खोज्न उठिन्- तर खुसी हुनुको साटो मञ्जरी अचम्ममा परिन् किनकि उनी पूर्ण रूपमा पीडादायी काँडाले नढाकिएसम्म उनी त्यसको हाँगाले बेरिएका थिए । सपनाका चोरहरूले मञ्जरीलाई खोजे तर तिनलाई पाउन सकेनन् ।*

- माथिल्लो तस्वीरहरूः मञ्जरीले केको बारेमा सोचिन् ? को आइरहेको छ ? किन ?
- तल्लो तस्वीरः मञ्जरी किन अचम्ममा परिन् ?
- हाँगाहरू के बन्यो ? भित्र को छ ? अब के हुन्छ भनेर तपाईंले सोच्नुहुन्छ ?

- सपनाका चोरहरूले मञ्जरीलाई किन भेट्टाउन सकेनन् ?

**पृष्ठ ४४-४५:** *हाँगाभित्र मञ्जरीले के गल्ती गरेकी थिइन भनेर याद गरिन्: तिनले ठूलोबाका आज्ञापालन गरिनन्, जसले उनी विद्यालयमा बसेको चाहेका थिए र तिनले सपनाका चोरहरूसँग व्ल्याङ्केटका टुक्राहरूको सम्झौता गरिन् । आफूले धेरै गल्तीहरू गरेको र गलत निर्णयहरू गरेको थाहा पाइन् र तिनले पछुतो गरिन् । घामकिरा आयो र मञ्जरी भित्र बन्द भएको हाँगा वरिपरि छोपिदिए र मञ्जरीको व्ल्याङ्केट उनलाई फिर्ता दिए । मञ्जरीले दिनदिनै पर्खिइन् र घामकिरा सधैं त्यहीँ थियो ।*

- मञ्जरीले केको बारेमा सोचिरहिन् ? (तिनले गरेकी नराम्रा छनोटहरू र त्यसका परिणामहरूबा बारेमा)
- तल्लो दाहिनेः पश्चात्ताप भनेको के हो ? (तपाईंले गर्नुभएको साथै अन्य कुराहरूका लागि क्षमा माग्ने– परिवर्तन गर्न चाहने)
- मञ्जरीलाई के भयो ? (पुनरावलोकन गर्न तपाईंको पुतली पोइन्टरमा भएका आकारहरू प्रयोग गर्नुहोस् ।)
- माथि बीचमाः कोकुनभित्र तिनीसँग के देखा पर्यो ? (मञ्जरीको व्ल्याङ्केट) तिनको व्ल्याङ्केट कसले फिर्ता ल्याइदियो ? (घामकिराले)
- मञ्जरीले सम्भव भएसम्म हाँगाबाट चाँडो निस्कन चाहिन् किनभने ती धेरै पीडादायी थिए । तिनी त्यहाँ रहेको घामकिराले चाहेको छ किनकि तिनीले पश्चात्तापको बारेमा सिक्न सकून् ।
- त्यही कुराको लागि क्षमा माग्दा के त्यो परिवर्तन हुन्छ ? पश्चात्तापको अर्थ क्षमा माग्नु र परिवर्तन गर्ने चाहना गर्नु हो ।

**पृष्ठ ४६-४७:** *एक दिन सही समयमा मञ्जरीले हाँगा छोड्न सुरु गरिन् । तिनीले आफ्नो सारा शक्तिले हान्नु र धकेल्नुपर्थ्यो किनभने हाँगा निकै कडा छ । जब तिनी बाहिर आइन्, आफ्न सङ्घर्षबाट तिनी थाकेकी थिइन्, त्यसैले उनी निदाइहालिन् । तिनी परिवर्तन भएकी छिन् भनेर तिनले ध्यान दिएकी थिइन् । मञ्जरी उठिन् र सपनाका चोरहरू फर्केर आएको सुनिन् । उनीहरूले तिनलाई पत्ता लगाउनेछन् भनेर तिनलाई थाहा थियो । तिनी चाँडो रूखबाट झरिन् ।*

कोकुनलाई तोड्न धेरै गाह्रो छ तर त्यसले पुतलीको पखेटामा भएको मांसपेशीहरूलाई बलियो बनाउन सहायता गर्छ, नत्र भने पुतली कहिल्यै पनि उड्न सक्नेछैन भनेर विद्यार्थीहरूलाई सम्झाउनुहोस् ।

- मञ्जरी हाँगाबाट बाहिर निस्कँदा तिनको बारेमा के भिन्नता छ ?
- माथिल्लो तस्वीरः मञ्जरी किन छक्क परिन् ? (किनभने तिनीले पखेटाहरू पाएकी थिइन्)
- पखेटाहरू केका लागि हुन् वा ती कसरी प्रयोग गर्ने भन्ने बारेमा तिनलाई थाहा छ त ?

**क्रियाकलापः थम्बप्रिन्ट झुसिल्किराहरू र पुतलीहरू**

यो क्रियाकलाप गर्न र सामाग्रीहरू मिलाउन बालबालिकाहरूलाई अनुमति दिनुहोस् । यो क्रियाकलापको समयमा विद्यार्थीहरूका औंठाछाप अद्वितीय (एउटै मात्रै) छन् भनेर उनीहरूलाई सम्झाइरहनुहोस् । औंठाछाप सम्झाइरहने कुरा हो कि उनीहरू मूल्यवान र योग्य, संसारमा हरेक अरू मानिसहरूबाट भिन्न छन् र संसार र समुदाय र परिवारमा विशेष सहायता गर्न सक्ने प्रकारका छन् । औंठाछापहरू बनाउन इन्कप्याडहरू वा मार्करहरू प्रयोग गर्नुहोस् । झुसिल्किराहरू बनाउन एउटै लाइनमा चार वा पाँचवटा औंठाछाप थिच्नुहोस्, खुट्टाहरू, आँखाहरू, आदि बनाउन क्रायोनहरू प्रयोग गर्नुहोस् । पुतलीहरू बनाउँदा पखेटाहरू बनाउन छेउछेफमा दुईवटा औंठाछापहरू बनाउन थिच्नुहोस्, एन्टेना, आँखाहरू आदि बनाउन क्रायोनहरू प्रयोग गर्नुहोस् । यो फोहर क्रियाकलाप हुन सक्छ, त्यसैले पुछ्ने कागजहरू वा कपडाहरू (अल्कोहलले भिजेको) औंलाहरू सफा गर्न दिनुहोस् । बालबालिकाका झुसिल्किराहरू र पुतलीहरूलाई नाम दिन उनीहरूलाई लगाउनुहोस् । समयले दिएसम्म

धेरैभन्दा धेरै यी सृजनाहरू उनीहरूलाई बनाउन दिनुहोस् । मञ्जरीले जस्तै हरेक विद्यार्थी उसको आफ्नै सपनाहरू र चाहनाहरूको साथमा एउटै प्रकारको व्यक्ति हो । समयले दिन्छ भने उनीहरूका अद्वितीय सृजनाहरूका बारेमा बाँड्न दिनुहोस् ।

**पृष्ठ ४८-४९:** *सपनाका चोरहरूले तिनीहरू उनलाई खोज्न चाहन्छन् किनकि तिनले मुठोमा भएका तस्वीरहरू व्याख्या गर्न सक्छिन् भनेका कुरा मञ्जरीले सुनिन् । तिनी भाग्नैपर्छ भनेर तिनलाई थाहा थियो । तिनले पर्खालमा प्वाल भेटिन्, जसमा तिनी पहिले पनि कोच्चिने कोसिस गरेकी थिइन् । त्यो बेलामा तिनी निकै ठूली थिइन् तर तिनले फेरि कोसिस गरिन् । सपनाका चोरहरूले ढोका खोल्दा मञ्जरी प्वालमा कोचिइन् । मञ्जरी पर्खालको अर्को भागमा एक पटक पुगेपछि कुन बाटो भएर आफू भाग्ने भनेर तिनलाई थाहा थिएन । तिनका पखेटाहरू कसैले पनि देखेको उनी चाहँदैनथिन्, त्यसैले तिनले त्यसलाई व्ल्याङ्केटभित्र लुकाइन् । तिनी थाकेर खोलामा नपुगुञ्जेल हिँडिरहिन् ।*

- माथि बीचकोः सपनाका चोरहरूले मञ्जरीको मुठो पाए तर त्यसमा के छ भनेर थाहा पाएनन् । त्यसको अर्थ के हो भनेर बताउन उनीहरूलाई मञ्जरीको आवश्यकता छ ।
- तिनी पहिले किन भाग्न सकिनन् तर अब सकिन् ? (तिनको शरीर परिवर्तन भएको छ ।)
- मञ्जरीले आफ्नो व्ल्याङ्केट पखेटाको वरिपरि किन छोपिन् ? (त्यसलाई लुकाउन)

**पृष्ठ ५०-५१:** *मञ्जरीले आफ्नो प्रतिबिम्ब खोलामा हेरिन् र उनको ढाडमा के पलाएको छ भनेर देखेर अचम्ममा गरिन् । तिनले त्यस्तो कुरा कहिल्यै पनि देखेकी थिइनन् र तिनी लाजले रोइन् । जब तिनले अरू आएको सुनिन्, उनी लुकिन् । सपनाका चोरहरूले तिनलाई खोजिरहेका छन् भनेर तिनीहरूले भनेको मञ्जरीले सुनिन् । तिनीसँग छनोट छ भनेर तिनलाई थाहा भयो: तिनले जामुन रूख खोज्ने कोसिस गर्न सक्छिन् वा तिनी ठूलोबा र अनन्तकहाँ घर फर्कन सक्छिन् ।*

- मञ्जरीले आफ्ना पखेटाहरू देख्दा कस्तो प्रतिक्रिया दिइन् ? (लजाइन्)
- तिनले त्यो किन अरू झुसिल्किराहरूबाट लुकाइन् ?
- तल्लो तस्वीरः मञ्जरीले गर्नुपर्ने छनोट के हो ? तिनले लिन सक्ने हरेक छनोटका परिणाम के हुन सक्छ ?
- माथि देब्रे तस्वीरः चन्द्रमाको आकारले के जनाउँछ ? (पूर्ण चन्द्रमा ताकि जामुन रूख पहिले नै फुलेको छ, जसको अर्थ मञ्जरी समयमा नै त्यहाँ पुग्न सक्षम छैनन्)

**पृष्ठ ५२-५३:** *मञ्जरीले आकासमा हेरिन् र त्यहाँ पूर्ण चन्द्रमा थिएन । चन्द्रमा पूर्ण भएको समयमा मात्रै जामुन रूख फल्छ भनेर तिनलाई थाहा थियो- त्यसैले तिनीले पर्खनुपर्नेछ । तिनी घरमा फर्कन चाहँदैनथिन् किनभने ठूलोबाको आज्ञापालन नगरेको हुनाले तिनले दिक्क मानिरहेकी थिइन् तर तिनको लागि कुनै विकल्प थिएन । उनले घर फर्कने लामो बाटोमा हिँड्न सुरु गरिन् । अन्त्यमा मञ्जरी गाउँका ढोकाहरूमा पुगिन् । उनी भित्र पस्न हिचकिचाइन् किनभने हरेकले के भन्नेछन् भनेर तिनलाई थाहा थिएन । जब अन्य झुसिल्किराहरूले तिनलाई देख्छन्, तिनीहरू हाँस्नेछन् किनभने उनी भिन्न देखिएकी छिन् । तैपनि ठूलोबाले उनलाई दौडेर आएर अङ्गाले ।*

- मञ्जरीले के गर्ने निर्णय गरिन् र किन ? (कुसुम उपत्यकामा फर्कने, ताकि तिनीले राम्रो तयारी गर्न सक्छिन् । सपनाका चोरहरूले तिनीलाई खोजिरहेका छन् र चन्द्रमा पूर्ण नभएको हुनाले धेरै हप्तासम्म जामुन रूख फुल्नेछैन भनेर उसलाई थाहा छ ।)
- मञ्जरीले चाहेझैं के तिनले कुसुम उपत्यकामा हरेकका लागि बीउ फिर्ता ल्याइन् ? (ल्याइनन्, गाउँ छोडेका हरेकजस्तै तिनले प्रतिज्ञा गरेको कुरा गरिनन् ।)
- ठूलोबा कहाँ छ र उनी किन मञ्जरीतिर दौडिए ? उसले तिनलाई के गर्नेछ वा भन्नेछ होला ?

*पुनरावलोकनः शर्तहीन प्रेम भनेको के हो ?* शर्तहीन प्रेम भनेको जेसुकै कुराहरू भए पनि अर्को व्यक्तिले तपाईंलाई स्वीकार, स्वागत, न्यानोपना र आदर प्रदान गर्नु हो । शर्तहीन प्रेमले छनोटहरूका परिणामहरू हटाउन सक्दैन तर त्यसले तपाईंलाई सुरक्षित, मूल्यावन र तपाईंको भविष्यको बारेमा आशा महसुस गराउन सक्छ । ठूलोबाले मञ्जरीलाई प्रदान गरेको कुरा शर्तहीन प्रेम हो । तिनी अधैर्यवान भएको र आफ्नो आज्ञापालन नगरेको र छोडेर गएको कुरामा खुसी थिएन तर तिनी आफ्नो नयाँ पखेटाहरूसँगै फेरि घर फर्केर आएको हुनाले धेरै खुसी छ । ठूलोबाले मञ्जरीको नयाँ पखेटाहरूमा प्रतिज्ञा र आशा देख्छ ।

- ठूलोबाले मञ्जरीलाई प्रेम गरेझैं तपाईंलाई कसले प्रेम गर्छ ?
- मञ्जरी घर फर्केर नआएको भए ठूलोबाले तिनलाई यो तरिकामा प्रेम गर्छ भनेर तिनले थाहा पाउँथिन् त ?

**तपाईंलाई प्रेम गरिन, मूल्यवान र सुरक्षित हुन तपाईंको लागि कुनचाहिँ सुरक्षित स्थान हो ?** सुरक्षित स्थान भनेको त्यस्तो स्थान हो, जहाँ तपाईंलाई प्रेम गरिन्छ, मूल्यवान ठानिन्छ र हानिबाट बचाइन्छ, जब तपाईं परिवर्तन, हुर्कँदै र गल्तीहरू गर्दै र तीबाट सिक्दै गर्नुहुन्छ । तपाईंका सपनाहरू र आशाहरू मूल्यावान हुने स्थान सुरक्षित स्थान हो र जहाँ तपाईंले असल छनोटहरू गर्न अरूले सहायता गर्छन् ताकि तपाईंको सपना पूरा हुन सक्छ ।

- मञ्जरीको सुरक्षित स्थान भनेको ठूलोबा र अनन्तसँग घरमा हो । के तपाईंसँग पनि त्यस्तै सुरक्षित स्थान छ ?
- असल छनोटहरू गर्न तपाईंलाई कसले सहायता गर्छ ? तपाईंका सपनाहरू र आशाहरूका बारेमा तपाईंसँग कसले कुराकानी गर्छ ?

**बेचिबिखन सम्पर्कः** तपाईंको सपना पछ्याउनमा कसरी सुरक्षित र सफल हुने भन्ने बारेमा बर्न टु फ्लाइ विशेष पाठहरूका साथमा चिन्ह हो भनेर विद्यार्थीहरूलाई सम्झाउनुहोस् । ठूलोबाको सल्लाह नपछ्याइन जामुन रूख खोज्न निस्कने मञ्जरीको अधैर्यपनाको शिक्षा हो, जसको अर्थ सपनाका चोरहरूलाई कसरी सामना गर्ने भनेर थाहा पाउनुअघि नै तिनले उनीहरूलाई भेटिन् ।

- अधैर्य भएको कोही व्यक्ति बेचबिखनमा पर्न सक्छ भनेर तपाईंले के व्याख्या गर्न सक्नुहुन्छ ?
- बेचबिखन गर्ने व्यक्तिहरूले भन्ने केही झुटहरू यहाँ दिइएको छः

वेट्रेस, मोडल वा केयरगिभरजस्तो काम कसरी पाउने भनेर म तिमीलाई देखाउन सक्छु ।

तिमीलाई सहरमा शिक्षा दिन मसँग पैसा छ ।

अर्को देशको भिषा पाउन म तिमीलाई सहायता गर्न सक्छु ।

तिमीले मेरो कुरा मानेर तिम्रो परिवारलाई सहायता गर्न सक्नेछौ ।

मसँग धेरै पैसा छ र म तिमीलाई केही दिन चाहन्छु ।

तिमीले कमाएको पैसा तिम्रो परिवारमा पुग्नेछ ।

तिम्रा मित्रहरूसँग पैसा र राम्रा कुराहरू छन्, तिमीले पनि किन कोसिस गर्दैनौ ?

तिमीले मलाई सहायता गर र म तिमीलाई सहायता गर्नेछु ।

- अधैर्यवान हुने व्यक्तिले यी झुटहरू किन विश्वास गर्छ ?
- तपाईंलाई शर्तहीन प्रेम गरिएको छ भन्ने कुरा थाहा पाउनुले बेचबिखन गर्नेहरूबाट तपाईंलाई कसरी सुरक्षित राख्न सक्छ ?
- तपाईंको सपनालाई जिउँदो राख्न सुरक्षित स्थानले कसरी मद्दत गर्न सक्छ ?

- बेचिएको कुनै व्यक्ति मञ्जरीजस्तै परिवर्तन भएको र पश्चात्ताप गर्न र फेरि घर फर्केर आउन सक्छ ? त्यस्तो गरेको कसैलाई तपाईंले चिन्नुहुन्छ ?

**सिकारूहरूका लागि सेसन ३ को लागि अतिरिक्त”**

**तपाईं परिपक्व हुँदा सुरक्षित रहनु**

*यो अतिरिक्त सामाग्री प्रयोग गर्न अतिरिक्त ३० मिनेट दिनुहोस् ।*

हरेक सिकारूहरूसँग सेसन १ र २ बाट भरेका जवाफहरूको साथमा नोटबुक हुनुपर्छ । विद्यार्थीहरूलाई प्रश्नहरू सोध्ने मौका दिनुहोस्, जुन अघिल्लो सेसनहरू वा यसमा भएका धारणाहरू वा विचारहरूसम्बन्धी उनीहरूमा आएको हुन सक्छ । तपाईंले अघिल्लो सेसनहरूमा गर्नुभएझैं नोटबुक प्रश्नहरूको सामना गर्नुहोस् ।

सेसन ३ मा मञ्जरीले सपनाका चोरहरूका कुरा सुनेर आफैंलाई समस्यामा पारिन् र अन्त्यमा अपहरणमा परिन् । तिनको कठिनाइहरूका केही कारणहरूचाहिँ तिनी परिपक्व नभएसम्म ठूलोबासँग घरमा सुरक्षित नबस्नु हो । जब तपाईं अपरिपक्व हुनुहुन्छ, तब गल्तीहरू गर्न सजिलो हुन्छ किनभने संसार कसरी चल्छ भन्ने बारेमा तपाईंलाई जानकारी छैन । मञ्जरीका पखेटाहरू भनेको तिनी परिपक्व बन्दैछिन् भन्ने चिन्ह हुन् ।

- तपाईं परिपक्व बन्दै हुनुहुन्छ भन्ने केही चिन्हहरू के हुन् ? ती शारीरिक, मानसिक वा भावनात्मक चिन्हहरू हुन सक्छन् । (तपाईंसँग कालोपाटी वा सेतोपाटी छ भने विद्यार्थीहरूले त्यसको मुठो बनाउँदा ती सबै पाटीमा लेख्नुहोस् ।)
- मञ्जरीमा बाहिर भएझैं भित्री रूपमा (मन र हृदयमा) परिपक्व हुन उनी ठूलोबाकहाँ फर्किइन् । तपाईं भित्रबाट हुर्कँदै गर्दा तपाईंको जीवनमा तपाईंलाई सल्लाह दिन र सुरक्षामा सहायता गर्न को हुनुहुन्छ ?

सिकारूहरूलाई आफ्नो नोटबुकको पृष्ठमा ठूलो रोक्ने चिन्ह बनाउन लगाउनुहोस् । त्यो रोक्ने चिन्हमा एउटा कुरा लेख्न भन्नुहोस्, जसबाट उनीहरूले सानाहरू, परिपक्व नभएका बालबालिकाहरूलाई बेचबिखन गर्ने व्यक्तिहरूका बारेमा चेतावनी दिन्छन् ।

**सेसन ३ को लागि नोटबुक प्रश्नहरू**

अघिल्लो सेसनहरूमा झैं उही ढाँचा प्रयोग गर्नुहोस्, तपाईंसँग समय भएसम्म छलफल गर्नुहोस् र बाँकी घरमा पूरा गर्न सिकारूहरूलाई भन्नुहोस्:

- सपनाका चोरहरूझैं बेचबिखन गर्ने व्यक्तिहरू निश्चय हुन्छन् कि उनीहरूले सम्पत्तिको लागि आफ्ना सपनाहरू व्यापार गर्ने मानिसहरू पाउन सक्छन् । उनीहरू त्यसो गर्न किन धेरै निश्चित छन् ?
- बेचबिखन गर्ने व्यक्तिले तपाईंसँग पनि कुराकानी गर्न सक्छ कि ?
- मञ्जरी कोकुनभित्र फँसेझैं तपाईंले पनि महसुस गर्नुभएको छ कि ? के त्यो कुरामा फँस्नु असल कुरा वा खराब कुरा थियो ? त्यो अनुभवबाट तपाईंले के सिक्नुभयो ?
- तपाईं धैर्य नगर्नुपर्ने र भइरहेका कुराहरू स्वीकार नगर्ने समयहरू हुन्छन् । के तपाईंले त्यसको उदाहरण सोच्न सक्नुहुन्छ ?
- तपाईंले कसलाई शर्तहीन प्रेम गर्नुहुन्छ ? तपाईंलाई कसले शर्तहीन प्रेम गर्नुहुन्छ (ठूलोबाले मञ्जरीलाई प्रेम गरेझैं) ?
- तपाईंको लागि शर्तहीन प्रेमको अर्थ के हो ?
- यो तरिकामा प्रेम गर्नु किन गाह्रो छ ?

**क्रियाकलाप**

तपाईंको क्षेत्रमा बेचबिखन विरुध्द लड्ने व्यवस्था वा प्रशासन छ, जसले विशेषगरी त्यसको विरुध्द लडाइँ गर्छ भने तपाईंका सिकारूहरूसँग कुराकानी गर्न उनीहरूलाई निम्त्याउनुहोस् (यो सेसनको लागि वा आउने कुनै एउटामा)।

गृहकार्यः तपाईंको अर्को सेसनको लागि मानव बेचबिखनका भिन्न प्रकारहरू अनुसन्धान गर्न सिकारूहरूलाई भन्नुहोस्।

# सेसन ४: धैर्यवान, मेहेनेती हुनुहोस् र सही समय पर्खनुहोस् ।

**स्रोतहरू र सामाग्रीहरूको मुठो:** चित्र पुस्तकहरू, अगुवाको निर्देशिका, शिक्षकको पुतली पोइन्टर, क्रियाकलाप समयको लागि गोप्य मुठोको शिक्षकको नमुना, आर्ट पेपर (जुन सजिलै दोब्र्याउन सकिन्छ) । विकल्प: मञ्जरीको मुठो बनाउनलाई रङ्गीन कागजका प्रतिहरू (पृष्ठ ६६ हेर्नुहोस्), गम, साना फ्याब्रिकका टुक्रा (८" x ४" वा २० सेमी. x १० सेमी.) र हरेक विद्यार्थीका लागि १०" (वा २५ सेमी.) लामो धागो, रङ्गीन कलमहरू वा मार्करहरू, सेसन १,२,३ र ४ को लागि धारणा पोस्टरहरू

**सिकारू सेसनका लागि:** माथिका स्रोतहरूका साथै नोटबुकहरू र कलमहरू

**कक्षाअघि:** गोप्य मुठो बनाउने (तल दिइएका निर्देशनहरू हेर्नुहोस् ।)

**सेसन ३ को पुनरावलोकन**: विद्यार्थीहरू गोलाकारमा बस्न सक्छन् (कुर्सीहरू वा भूइँमा) । सेसन १, २ र ३ का धारणा पोस्टरहरू पुनरावलोकन गर्नुहोस् । पुनरावलोकन बुँदाहरू: अद्बितीय हुनुको अर्थ के हो ? व्यक्तिको रूपमा मूल्यवान हुनु ? शर्तहीन प्रेम भनेको के हो ? अघिल्लो सेसनको कथा मञ्जरीले धेरै कठिन पाठहरू सिकिरहेकी, तिनले नयाँ पखेटाहरू पाएकी र ठूलोबाकहाँ घर फर्किइन् तर आफ्नो सपना पूरा नभई ।

**सेसन ४ सुरु गर्नुहोस्:** मञ्जरी घर फर्किसकेपछि के भयो भनेर यो हप्ता हामीले सिक्छौं । तपाईंको विचारमा आफ्ना पखेटाहरू केका लागि हो भनेर तिनीले थाहा पाइन्

**पृष्ठ ५४:** *ठूलोबाले मञ्जरीलाई अङ्कमाल गर्यो । उनी कसरी गइन् भनेर उनलाई बताइन् र अनन्त कस्तो छ भनेर सोधिन् । अनन्त सुतिरहेको छ तर उनी तिनलाई हेर्न गइन् । जब तिनले उसलाई चुम्बन गरिन्, उ उठ्यो र चिच्याउन थाल्यो किनभने उनी अनौठो देखिएकी थिइन् ।*

- मञ्जरीको आगमनमा ठूलोबाको प्रतिक्रिया के छ ?
- मञ्जरीलाई देखेर अनन्त किन डरायो ?

**पृष्ठ ५५:** *ठूलोबाले मञ्जरीलाई हाँगाको सुप दियो जबकि तिनले उसलाई सपनाका चोरहरूका बारेमा बताइन् । तिनले ठूलोबाको मुठो लगेकी थिइन् भनेर स्वीकार गरिन् र सपनाका चोरहरूले त्यो तिनीबाट चोरेका थिए । तिनले सिकेकी महत्त्वपूर्ण पाठहरू आफैंलाई सम्झाउन तिनले मुठोको पछाडि के बनाइएकी थिइन् भनेर वर्णन गरिन् । एउटा कागजको टुक्रामा तिनले ठूलोबाको लागि ती बनाइन् र हरेकलाई व्याख्या गरिन्:*

*१. मरेको हाँगाको चित्र (जसको अर्थ छनोटका परिणामहरू हुन्छन् ।)*

*२. झाउँकिरी र चेपागाँडा (तपाईंका साँचो मित्रहरू को हुन् भनेर चिन्ने ।)*

*३. मञ्जरी र गहना (तपाईं अद्बितीय, मूल्यवान र प्रेमको योग्य हुनुहुन्छ ।)*

*४. कोकुन (धैर्य, मेहेनत गर्ने र सही समय पर्खने ।)*

*५. पुतली (तिनीसँग पखेटा थियो तर यो तस्वीरको अर्थ के वा किन हो भनेर तिनले बुझेकी थिइनन् ।)*

- सपनाका चोरहरूले ठूलोबाको मुठो चोरेका छन् । त्यो चोरिनुअघि ठूलोबाको मुठोको पछाडि मञ्जरीले के बनाइन् भनेर फेरि बनाइन् ।

- मञ्जरीले पारिवारिक मुठो हराइन् भनेर मञ्जरीले ठूलोबा समक्ष स्वीकार गरिन् । तिनले उनको लागि बनाएकी पाँचवटा कुराहरू के हुन् ?
- ठूलोबाले कसरी प्रतिक्रिया दिए ? (उसले अझै तिनलाई प्रेम गरिरहे, उनले तिनलाई क्षमा गरे ।)

**क्रियाकलापः गोप्य मुठो**

सामानहरू जम्मा गर्न र उठ्न र यो क्रियाकलाप गर्न बालबालिकालाई अनुमति दिनुहोस् । साना विद्यार्थीहरूले पहिले मुठोको रङ्गीन पृष्ठमा रङ लगाउन सक्छन् र त्यसपछि त्यसलाई लामो कागजमा टाँस्न सक्छन्, ठूला विद्यार्थीहरूले मञ्जरीको मुठोमा देखिएझैं चिन्हहरू बनाउन आर्ट कागज प्रयोग गर्न सक्छन् र तिनीहरूका लागि विशेष अर्थ दिने अन्य कुराहरू पनि थप्न सक्छन् (आफ्नो लागि उनीहरूमा भएका सपना प्रतिनिधित्व गर्ने वा उनीहरूले बिर्सन नचाहने जीवनका पाठहरू सम्झने केही कुराहरू) । तपाईंले बनाउनुभएको नमुना उनीहरूलाई देखाउनुहोस् । जब उनीहरूका गोप्य मुठाहरू तयार हुन्छ, आफ्ना मुठाहरू दोब्र्याएर फ्याब्रिकको टुक्राले मुठोको वरिपरि (ठूलोबाको व्ल्याङ्केटजस्तै) छोप्नुहोस् र त्यसलार्य डोरीले बाँध्नुहोस् ।

- मञ्जरीको मुठोमा भएका चिन्हहरू र बनाएका तस्वीरहरूमध्ये कुनचाहिँले तपाईंलाई अचम्ममा पार्यो ?
- तपाईंको आफ्नै जीवनमा तपाईंलाई सहायता गर्न कुनै एउटा छान्नुपरेमा त्यो कुन हुनेथियो ? किन ?

**पुनरावलोकन: धैर्यता के हो र धैर्य हुनु किन धेरै गाह्रो छ ?** मञ्जरीले केही कुराहरू सिकेकी थिइन्, तिनले त्यो बिर्सन चाहेकी थिइन्, त्यसैले तिनले गोप्य मुठो बनाइन्, तपाईंसँग भएझैं । तिनले सिकेकी सबैभन्दा कठिन पाठहरूमध्ये एउटा धैर्य गर्नु थियो (केही कुरा हुनको लागि पर्खने) । तिनीले धैर्यताको बारेमा थोरै सिकिन् र अब तिनले त्यो अभ्यास गरिन् ।

- धैर्य गर्न किन धेरै गाह्रो छ ?

**पृष्ठ ५६–५७:** *अर्को बिहानी झ्यालबाट केही अनौठो कुरा घाम आइरहँदा मञ्जरी र अनन्त आफ्नो ओछ्यानमा सुतिरहेका थिए । अनन्तले सबैभन्दा पहिले त्यो देख्यो र त्यसपछि त्यो कुरा बताउन मञ्जरीलाई उठायो । उनीहरू दुवै ठूलोबालाई बताउन दौडिए र त्यसपछि बाहिर दौडिए । हरेकले सूर्यलाई हेरिरहे र अँध्यारो बादल हट्न सुरु भएको छ थाहा पाएर आनन्दले हेरे । त्यहाँ अझै खानको लागि केही थिएन तर हाँगाको सुप, तैपनि मञ्जरीले हाँगाहरू बटुल्न र जामुन रूखको सपना देखेर दिउँसोको समय बिताइन् ।*

- कालो बादल किन हट्दै गयो ? (कसैले पहेली सुल्झाउनुपर्थ्यो ।)
- कालो बादल हट्यो तर मञ्जरीले अझै हरेक दिन के गर्नुपर्थ्यो ?

**पृष्ठ ५८-५९:** *त्यो साँझ ठूलोबाले खानाको लागि हाँगाको सुप बनाए । मञ्जरीले अनन्तलाई खाटमा घचेडी र उसले जामुन फलको स्टिउको बारेमा सोध्यो । मञ्जरीले जामुन रूखको बारेमा सपना देख्न रोक्न सकिनन् । रातमा पनि तिनी रूखतिर गइरहेको र जामुन फल र बीउहरू हरेकको लागि ल्याएको सपना देख्थिन् ।*

- मञ्जरी कसरी धैर्यवान भइन् ?

**पृष्ठ ६०-६१:** *मञ्जरी फेरि रूख खोज्न कोसिस गर्न चाहन्छिन् भनेर ठूलोबालाई तिनले भन्छिन् । तिनले यात्रामा महत्त्वपूर्ण पाठहरू सिकेकी थिइन् भनेर बताए र तिनले भनेको कुरा दोहोर्याए (पृष्ठ ५५)- र उनीहरूले मुठोको पछाडि भएको रहस्यमय तस्वीरहरू व्याख्या गरेका छन् भनेर तिनलाई बताए । जब मञ्जरीले यी पाठहरू सिकिन्, ती तस्वीरको अर्थ के हो भनेर तिनले पत्ता लगाइन् भनेर ठूलोबाले बताए, जसको कारण कालो बादल हट्न सुरु भएको थियो । तिनले पहेली सुल्झाएकी थिइन् । मञ्जरीले विद्यालयबाट पढाइ नसकेसम्म पर्खन्छिन् भने तिनी जामुन रूख खोज्न फेरि कोसिस गर्न सक्छिन् भनेर ठूलोबाले प्रतिज्ञा गरे ।*

- मञ्जरीले मुठोबाट पहेली सुल्झाइन्, त्यसकारण कालो बादल गइरहेको छ र रङ फर्किरहेको छ। मञ्जरीले अनुभव गरेको कुरा तपाईंले कसरी सोच्नुहुन्छ ?
- भित्तामा के झुण्डिरहेको छ ? (भित्तेपात्रो, जसमा पढाइ सक्ने दिनमा चिन्ह लगाइएको छ)

**पुनरावलोकनः तपाईंको सपना किन मेहेनेत गर्न र पर्खनको योग्य छ ?** जामुन रूखलाई फेरि भेट्टाउने र बीउहरूको साथमा फर्कने आफ्नो सपनालाई मञ्जरीले बलियो गरी समातिरहिन् तर तिनी जानुअघि आफ्नो शिक्षा पूरा गर्नु आवश्यक छ भनेर तिनलाई थाहा छ। धेरै मेहेनेतका कामहरू तिनको अगाडि छ र तिनी बलियो हुनुपर्नेछ र आफैंलाई निरुत्साहित हुनबाट बचाउनु छ।

- तपाईंले वास्तवमा नै चाहेको केही कुरा पाउन के कहिल्यै तपाईंले मेहेनेत गर्नुभएको छ ? (मेहेनेत/समर्पणता विद्यार्थीहरूलाई बुझाउन सहायता गर्न अगुवाले व्यक्तिगत उदाहरण बाँड्न सक्छन्।)
- तपाईंले मेहेनेत साथ काम गर्दा पनि के तपाईं निरुत्साही हुनुभएको छ ?

**पृष्ठ ६२-६३:** *मञ्जरीले विद्यालयमा मेहेनेत गरिन्। तिनले जे गरे पनि जामुन रूखको बारेमा सोचिन्। यो समय तिनले यात्रामा आफूलाई चाहिने सामानहरू झोलामा राखेर तयारी गरिन्। अन्त्यमा तिनी झुसिल्किरा विद्यालयबाट दीक्षान्त हुने दिन पनि आयो। ठूलोबा र अनन्त गाउँको ढोकासम्म मञ्जरीसँग हिँड्दै आए र त्यहाँबाट तिनलाई बिदा गरे। यो पाली तिनी तयार थिइन्। झाउँकिरी र चेपागाँडाले एक पटक तिनलाई दिएको नक्सा तिनले बनाइन्। यो समयमा तिनले सपनाका चोरहरूलाई भेट्दा तिनीहरूसँग कुरा पनि गरिनन्।*

- मञ्जरीले पहिलो यात्राभन्दा कसरी भिन्नै तरिकाले तयारी गरिन् ?
- सपनाका चोरहरूले मञ्जरीलाई कसरी छल गर्ने कोसिस गरे ?

**पृष्ठ ६४-६५:** *मञ्जरीलाई छल गर्न सपनाका चोरहरूले कहिल्यै पनि छोडेनन्। अन्त्यमा तिनी पहिलो यात्रामा तरेकी त्यही पुलमा आइपुगिन्। जब मञ्जरीले पुल तरिन्, तिनले गीत गाएको सुनिन्। तिनी ढुङ्गाको पछाडि लुकिन् तर आफ्ना पुराना साथीहरू झाउँकिरी र चेपागाँडालाई देखेर अचम्ममा परिन्। झाउँकिरीको सपना पूरा भएको थियो। उ गाउन सक्थ्यो। चेपागाँडा अझै धेरै उफ्रन सक्दैनथ्यो। सपनाका चोरहरूले तिनलाई कसरी अपहरण गरेका थिए भनेर तिनले उनीहरूलाई बताइन्।*

- मञ्जरीले सपनाका चोरहरूलाई भेट्दा तिनले के गरिन् ? (तिनीहरूलाई बेवास्ता गरिन्)
- जब मञ्जरीले आफ्ना मित्रहरूलाई भेटिन्, तिनीहरूमा के फरक छ ?

**पृष्ठ ६६-६७:** *तिनी कसरी हाँगामा दिनदिनै कैद भइन् र अन्त्यमा तिनी बाहिर निस्कँदा कसरी भिन्नै देखिइन् भनेर झाउँकिरी र चेपागाँडालाई बताइन्। अब तिनी कस्ती देखिन्छिन् भनेर तिनीले हिचकिचाउँदै देखाइन्। तिनी लजाएकी थिइन् तर तिनी सुन्दर छिन्। मञ्जरीले आफ्नो नक्सा झाउँकिरीलाई देखाइन्। सपनाका चोरहरूले तिनलाई कैदी बनाएको स्थानकै छेउबाट जामुन रूखतिर जाने हो भनेर तिनीहरूले थाहा पाए। तिनीहरूले राति यात्रा गरे र तिनीहरू यति नजिक भए कि उनीहरूले सपनाका चोरहरूले मञ्जरीको बारेमा कुरा गरिरहेको सुन्न सक्थे। सपनाका चोरहरूले उनीहरूलाई भेट्टाउन सक्छन् भनेर दुईजना साथीहरू सुत्दा एकजना सुरक्षाका लागि खडा हुन्थे। अन्त्यमा तिनीहरू उच्च पहाडमा पुगे, मञ्जरीले त्यहाँ चढ्दा झाउँकिरी र चेपागाँडा उनलाई त्यहीँ पर्खन भनिन्।*

- मञ्जरीले आफ्ना पखेटाहरू देखाउँदा झाउँकिरीको प्रतिक्रिया के छ ?
- जामुन रूखतिर जाँदा मित्रहरू के कुराहरूबाट पार भएर गए ?

- झाउँकिरी र चेपागाँडा कसरी मञ्जरीका साँचो मित्रहरू हुन्छन् ? (मित्रहरूले सुत्दा पालो लिए र एकअर्काको सुरक्षा गरे ।)

**पृष्ठ ६८:** *मञ्जरी जामुन रूख खोज्नको लागि उच्च पहाड चढ्नेछिन् र झाउँकिरी र चेपागाँडा सुरक्षाको लागि खडा हुने भनी मित्रहरूले निर्णय गरे । सपनाका चोरहरू तिनको पछि जाने कोसिस गरे भने झाउँकिरीले तिनलाई चेतावनी दिन गीत गाउनेछ । मञ्जरीले चढ्न सुरु गरिन् । अन्त्यमा तिनी भीरमा पुगिन् र तिनी र जामुन रूख बीचमा ठूलो उपत्यका रहेको थाहा पाइन् । तिनले त्यो टाढैबाट देख्थिन् तर त्यसलाई पार गर्न सक्दिनथिन् किनभने त्यो निकै ठूलो थियो । के गर्ने भनेर तिनीलाई थाहा थिएन । तिनीले जामुन रूख टाढा देख्न सक्थिन् । धेरै थाकेको हुनाले तिनी चाँडै सुतिन् ।*

- मित्रहरूको योजना के छ ?
- मञ्जरीले सामना गरेको समस्या के हो ?
- साङ्गीतिक नोटहरू के हुन् ? (झाउँकिरीको चेतावनी) के मञ्जरीले त्यो सुनिन् ?

**पुनरावलोकनः तपाईंका सपनाहरू पूरा गर्न तपाईंले धैर्य गर्दा, मेहेनेत गर्दा र सही समय पर्खँदा तपाईं बलियो हुन कसले सहायता गर्न सक्छ ?** मञ्जरीलाई बलियो बनाउन सहायता गर्न र तिनका सपनाहरू समात्न र ती पाउन मेहेनेत गर्न उनीसँग ठूलोबा र साँचो मित्रहरू छन् ।

- मञ्जरीले ठूलोबाको आज्ञापालन गर्न किन छनोट गरिन् ? त्यो गर्नु किन असल कुरा थियो ?
- आफू एक्लै यात्रा गर्नुको साटो मञ्जरीले किन मित्रहरूसँग यात्रा गर्ने निर्णय गरिन् ? त्यो किन महत्त्वपूर्ण छ ?
- यो यात्राको लागि तयारी गर्दा मञ्जरीले गरेकी केही कुराहरू के हुन्, जुन तिनले अघिल्लो समयमा गरेकी थिइनन् ?

**क्रियाकलापः** विद्यार्थीहरूका आफ्ना मुठोहरू बाहिर निकाल्न लगाउनुहोस् र आफ्ना सपनाहरू पूरा गर्न मेहेनेत गर्दा र धैर्यता साथ पर्खँदा बलियो हुन सहायता गर्ने उनीहरूका जीवनमा भएका मानिसहरूको नामहरू लेख्न वा तस्वीर बनाउन लगाउनुहोस् । सुरक्षित रहन र उनीहरूका सपनाहरू पूरा हुनको लागि उनीहरूका गोप्य योजनाको महत्त्वपूर्ण भाग यी मानिसहरू हुन् भनेर उनीहरूलाई सम्झाउनुहोस् ।

**बेचबिखन सम्पर्कः** धैर्यता र इच्छाशक्ति बेचिनबाट बचाउने महत्त्वपूर्ण कुराहरू हुन् । तपाईंलाई बारम्बार भर्माउने कोसिस गर्ने मानिसहरूलाई तपाईंले नाइँ भन्न सक्नुहुन्छ । तपाईंका सपनाहरूको सहयोगी नभएका वा रुचि नभएका वयस्कहरूको अघि तपाईं खडा हुन पनि सक्नुहुन्छ ।

बेचबिखन गर्ने व्यक्तिको दास बन्नुअघि हामीले अनुभव गर्ने केही कुराहरू के हुन् ?

१. उनीहरूले नराम्रा छनोटहरू गर्छन् ।

२. बेचबिखन गर्नेहरूका झुट उनीहरूले विश्वास गर्छन् ।

३. उनीहरूले बेचबिखन गर्ने व्यक्तिहरूलाई आफ्ना मित्रहरू भनी विश्वास गर्छन् ।

४. उनीहरूले शर्तहीन र शर्तसहितको प्रेमका बीचमा भिन्नता बुझ्दैनन् । कहिलेकाहीँ बेचबिखन गर्नेहरूले उनीहरूलाई प्रेम गर्छन् भनेर बताउँछन् तर त्यो गलत प्रकारको प्रेम हो ।

५. बेचबिखन गर्नेहरूले गरेका प्रतिज्ञाहरू उनीहरूले विश्वास गर्न चाहन्छन् ।

६. आफ्ना सपनाहरू पूरा हुनलाई उनीहरू अधैर्यवान हुन्छन् र काम गर्न सही समय पर्खन चाहँदैनन् ।

## सिकारूहरूका लागि सेसन ४ मा अतिरिक्त कुराहरू

## तपाईंका सपनाहरू शब्दमा राख्ने र ती पूरा गर्न काम गर्ने

*यो अतिरिक्त सामाग्री प्रयोग गर्न अतिरिक्त ३० मिनेट दिनुहोस्*

**कक्षाअघिः** तल वर्णन गरिएझैं अगुवाले आफ्नै लक्ष्य बनाएको क्रियाकलाप तयार गर्नुपर्छ– केही समयको लागि विशेष कदमहरू लिएर कसरी व्यक्तिगत शैक्षिक लक्ष्य पूरा गरिएको थियो । कालोपाटी, चकपाटी वा पोस्टरमा भर्याङ निर्देशन बनाउनुहोस् । लेख्नको लागि कदमहरू ठूलो बनाउनुहोस् । भर्याङलाई "तपाईंको सपना शब्दहरूमा राख्ने" भन्ने शीर्षक राख्नुहोस् । हरेक साना कदमहरूमा तपाईंको लक्ष्यमा पुग्न तपाईंले लिनुभएको साना कदमहरूमध्ये एउटा लेख्नुहोस् । एउटा भागमा साना आकारहरू बनाउनुहोस् (तपाईंको यात्रामा तपाईंलाई उत्साह दिने कसैको) ।

हरेक सिकारूसँग सेसन १-३ प्रश्नहरूबाट जवाफहरू भएको नोटबुक हुनुपर्छ । यसमा वा अघिल्लो सेसनहरूमा भएका धारणाहरू वा विचारहरूका बारेमा विद्यार्थीहरूमा भएका प्रश्नहरूको जवाफ दिनुहोस् । अघिल्ला सेसनहरूमा झैं नोटबुक प्रश्नहरूको सामना गर्नुहोस् ।

सेसन ४ मा समेटिएका धारणाहरू र कथाका कुराहरूले विद्यार्थीहरूलाई उनीहरूका सपनाहरू पूरा हुनको लागि वास्तवमा साँचो मित्रहरू हुनु, अभिव्यक्ति, योजना बनाउनुको महत्त्व देखाउँछ । मञ्जरीसँग साँचो मित्रहरू, सहयोगी घर र तिनले सिकेकी सबै कुराहरूको कागजको मुठो छ । आफैंलाई मेहेनेतमा प्रतिबध्द गर्न र धैर्यतामा निरन्तरता दिन तिनको लागि सजिलो छ किनभने तिनले यो सबैलाई त्यसको स्थानमा राखेकी छिन् ।

सिकारूहरूका नोटबुकहरूमा भर्याङको चित्र निर्देशनहरू बनाउन लगाउनुहोस् । भर्याङको माथि उनीहरूलाई लक्ष्य लेख्न लगाउनुहोस् (लामो वा छोटो समयको) । यो उनीहरूको सपना हो । उनीहरूको लक्ष्यमा पुग्न उनीहरूले लिन सक्ने कदमहरूका बारेमा ठूलो सोरमा छलफल गर्नुहोस् । आवश्यक साना कदमहरूमध्ये एउटाको साथमा हरेक तल्लो कदममा लेख्नुहोस् ।

भर्याङको छेउमा अधैर्यता वा निरासा, समस्या हुँदा उद्देश्य र समर्पणताको साथमा सहायता गर्ने प्रशिक्षक वा वयस्क प्रेरकको तस्वीर बनाउन लगाउनुहोस् । उनीहरूको नोटबुकको पृष्ठमा त्यो व्यक्तिको नाम लेख्न विद्यार्थीहरूलाई भन्नुहोस् । मञ्जरीलाई उत्साह दिन ठूलोबा तिनीसँग थिए । उनीहरूका सपनाहरू पूरा गर्न उनीहरूको योजनामा रहन वयस्क प्रेरकसँग (ठूला मित्र, परिवारका विश्वास गरिएका मित्र, परिवारका ठूला सदस्य, विगतमा कसैसँग त्यस्तै लक्ष्य भएका र त्यसलाई पाएका) भेट गर्नु महत्त्वपूर्ण हुन सक्छ भनेर उनीहरूलाई सम्झाउनुहोस् ।

### सेसन ४ को लागि नोटबुक प्रश्नहरू

अघिल्लो सेसनहरूका लागिझैं उही ढाँचा प्रयोग गर्नुहोस्, अहिले समयले दिएसम्म छलफल गर्नुहोस् र बाँकी घरमा पूरा गर्न सिकारूहरूलाई भन्नुहोस्:

- तपाईंले वास्तवमा नै चाहनुभएको केही कुरा पाउन तपाईंले धैर्य गर्नुभएको समयको वर्णन गर्नुहोस् ।
- निरन्तरको अर्थ तपाईंले निरुत्साह महसुस गरे पनि मेहेनेत गरिरहने हो । तपाईं निरुत्साही हुँदा तपाईंको लागि केही गर्ने वा केही भन्ने मानिसहरूबाट तपाईंले कस्ता कुराहरू चाहनुहुन्छ ?
- तपाईंको प्रारम्भिक विद्यालय छोड्न दबाब दिने मानिसहरू वा अवस्थाहरू छन् ? तपाईंले आफैंलाई यी दबाबमा दिनुहुन्छ भने तपाईंलाई के हुन सक्छ ?
- विद्यालय चाँडै छोड्ने र राम्रो गर्ने कसैलाई चिन्नुहुन्छ ? राम्रो नगर्ने कोही ?

**छलफलः** सेसन ३ को अन्त्यमा तपाईंले सिकारूहरूलाई मानव बेचबिखनका भिन्नै प्रकारका अनुसन्धान गर्न भन्नुभयो । उनीहरूले सिकेका कुराहरू बाँड्न लगाउनुहोस् । (मुख्य प्रकारहरू यौनको लागि बेचबिखन, श्रमको लागि बेचबिखन र अङ्ग बेचबिखन हुन् ।)

# सेसन ५: तपाईं उड्न जन्मनुभएको थियो। थोरै कुरामा सम्झौता नगर्नुहोस्।

**स्रोतहरू र सामाग्रीहरूको सूची**: चित्र पुस्तकहरू, अगुवाको निर्देशिका, शिक्षकको पुतली पोइन्टर, क्रियाकलापको समयको लागि शिक्षकको "पुतलीको पखेटाको" नमुना, ठूलो पोस्टरवेट कागजको दुई टुक्रा, तन्किने धागो (हरेक विद्यार्थीलाई), स्टेपलर, कैंची, गम, प्वाँख वा पखेटाहरूका लागि अन्य अतिरिक्त सामानहरू, पत्रिकाहरूबाट काटिएका तस्वीरहरू, रङ्गीन कलमहरू वा मार्करहरू, सेसन १-५ का लागि धारणा पोस्टरहरू

**सिकारू सेसनको लागि**: माथिका सामाग्रीहरूका साथमा नोटबुकहरू र कलमहरू

**कक्षाअघि**: ठूलो पोस्टरबोर्डको एउटा टुक्रामा माथिपट्टि म उड्न जन्मिएको हुँ भनेर लेख्नुहोस्। अर्को टुक्राले बुट्टा नगरिएको पुतलीको पखेटाको नमुना बनाउनुहोस्। (निर्देशनको लागि http://www.videojug.com/film/how-to-make-your-own-wings हेर्नुहोस्।) पोस्टर बोर्ड वा ए२ बोर्ड (२२" x २८" वा ५५.८८सेमी x ७१.१२ सेमी) मा स्केलको लागि यहाँ पुतलीको पखेटाको पध्दति परिवर्तन गर्नुहोस् र तस्वीर बनाएको पध्दति बनाउनुहोस् र कक्षामा प्राथमिकतामा अर्को पखेटाहरू काट्नुहोस्। तपाईंको सिकारू शिक्षकहरूले सहायता गर्न सक्नुहुन्छ। हरेक जोडी पखेटाहरूका लागि ए२ बोर्ड वा पोस्टर बोर्ड आधा पट्याउनुहोस् र पखेटा बनाउनुहोस्, त्यसलाई काट्नुहोस्। दुई वटा तन्किने धागो (१२ इन्चको) काट्नुहोस्, प्वाल बनाउन हरेक पुतलीको पखेटाको भित्रको तल र माथि नजिकै हरेक धागो स्टेपलर गर्नुहोस्। गम प्रयोग गरी पखेटाहरूमा बुट्टा बनाउनुहोस् र तिनीहरूमा मार्करहरू, रङ्गीन कलमहरूले लेख्नुहोस् वा बनाउनुहोस् वा थप्नुहोस्। त्यसमा बाँधिएको इलास्टिकको मद्दतले तपाईंको पाखुरामा पखेटाहरू बाँध्नुहोस्।

**सेसन ४ पुनरावलोकन**: विद्यार्थीहरू गोलाकारमा बस्न सक्छन् (सींहरू वा भूइँमा)। अघिल्ला सेसनहरूबाट धारणा पोस्टर पुनरावलोकन गर्दै केही समय बिताउनुहोस्। पुनरावलोकनः धैर्यवान हुनु भनेको के हो ? किन तपाईंको सपना पर्खन र मेहेनत गर्न योग्य छ ? अघिल्लो सेसनमा मञ्जरीले आफ्नो शिक्षा पूरा गरेकी र जामुन रूख खोज्न नयाँ यात्रा सुरु गरेकी र अनन्त र आफ्नो पूरै समुदायलाई सहायता गर्न त्यसको बीउ ल्याइन्। यो समयमा तिनको सपना पूरा गर्न सहायता गर्न तिनीसँग नक्सा, योजना, ठूलोबाको आशिष् र आफ्नो पखेटा छ।

**सेसन ५ सुरु गर्नुहोस्:** जब मञ्जरी जामुन रूखको लागि आफ्नो यात्रामा सुतिन्, त्यसपछि के भयो भनेर हामीले यो हप्ता सिक्छौं।

**पृष्ठ ६९:** *अचानक उच्च पहाडमा चढ्दै गरेका सपनाका चोरहरूको आवाजले तिनी जागिन्। तिनीहरूबाट भाग्नको लागि उनीसँग कुनै स्थान थिएन। कहीँ पनि जाने ठाउँ नभएको हुनाले तिनले गहिरो सास लिइन् र भीरबाट फाल हानिन्।*

- सपनाका चोरहरूमध्ये एउटाले किन आफ्ना आँखाहरू लुकायो ? (उ मञ्जरीबाट डरायो।)
- सपनाको चोर किन मञ्जरीबाट डराएको हो ?

**पृष्ठ ७०-७१:** *मञ्जरी खसिन्, अचानक तिनले आफ्नो पखेटा चलाउन थालिन् र तिनी उड्न सक्छिन् भनेर थाहा पाइन्। तिनी सपनाका चोरहरू भएको भीरमा फर्किइन्। तिनलाई र तिनी उडेको देखेर उनीहरू अचम्ममा परे र उनी तिनीहरूलाई भीरबाट घचेट्न सक्थिन्। अन्त्यमा भीरमा मञ्जरीबाहेक कोही पनि थिएन। टाढा तिनले जामुन रूख देखिन्। तिनले आफ्नो पखेटाहरू चलाइन् र उडेर उपत्यका पार गरिन् र अन्त्यमा पूर्ण चन्द्रमामा उनी जामुन रूखसम्म् पुगिन्।*

- सपनाका चोरहरूले मञ्जरीलाई भीरबाट फाल हान्न बाध्य पार्दा के भयो ?

- उपत्यका उडेर पार गर्न उनी डराएकी जस्तो देखिइन्, किन ?

**पृष्ठ ७२-७३:** *मञ्जरीले सबैभन्दा पहिले जामुनको फल चाखिन् । तिनले धेरैभन्दा धेरै खाइन् र बीउहरू आफ्नो व्ल्याङ्केटमा राखिन् । अन्त्यमा तिनी सुतिन् । बिहान मञ्जरी उठिन्, आफ्नो व्ल्याङ्केटमा बीउहरू जम्मा गरिन् र झाउँकिरी र चेपागाँडाकहाँ उडेर गइन् । तिनले उनीहरूसँग जामुनका बीउहरू बाँडिन् र त्यसपछि बाटोमा बीउहरू खसाल्दै उडेर घर फर्किइन् ।*

- तलका तस्वीरहरू, पृष्ठ ७२: मञ्जरीले के गरिरहेकी थिइन् र किन ? (फल खाइरहेकी र बीउहरू निकालिरहेकी थिइन् ताकि तिनले ती आफ्ना परिवार र मित्रहरूका लागि लग्न सकून्)
- तलका तस्वीरहरू, पृष्ठ ७३: मञ्जरीले के गरिरहेकी थिइन् र किन ? (बीउहरू बाँडिरहेकी र खसालिरहेकी ताकि उनीहरूले जामुन रूखहरू उमार्नेछन्)
- झाउँकिरी र चेपागाँडाको लागि उनी साँचो मित्र थिइन् भनेर तिनले कसरी देखाइन् ? (उनीहरूलाई बीउ दिएर)

**क्रियाकलाप समयः पुतलीका पखेटाहरू**

यो क्रियाकलाप गर्न सामाग्रीहरू जम्मा गर्न र उठ्न अनुमति दिनुहोस् । तपाईंले बनाउनुभएको पुतलीका पखेटाहरू बनाउनुहोस् र उनीहरूका आफ्नै बनाउन उनीहरूलाई सहायता गर्नुहोस् (कक्षाअघि भएका निर्देशनहरू हेर्नुहोस्) । पोस्टरबोर्डमा आफ्ना पखेटाहरू बनाउन र ती काट्न साना विद्यार्थीहरूलाई सिकारूहरूबाट धेरै सहायताको आश्यकता हुन सक्छ । (साना उमेरका समूहहरूका लागि, पखेटाहरू बनाउनुहोस् र त्यसलाई समयमा नै काट्नुहोस्, क्रियाकलाप समयको लागि रङ लगाउने र बुट्टा छोड्नुहोस् ।) विद्यार्थीहरूले प्वाँख काट्न सक्छन् वा पत्रिकाहरूबाट उनीहरूले तस्वीर काट्न सक्छन् वा तस्वीरहरू बनाउनुहोस् वा उनीहरूको पखेटामा यो प्रश्नको जवाफ शब्दहरूमा लेख्नुहोस्: मेरो जीवनमा म के गर्छु वा हुन्छु भन्ने बारेमा मैले के सपना देखेको छु ? तपाईंले तन्किने धागो काट्दा ती नाप्न बालबालिकाहरूले तपाईंलाई सहायता गर्न सक्छन् र पखेटाहरूमा स्टेप्लर गर्नुहोस् । आफ्ना पखेटाहरूमा विद्यार्थीहरूले के राखे भनेर उनीहरूलाई बाँड्न लगाउनुहोस् र अहिले वा सेसनको अन्त्यमा ती उल्लेख गर्नुहोस्:

- मञ्जरीको पखेटा हुनुको अर्थ के हो ? (उनी उड्न जन्मिएकी थिइन् ।)

**पुनरावलोकनः** तिनले धेरै कठिन पाठहरू सिक्नुपरे पनि र काम गर्न सही समय पर्खनुपरे पनि मञ्जरीले आफ्नो सपनामा हरेस खाइनन् । अब तिनले एकदमै विशेष पाठ सिकेकी छिन्: तिनको पखेटाहरूको अर्थ तिनी "उड्न जन्मेकी" थिइन् ।

- तपाईंले पुस्तक पढ्नुअघि बर्न टु फ्लाइ शीर्षकको अर्थ के हो भनेर सोच्नुभएको थियो ?
- के तपाईं कुनै प्रकारले मञ्जरीजस्तो हुनुहुन्छ ? तपाईं कसरी उड्न जन्मनुभएको हो ?

**पृष्ठ ७४-७५:** *जब मञ्जरी घर फर्किइन्, ठूलोबा र अन्य झुसिल्किराहरू उनलाई अभिवादन गर्न दौडिए । तिनले उनीहरूलाई जामुनको बीउ दिइन्, जुन उनीहरूले तुरुन्तै रोपे । बीउहरू उम्रन थाले र चाँडै पूरै भूमिभरि जामुनको रूख भयो ।*

- कुसुम उपत्यकामा मञ्जरीको दोस्रो पुनरावलोकन कसरी पहिलोभन्दा फरक छ ?
- बीउहरू उम्रन्छन् भनेर निश्चित गर्न गाउँलेहरूले गर्नुपर्थ्यो ?

**पृष्ठ ७६-७७:** *फेरि पनि एक पटक हरेक घरमा जामुन फलकोउ जारहरू छन् र मञ्जरीले आफ्नो परिवारको लागि जामुन स्टिउ बनाइन् । एक दिन तिनका पुराना मित्रहरू तिनलाई भेट्न आए- झाउँकिरी र चेपागाँडा, जो अब भ्यागुता भएका छन् । झाउँकिरीको नयाँ सोर एकदमै मीठो छ अनि उनी कन्सर्टमा गाउँछन् । त्यसपछि झुसिल्किराहरूले पार्टी मनाए, जहाँ हरेकले उनीहरूले चाहेको जामुनको स्टिउ खाए ।*

- तपाईंले कुनकुन सपनाहरू पूरा भएको देख्नुभयो ? (भ्यागुता उफ्रेको, झाउँकिरी, गाएको, अनन्त स्वस्थ आदि ।)
- गाउँलेहरूले अन्त्यमा जामुन स्टिउ खान पाउँदा उनीहरूले कस्तो महसुस गरे होलान् ?

**पृष्ठ ७८:** *हरेक साना झुसिल्काराले ठूलोबाको मुठोपछाडि मञ्जरीले के लेखेकी थिइन् भनेर अध्ययन गरे ताकि तिनले यात्राको समयमा सिकेकी महत्त्वपूर्ण पाठहरू तिनीहरूले बुझ्न सकून् । चाँडै नै उपत्यका कोकुनहरू, पुतलीहरू र जामुन रूखहरूले भरियो ।*

- यो पृष्ठमा भएका सबै कुराहरू देखाउनुहोस् । रूखहरूमा तपाईंले के देख्नुहुन्छ ? (पुतलीको जीवन चक्र पुनरावलोकन गर्न पुतली पोइन्टर प्रयोग गर्नुहोस् ।)
- अनन्त र ठूलोबालाई के भयो ?
- अब गाउँमा किन धेरै पुतलीहरू भए ?
- शिक्षकले साना झुसिल्किराहरूलाई के सिकाउँदै हुनुहुन्छ ?

**पुनरावलोकनः तपाईं र तपाईंको सपनाको बीचमा के वा को खडा हुन सक्छ ?** अघिल्लो सेसनहरूमा विद्यार्थीहरूले सपनाका चोरहरू पहिचान गरे । विद्यार्थीहरूलाई ती कुरा सम्झाउनुहोस् । व्यक्तिको रूपमा उनीहरूका आफ्नै अधैर्यवान र आफ्नै मूल्यमाथि विश्वासको कमीले उनीहरूको सपना चोरिन सक्छ । आफ्ना सपनाहरूलाई अगाडि लैजान उनीहरूसँग आफ्नै पखेटाहरू छन् तर ती पखेटाहरू विकास हुन र बलियो गरी हुर्कन समय लाग्छ भनेर उनीहरूलाई सम्झाउनुहोस् ।

**तपाईंका सपनाहरू जिउँदो राख्न असल छनोटहरू गर्न तपाईंलाई कसले सहायता गर्न सक्छ ?** अघिल्लो समयमा विद्यार्थीहरूले उनीहरूलाई शर्तहीन रूपमा प्रेम गर्ने मानिसहरू र उनीहरूका साँचो मित्रहरू को हुन् भनेर पहिचान गरे । साँचो मित्रले उनीहरूलाई साँचो रूपमा प्रेम गर्छ, उनीहरूका लागि राम्रो कुरा चाहन्छ र उनीहरूको सपना जिउँदो राख्न उनीहरूलाई सहायता गर्न सक्छ ।

- तपाईंको सपना पूरा गर्न उड्नलाई तपाईंका पखेटाहरू फैलाउनको लागि सही समय कहिले हुनेछ ?
- तपाईंले यी सपनाहरू पाउँदा तपाईंलाई कसले हौसला दिनेछ ?

**बेचबिखन सम्पर्कः** तपाईंका सपनाहरू पछ्याउन कसरी सुरक्षित र सफल हुने भन्ने बारेमा विशेष पाठहरूका साथमा बर्न टु फ्लाइ चिन्ह हो भनेर विद्यार्थीहरूलाई सम्झाउनुहोस् ।

- तपाईंले आफ्ना सपनाहरू पछ्याउँदा तपाईं अझै पनि सुरक्षित हुन सक्नुहुन्छ । सुरक्षित हुनुको अर्थ तपाईंले केही पनि नगर्ने भन्ने होइन । यसको अर्थ मञ्जरीको कथाबाट तपाईंले सिक्नुभएका सबै कुराहरू तपाईंले सम्झनु आवश्यक छ ।
- बेचबिखन हुनबाट बच्न तपाईंको जीवनमा तपाईंसँग भएका समस्याहरू वा तपाईंसँग भएका डरहरूका बारेमा तपाईंले सधैं कुरा गर्न सक्ने सुरक्षित वयस्क तपाईंले पहिचान गर्नु महत्त्वपूर्ण छ । तपाईंको लागि त्यो सुरक्षित वयस्क को हो ?
- तपाईंले यी कुराहरू सम्झन मुठो बनाउनुहोस् ताकि तपाईं उड्न सक्नुभएको होस् । (छनोटका परिणामहरू हुन्छन् आदि)

**क्रियाकलापः** म उड्न जन्मेको हुँ भनेर तपाईंले लेख्नुभएको पोस्टर विद्यार्थीहरूलाई देखाउनुहोस् । पोस्टरमा उनीहरूले आफ्नो नाम लेख्न लगाउनुहोस् (र समय भएसम्म उनीहरूलाई प्रतिनिधित्व गर्ने पुतली बनाउन लगाउनुहोस्) । विद्यार्थीहरूका पखेटाहरूमा उनीहरूलाई छिटो गर्न सहायता गर्नुहोस् । स्रोतहरूले अनुमति दिन्छ भने समूहको फोटो खिच्नुहोस् र सेसन ६ को

अँत्यमा विद्यार्थीहरूलाई फोटो दिनुहोस् । तपाईंले हरेकको लागि एक प्रति बनाउन सक्नुभएन भने त्यो सेसनको समयमा देख्ने गरी समूहको फोटो उपलब्ध गर्नुहोस् ।

**क्रियाकलाप:** विद्यार्थीहरूलाई मञ्जरीको सपना दोहोर्याउनुहोस् । विद्यार्थीहरूले चाहेअनुसार उनीहरूका आफ्नै सपनाहरू कागजको टुक्रामा लेखेर त्यसलाई प्रदर्शन गर्न लगाउनुहोस् । ती कुरा बाँड्न चाहने बालबालिकाले ठूलो सोरमा त्यसो गर्न सक्छन्, अरूले ती कुराहरू बाँड्दा हरेकलाई आदर गर्न र उत्साह दिन सम्झाउनुहोस् । बालबालिकालाई ती कागजहरूमा दस्तखत गर्न र मिति लेख्न लगाउनुहोस् र उनीहरूका सपनाहरू स्वीकार गरेको अभिलेखको रूपमा व्यक्तिगत रूपमा ती राख्नुहोस् ।

**सिकारूहरूका लागि सेसन ५ मा अतिरिक्त कुराहरू**

**तपाईंको सपनाको समूह बनाउने**

*यो अतिरिक्त सामाग्रीहरू प्रयोग गर्न अतिरिक्त ३० मिनेट दिनुहोस् ।*

हरेक सिकारूहरूको साथमा अघिल्लो सेसनहरूबाट पूरा गरेका जवाफहरू लेखिएको नोटबुक हुनुपर्छ । अघिल्लो सेसनहरूमा तपाईंले गर्नुभएझैं विद्यार्थीहरूलाई प्रश्न सोध्ने र जवाफ दिने मौका दिनुहोस् ।

सेसन ५ मा पखेटा हुनुको अर्थ तिनी उड्न जन्मिएकी थिइन् भनेर मञ्जरीले सिकिन् । आफ्ना पखेटाहरूले सपनाका चोरहरूमाथि विजय पाउनुका साथै जामुन रूखसम्म पुग्न र कुसुम उपत्यकामा त्यसका बीउहरू ल्याउन सम्भव गराउँछ भनेर पनि तिनले सिकिन् । मञ्जरी आनन्दपूर्वक घर फर्किइन् र तिनले बोकेकी बीउहरूले तिनले वास्ता गरेकी हरेकको लागि असल परिवर्तन ल्याएको छ । सही समय पर्खने र सही प्रकारको सहायता र मञ्जरीको उद्देश्य पूरा गर्न फेरि कोसिस गर्नुअघि तयारीले तिनको लागि धेरै भिन्नता ल्यायो । छलफल गर्नुहोस्:

- मञ्जरी सपनाका चोरहरूबाट भाग्नुपर्थ्यो । तपाईंलाई बेचिएको वा लगिएको भए तपाईंले के गर्नुहुन्थ्यो ? तपाईं कसरी भाग्नुहुन्थ्यो ? (लडाइँ गर्नुहुन्छ, हरेस नखाने, बाटो पत्ता लगाउने, विश्वास गर्न सकिने वयस्कलाई बताउने, अन्य विचारहरू ?)
- सपनाको समूह भनेको के हो ? (मित्रहरू र परिवार, जसले तपाईंलाई सहायता र सहयोग गर्नुहुन्छ ताकि तपाईंले आफ्नो सपना पछयाउन सक्नुभएको होस्- ताकि तपाईंले आफ्नो पखेटा उड्न फैलाउन सक्नुभएको होस्)
- मञ्जरीको सपनाको समूह को हो ? (पृष्ठ ७६-७८ मा भएका चरित्रहरूको पुनरावलोकन, ती सबैले मञ्जरीको सपनाहरूलाई सहायता गरे ।)

सिकारूहरूलाई आफ्नो नोटबुकको पूरै पृष्ठमा मेरो सपनाको समूह शीर्षक लेख्न भन्नुहोस् । जसरी मञ्जरीलाई सल्लाह दिन, सिकाउन र सहायता गर्न पूरै समूहको खाँचो परेको थियो, त्यसरी नै सिकारूहरूलाई पनि चाहिन्छ । उनीहरूको सपनाको समूहको भाग हुन सक्ने, उनीहरूका बारेमा वास्ता गर्ने, सहायता गर्ने र उत्साह दिने मानिसहरूको मुठो बनाउन लगाउनुहोस् । यी शिक्षक वा आत्मिक अगुवा, फुटबलको प्रशिक्षक, परिवारका सदस्यहरू, परामर्शदाता वा सल्लाहकार हुन सक्छन् । कुनै नराम्रो कुरा भएको अवस्था वा कसैले उनीहरूलाई बेच्ने कोसिस गरेको अवस्थामा सम्पर्क गर्न उनीहरूले त्यो मुठोमा विशेष विश्वास गरिएको व्यक्ति पनि समावेश गर्न सक्छन् ।

**सेसन ५ को लागि नोटबुक प्रश्नहरू**

अघिल्लो सेसनहरूका लागि झैं उही ढाँचा प्रयोग गर्नुहोस्, तपाईंसँग अहिले समय भएसम्म छलफल गर्नुहोस् र बाँकी घरमा पूरा गर्न सिकारूहरूलाई भन्नुहोस्:

- तपाईं बेचबिखनबाट सुरक्षित हुनुहुन्छ भनेर तपाईंले निश्चित गर्न तपाईंले गर्न सक्ने कुराहरू केके हुन् ?
- जीवनमा तपाईंसँग भएका सपनाहरू पाउन र तपाईंका बीचमा को वा के खडा भएको छ ? यी बाधाहरू वा मानिसहरूसँग सामना गर्न तपाईंले के गर्न सक्नुहुन्छ ?
- अब तपाईंले यो पुस्तक पढ्नुभएको छ, तपाईंले बालबालिकाहरूलाई उनीहरू आफ्ना सपनाहरू पछयाउन सुरक्षित र स्वतन्त्र हुन सक्छन् भनेर कसरी बताउनुहुन्छ ?

**छलफलः** बालबालिका बेचबिखन विरुध्द लडाइँ गर्ने भिन्न तरिकाहरूका बारेमा छलफल गर्न सिकारूहरूलाई भन्नुहोस् । यी तीन क्षेत्रहरूअनुसार तिनीहरूलाई वर्गीकरण गर्नुहोस्: रोकथाम (जनचेतना तालिम), सुरक्षा (उध्दार, त्यसपछि वास्ता) र कार्यान्वयन (कानुनहरू परिवर्तन र किनबेच गर्नेहरूलाई पक्राउ र कारवाही गर्ने) ।

# सेसन ६: पुनरावलोकन र समर्पणता

**स्रोतहरू र सामाग्रीहरूको सूची**: चित्र पुस्तकहरू, अगुवाको निर्देशिका, अघिल्लो सेसनमा लिइएको सामुहिक फोटो (हेर्नलाई सबैको लागि एउटा फ्रेममा राख्ने, सम्भव भए हरेक विद्यार्थीका लागि एउटा), पुनरावलोकन खेलका टुक्राहरू, खेलको लागि मार्करहरू (बटनहरू, कागज वा फ्याब्रिकको साना गोलाकार/वर्गाकार), हरेक विद्यार्थीका लागि कम्तीमा दुई टुक्रा पर्याप्त क्यान्डी, कलमहरू, बेचबिखनसम्बन्धी जानकारी पोस्टरहरू (हातले लेखिएको वा छापिएको), सबै सेसनहरूका लागि धारणा पोस्टरहरू, समर्पणता कागजहरू र बर्न टु फ्लाइ ब्रासलेटहरू

**सिकारू सेसनको लागि**: माथिका स्रोतहरू साथै नोटबुक र कलमहरू र सिकारू पिनहरू वा रिबनहरू

**शिक्षकको लागि नोट**: तपाईंको संस्कृति, सामाजिक मापदण्डहरू र उमेर र तपाईंका विद्यार्थीहरूको अनुभवको स्तरमा उपयुक्त बनाउँदै यो पाठ मिलाउनुहोस्, विशेषगरी बेचबिखनका बारेमा जानकारी संलग्न भएको स्थानमा । साना बालबालिकासँग भन्दा किशोरकिशोरीहरूसँग धेरै निर्देशित हुनुहोस् । तपाईंको लक्ष्य डर उत्पन्न गर्ने होइन तर उनीहरूलाई आफ्ना सपनाहरूलाई हुन्छ भन्ने र बेचबिखन गर्ने व्यक्तिहरूलाई नाइँ भन्न उनीहरूलाई सबलीकरण गर्ने हो, जसले ती सपनाहरूमा हरेस खान उनीहरूलाई दबाब दिन सक्छ । यो सेसनमा भएको समर्पणतामा सहभागी हुन समुदायलाई निम्तो गर्न सक्नुहुन्छ । यसलाई विशेष अवसर बनाउनुहोस्, खानेकुराहरू बाँड्नुहोस्, विद्यार्थीहरूले आफ्ना पखेटाहरू, अघिल्ला सेसनहरूबाट बनाएका अन्य कुराहरू र उनीहरूका ब्रासलेटहरू र समर्पणता प्रमाणपत्रहरू देखाउन सकून् । विशेषगरी यो परियोजना सामुदायिक परियोजनाको भाग हो भने फाइदाजनक हुन्छ ।

**समर्पणता ब्रासलेट/व्याण्ड**: तपाईंको संस्कृतिमा यो उपयुक्त हुन्छ भने विद्यार्थीहरूलाई हल्का अक्वा बर्न टु फ्लाइ रङको सिलिकन जनचेतना ब्रासलेट (लाइभस्ट्रङ ब्रासलेटजस्तो) दिन हामी सिफारिस गर्छौं । स्रोतहरू पत्ता लगाउन "जनचेतना ब्रासलेटहरू" भनी गुगलमा खोज्नुहोस् । ती तपाईंको भाषामा बर्न टु फ्लाइ र तपाईंको देशको बेचबिखन विरुध्द हटलाइन नम्बरको साथमा छाप्नुहोस् (विश्वव्यापी हटलाइन मुठोको लागि http://www.state.gov/j/tip/rls/other/2011/168859.htm मा हेर्नुहोस्) ।

**पुनरावलोकन खेल**: विद्यार्थीहरू गोलाकारमा बस्न सक्छन् (कुर्सीहरू वा भूइँमा) । बर्न टु फ्लाइ चिन्ह हो- हाम्रो लागि पाठहरू भएको पशुहरू वा अन्य गैह्र मानिसको बारेमा कथा हो भनेर उनीहरूलाई सम्झाउनुहोस् । सुरक्षित तवरमा हामीले कसरी हाम्रा सपनाहरू पछयाउन सक्छौं भनी बर्न टु फ्लाइले सिकाउँछ । मञ्जरीलाई के भएको छ भन्नेबाट हामीले सिक्न सक्छौं र तिनले झैं त्यही गल्ती गर्नुहुँदैन । आज बर्न टु फ्लाइ चित्र पुस्तकको पुनरावलोकन गर्न विद्यार्थीहरूले खेल खेल्नेछन् । हरेक विद्यार्थीले पुनरावलोकन खेल कागज र बटनहरू र पेपर मार्करहरू पाउँछन् । खेल बिन्गोजस्तै गरी खेलिन्छः

- अगुवाको रूपमा सल्लाहहरू पढ्नुहोस्, विद्यार्थीहरूले त्यो पुनरावलोकन कागजमा त्यो पाउन सक्छन् कि भनेर हेर्नेछन् । उनीहरूले तस्वीरहरू पाएपछि, त्यो मार्करले छोप्छन् ।
- खेलको उद्देश्य भनेको मार्करले सबै वर्गाकारलाई छोप्ने र पुरस्कार पाउने हो ।
- सबै वर्गाकारहरू छोप्ने क्रममा कुनै विद्यार्थीले कुनै दिशामा दुईवटा लाईनहरू (विकर्ण, तेर्सो वा ठाडो ) समेट्छ भने उसले पुतली भनेर कराउन सक्छ र पुरस्कार पाउँछ (चकलेट) । त्यही समयमा हरेक विद्यार्थीले दुईवटा तेर्सो लहर वा ठाडो लहरमा भर्नेछन्, त्यसैले हरेकले एउटा टुक्रा पाउनेछन्, सबैले एउटै समयमा होइन । त्यहाँ समयको भिन्नता हुनेछ किनभने विद्यार्थीहरूले साँचो मित्रहरूका दुईवटा तस्वीरहरू र सपनाका चोरहरूका चारवटा तस्वीरहरूको बीचमा छान्न सक्छन् ।

- दुईवटा विकर्ण लहर, दुईवटा छोपिएको तेर्सो लहर आदि कस्तो देखिनेछ भनेर देखाउन नमुना पुनरावलोकन खेल कागजमा चिन्ह लगाउनुहोस्। विशेष रूपमा यो साना विद्यार्थीहरूका लागि महत्त्वपूर्ण हुनेछ।

**पुनरावलोकन खेलका निर्देशनहरू:** तपाईंले हरेक सल्लाहहरू पढेपछि पुनरावलोकन पूरा गर्न आवश्यक भएअनुसार प्रश्नहरू सोध्नुहोस् र जवाफहरूका साथमा विद्यार्थीहरूलाई सहायता गर्नुहोस् र त्यसलाई फैलाउनुहोस्। मिल्ने जवाफहरूका तस्वीरहरू थाहा पाउन साना विद्यार्थीहरूलाई सहायताको आवश्यकता हुन सक्छ। ठूला विद्यार्थीहरूका लागि कथाभन्दा गहिरोगरी मञ्जरीका सपनाका चोरहरूजस्तै मानव बेचबिखन गर्नेहरूले कसरी तिनीहरूलाई छल गर्छन् भनेर बताउनुहोस्।

# बर्न टु फ्लाइ पुनरावलोकन खेल



# बर्न टु फ्लाइ खेल पुनरावलोकन सङ्केतहरूः

***सङ्केत १:*** मञ्जरी मूल्यवान र प्रेम गरिन योग्यकी छिन् भनेर आफैंलाई सम्झाउन तिनले आफ्नो मुठोमा बनाएकी कुरा देखाउने वर्गाकारहरू छोप्नुहोस्।

***वर्गाकार १३:*** गहाना बीचमा (हरेक विद्यार्थी अद्वितीय, मूल्यवान र प्रेमको योग्य छ, त्यसैले यो खाली ठाउँ छ।)

***विद्यार्थीहरूलाई सोध्ने पुनरावलोकन प्रश्न***हरूः तपाईं किन मूल्यवान हुनुहुन्छ ? तपाईंलाई केले मूल्यवान बनाउँछ ?

***सङ्केत २:*** पुस्कत सुरु हुँदा मञ्जरी कस्तो प्रकारकी प्राणी थिइन् भनेर देखाउने वर्गाकार छोप्नुहोस्।

***वर्ग १०:*** मञ्जरी झुसिल्किराको रूपमा

***पुनरावलोकनः*** तिनी कहाँ बस्थिन् ? (कुसुम उपत्यका) कुसुम उपत्यकालाई किन कालो बादलले ढाकेको थियो ?

***सङ्केत ३:*** मञ्जरी कोसँग बस्छिन् भनेर देखाउने दुईवटा वर्गाकारहरू छोप्नुहोस्। (यो सङ्केतको लागि दुईवटा वर्गाकारहरू छोप्न विद्यार्थीहरूलाई भन्नुहोस्।)

***वर्गाकार ४ र १७:*** अनन्त र ठूलोबा

***पुनरावलोकनः*** तिनी कसरी उनीहरूसँग सम्बन्धित छिन् ? (हजुरबुबा र भाइ) हरेक दिन तिनीहरूले के खान्थे ? अनन्तले हरेक दिन हाँगाको सुप मात्रै खाएको हुनाले तिनलाई के भयो ? (बिरामी भए)

***सङ्केत ४:*** मञ्जरीले उच्च पहाडमा गएको सपना देख्दा हरेक रात तिनले देख्ने सपनामा सहायता गर्नेलाई देखाउने वर्गाकार छोप्नुहोस्।

***वर्गाकार ८:*** घामकिरा

***पुनरावलोकनः*** कथामा अन्य स्थानहरूमा मञ्जरीलाई सहायता गर्न घामकिरा कहाँ आउँथे ?

***सङ्केत ५:*** मञ्जरी हरेक दिन जाने स्थान देखाउने वर्गाकार छोप्नुहोस्।

***वर्गाकार ५:*** विद्यालय

***पुनरावलोकनः*** के तिनलाई त्यहाँ जान मन पर्छ ? मञ्जरीको भविष्यको लागि शिक्षा पाउनुको अर्थ के हो ?

***सङ्केत ६:*** मञ्जरी जान सपना देख्ने स्थान देखाउने वर्गाकार छोप्नुहोस्। यो कुरा पत्ता लगाउन र कुसुम उपत्यकामा भएका सबै मानिसहरूलाई सहायता गर्ने यो तिनको जीवनको सपना हो।

***वर्गाकार १४:*** जामुन रूख

***पुनरावलोकनः*** यो रूखमा के फल्छ र यसले कसरी मञ्जरीको समुदायलाई सहायता गर्न सक्छ ? मञ्जरीको सपना राम्रो वा नराम्रो छ ?

***सङ्केत ७:*** ठूलोबाले मञ्जरीलाई चेतावनी देखाउन चाहेका खतराजनक प्राणीहरूमध्ये एउटा देखाउने एउटा वर्गाकार छोप्नुहोस्। (यी प्राणीहरू भएका एउटाभन्दा बढी वर्गाकारहरू छन् तर एउटा मात्रै छान्नुहोस्।)

***वर्गाकार २, ९, १५ वा २३:*** सपनाका चोर (विद्यार्थीहरूले यीमध्ये एउटा मात्रै छोप्न सक्छन्।)

***पुनरावलोकनः*** सपनाको चोर के हो ? तिनीहरूले के गर्छन् ? याद राख्नुहोस्, सपना चोरहरू एउटा तरिकाको मात्रै देखिँदैनन्, तिनीहरू जोकोही पनि हुन सक्छन्।

***सङ्केत ८:*** मञ्जरीका साँचो मित्रहरू देखाउने एउटा वर्गाकार छोप्नुहोस् । (यहाँ एउटाभन्दा बढी वर्गाकार छन्, तर एउटा मात्रै छान्नुहोस् ।)

***वर्गाकार ७ वा २०:*** साँचो मित्रहरू (विद्यार्थीहरूले यीमध्ये एउटा मात्रै छोप्न सक्छन् ।)

***पुनरावलोकन:*** के कुराले मञ्जरीलाई यी साँचो मित्रहरू बनायो ? याद राख्नुहोस्: हामीले साँचो मित्रहरूलाई उनीहरूले हामीलाई प्रेम गर्ने तरिका र सत्यता बताउने र सहायता गर्ने तरिकाले चिन्न सक्छौं ।

***सङ्केत ९:*** व्यर्थका कुराहरूका लागि मञ्जरीको व्ल्याङ्केटको टुक्रासँग व्यापार गर्न खोज्ने प्राणीहरू देखाउने दुईवटा वर्गाकार छोप्नुहोस् ।

***वर्गाकार २, ९, १५ वा २३:*** सपनाका चोर (विद्यार्थीहरूले यीमध्ये दुईवटा छोप्न सक्छन्, जुन उनीहरूले पहिले छोपेका छैनन् ।)

***पुनरावलोकन:*** सपनाका चोरहरूले मञ्जरीलाई के गरे ? (तिनलाई छल गरे, तिनको व्ल्याङकेट र मुठो चोरे र अलग राखे)

***सङ्केत १०:*** सपनाका चोरहरूले मञ्जरीलाई कहाँ लगे भनेर देखाउने वर्गाकार छोप्नुहोस् ।

***वर्गाकार २५:*** मञ्जरी कैदमा परेकी वा बेचबिखनमा परेकी

***पुनरावलोकन:*** आफूलाई के भएको छ भनेर थाहा पाउँदा तिनले कस्तो महसुस गरिन् ? के तिनीले निस्कने बाटो पाइन् ? मञ्जरी दासत्वमा बेचिएकी थिइनन् तर सपनाका चोरहरूबाट अपहरणमा परेकी थिइन् । उनीहरूले मञ्जरीलाई उनीहरूका लागि काम गर्न र तिनको व्ल्याङ्केट, घर र सपनामा हरेस खान फकाए । तिनी त्यहाँबाट भागिनन् भने तिनलाई के हुन सक्थ्यो ?

***सङ्केत ११:*** सपनाका चोरहरूले मञ्जरीलाई कैदमा राख्दा मञ्जरीले पत्ता लगाएका कुराहरू देखाउने वर्गाकार छोप्नुहोस् ।

***वर्गाकार ३:*** सामाग्रीको रूख

***पुनरावलोकन:*** यो रूखमा के छ ? के यी मूल्यवान कुराहरू हुन् ? सपनाका चोरहरूले यी कुराहरूको साथमा के गरे ? मञ्जरी रूख किन चढिन् ?

***सङ्केत १२:*** सपनाका चोरहरूको रूखको हाँगामा मञ्जरीले आराम गर्दा तिनलाई के भएको छ भनेर देखाउने वर्गाकार छोप्नुहोस् ।

***वर्गाकार ११:*** कोकुन

***पुनरावलोकन:*** यो कसरी बन्यो ? (पीडादायी हाँगाहरूले तिनलाई वरिपरि घेर्यो, ठूलोबाको कुरा नसुनेर तिनी कति गलत थिइन् भनेर तिनले थाहा पाइन्, घर छोडेकोमा तिनले पश्चात्ताप गरिन्, तिनी कोकुनबाट घेरिइन् र त्यसभित्र परिवर्तन भइन्) पूरै समय तिनको साथमा को छ ? (घामकिरा, जसले तिनको व्ल्याङ्केट ल्याइदिए) मञ्जरी कसरी र कहिले हाँगाबाट बाहिर आइन् ? सपनाका चोरहरूबाट कसरी भागिन् ?

***सङ्केत १३:*** मञ्जरी भागेपछि र घर फर्केपछि मञ्जरीमा के भिन्नता छ भनेर देखाउने वर्गाकार छोप्नुहोस् ।

***वर्गाकार १८:*** मञ्जरीका पखेटाहरू

***पुनरावलोकन:*** मञ्जरी कसरी परिवर्तन भइन् ? (अब पखेटाहरूको सथमा पुतली, तैपनि तिनलाई पखेटाहरू अझै के हुन् भनेर थाहा छैन) के तिनी आफ्नो पखेटाहरूमा खुसी थिइन् ? तिनीले लिनुपर्ने निर्णय के हो ? (कुसुम उपत्यका फर्कने वा नफर्कने) तिनले के निर्णय गरिन् ? तिनी घर फर्कने समयमा के भयो ?

***सङ्केत १४:*** मञ्जरीमा परिवर्तन आएको देखेर ठूलोबाले कसरी प्रतिक्रिया दिए भनेर देखाउने वर्गाकार छोप्नुहोस् ।

***वर्गाकार २४:*** शर्तहीन प्रेम

***पुनरावलोकन:*** तिनका पखेटाहरू हेरेर सबैजना किन धेरै अचम्ममा परे ?

***सङ्केत १५:*** मञ्जरीले सिकेकी कुरा तिनले ठूलोबालाई बताउन बनाएकी कुरा देखाउने वर्गाकार छोप्नुहोस् ।

***वर्गाकार १:*** गोप्य मुठो

***पुनरावलोकन:*** मञ्जरीसँग ठूलोबाको मुठो थिएन (सपनाका चोरहरूले त्यो लगे), त्यसैले तिनीले के सिकिन् भनेर तस्वीरहरू कहाँ बनाइन् ? त्यो गोप्य मुठोमा भएका पाठहरू के हुन् ?

- मरेको लट्ठीको तस्वीर (छनोटका परिणामहरू हुन्छन् ।)
- झाउँकिरी र चेपागाँडा (तपाईंको साँचो मित्र को हुन् भनेर चिन्ने)
- मञ्जरी र गहना (तपाईं अद्वितीय, मूल्यवान र प्रेमको योग्य हुनुहुन्छ ।)
- कोकुन (धैर्य, मेहेनत गर्ने र सही समय पर्खने ।)
- पुतली (पखेटाहरूको विशेष अर्थ हुन्छ, त्यो के हो ?)

किनभने मञ्जरीले यी पाठहरूमध्ये केही राम्ररी सिकेकी थिइन्, कालो बादललाई के भयो ? (हट्न थाल्यो र कुसुम उपत्यकामा घामको किरणा फर्कियो)

***सङ्केत १६:*** हरेक रात मञ्जरीको सपनाको बारेमा तिनले सोच्ने कुरा देखाउने वर्गाकार छोप्नुहोस् ।

***वर्गाकार २२:*** मञ्जरीले निरन्तर सपना देखिन्

***पुनरावलोकन:*** मञ्जरीले तिनको सपनामा हरेस खाएको के ठूलोबाले चाहन्थ्यो ? ठूलोबा सपनाको चोर होइन, उनी साँचो मित्र हुन्, जसले तिनको सपना पूरा हुन सहायता गर्न चाहेको छ । तिनले मेहेनत गरेको र सही समयमा निस्कन तयारी गरेको उनले चाहे ।

***सङ्केत १७:*** मञ्जरीले जामुन रूख फेरि पत्ता लगाउने कोसिस गर्नुअघि तिनले के गरेको ठूलोबाले चाहेको कुरा देखाउने वर्गाकार छोप्नुहोस् ।

***वर्गाकार १६:*** विद्यालयको पढाइ पूरा गरेको

***पुनरावलोकन:*** मञ्जरीले कसरी प्रतिक्रिया दिइन् ? (तिनी त्यो लक्ष्य पाउन धेरै मेहेनेत गरिन् । यो समयमा उनी उच्च पहाड र जामुन रूखको लागि यात्रा गर्न सहायता गर्न उनी ठूलोबाको आशिष्, नक्सा र लाल्टिन र मूल्यवान पाठहरूका साथमा कुसुम उपत्यकाबाट निस्किन् ।)

***सङ्केत १८:*** मञ्जरीका साँचो मित्रहरू देखाउने एउटा वर्गाकार छोप्नुहोस् ।

***वर्गाकार ७ वा २०:*** साँचो मित्रहरू (पहिले चिन्ह नलगाएको वर्गाकार छोप्नुहोस् ।)

***पुनरावलोकन:*** यो समयमा यी मित्रहरूले मञ्जरीलाई कसरी सहायता गरे ? (सपनाका चोरहरू आउँदा तिनलाई चेतावनी दिने कोसिस गरे तर तिनी सुतिन्)

***सङ्केत १९:*** मञ्जरीले उच्च पहाड पत्ता लगाएको नचाहने व्यक्ति देखाएको वर्गाकार छोप्नुहोस् ।

***वर्गाकार २, ९, १५ वा २३:*** सपनाका चोर (अहिलेसम्म नछोपेको सपना चोरको तस्वीर छोप्नुहोस् ।)

***पुनरावलोकन:*** जब मञ्जरी भीरमा थिइन्, तिनले आफ्नो बारेमा के थाहा पाइन् ? (तिनको पखेटाहरूको अर्थ तिनी उड्न जन्मेकी थिइन् ।) तिनको उड्न सक्ने क्षमताले कसरी सपनाका चोरलाई पराजित गर्यो ?

***सङ्केत २०:*** मञ्जरीले अन्त्यमा जामुन रूख भेट्दा त्यो कस्तो देखिन्थ्यो भन्ने कुरा देखाउने वर्गाकारलाई छोप्नुहोस् ।

***वर्गाकार ६:*** पूरा चन्द्रमा र जामुन रूख

***पुनरावलोकन:*** मञ्जरी कसरी जामुन रूखसम्म पुगिन् ? (आफ्नो पखेटा प्रयोग गर्दै, त्यहाँ उडेर) रूखमा पुग्दा तिनले के गरिन् ?

***सङ्केत २१:*** मञ्जरी कुसुम उपत्यकामा उडेर फर्कँदा तिनले जामुन बीउहरूको साथमा गरेकी कुरालाई देखाउने कुरालाई वर्गाकारले छोप्नुहोस् ।

***वर्गाकार १२:*** मञ्जरीले जामुन बीउहरू रोपिन् ।

***पुनरावलोकन:*** तिनी घरमा पुगेपछि बीउहरूलाई के गरिन् ? यसले तिनको गाउँलाई कसरी सहायता पुर्याउँछ ?

***सङ्केत २२:*** मञ्जरीले केही जामुन फलको साथामा गरेकी कुराहरू देखाउने वर्गाकारलाई छोप्नुहोस्

***वर्गाकार १९:*** अब हाँगाको सुप छैन

***पुनरावलोकन:*** मञ्जरी र अनन्तले जामुन फलहरू खाँदा उनीहरूका लागि के कुरा परिवर्तन भयो ? (अब हाँगाको सुप छैन भन्नुको अर्थ अनन्त ठीक हुन्छ) जामुन रूखहरू रोप्दा, फलहरू फल्दा र कटनी गर्दा कुसुम उपत्यकामा कस्तो परिवर्तन भयो ?

***सङ्केत २२:*** मञ्जरीका साँचो मित्रहरूका लागि सपनाहरू पूरा भएका र भएका परिवर्तनहरू देखाउने वर्गाकार छोप्नुहोस् ।

***वर्गाकार २१:*** साँचो मित्रहरू, सबै हुर्केका

***पुनरावलोकन:*** जब तपाईं हुर्कनुहुन्छ र तपाईंका केही सपनाहरू पूरा हुन्छ, तब तपाईंको जीवन कस्तो हुन्छ भनेर कल्पना गर्नुहुन्छ ?

**बेचबिखन सम्पर्क पुनरावलोकन**: यो अगुवाको चाहनामा हुन्छ । पहिलो तीनवटा बेचबिखन जानकारी पोस्टर साना विद्यार्थीहरूका लागि धेरै उपयुक्त हुन्छन् । अरू पोस्टरहरू धेरै प्रस्ट छन् तर त्यसमा भएका जानकारी ठूला विद्यार्थीहरूले पहिचान गर्न र बेचबिखन कार्यहरू रोक्न धेरै सहयोगी छन् । यो जानकारी पुनरावलोकन गर्न १०-१५ मिनेट दिनुहोस् ।

**सिकारूहरूका लागि सेसन ६ को केन्द्रबिन्दु "खडा हुनु" हो ।** (१) व्यक्तिगत रूपमा मानव बेचबिखन निरन्तर रोक्न र (२) भविष्यका अध्ययन समूहहरूमा बर्न टु फ्लाइ धारणा साना विद्यार्थीहरूलाई बुझाउन सहायता गर्छ भनेर तपाईंले सोच्नुभएका बेचबिखनसम्बन्धी जानकारी पोस्टरहरूको भाग उनीहरूको नोटबुकमा सार्न लगाउनुहोस् ।

**प्रतिबध्दता**: बर्न टु फ्लाइ पाठ्यक्रमको पूर्णता चिन्ह लगाउन विद्यार्थीहरूलाई सहायता गर्न तपाईंले सेसन ६ को अन्त्यमा छोटो पुरस्कार वितरण कार्यक्रम व्यवस्था गर्न सक्नुहुन्छ । परियोजना दृश्यमा बनाउन र विद्यार्थीहरूको सफलताको महत्त्व मनाउन सहायता गर्न समुदाय (परिवारका सदस्यहरू, शिक्षकहरू वा विद्यालयका प्रतिनिधिहरू, सामुदायिक अगुवाहरू) बाट मानिसहरूलाई निम्तो दिनुहोस् । बालबालिकाले सेसन ५ मा बनाएका पखेटाहरू लगाउन दिनुहोस् र कलाका कामहरू र पोस्टरहरू देखाउनुहोस् ।

विद्यार्थीहरूलाई यी कुरा व्याख्या गर्नुहोस्:

१. समर्पणता गर्नुको अर्थ के हो (प्रतिज्ञा) ?

२. उनीहरूको समर्पणताले उनीरूलाई सेसन ५ का कुराहरू सम्झन सहायता गर्नेछ, उड्न जन्मिएको कुरा मञ्जरीले सिकिन् । उनीहरूलाई दिइन लागेको प्रमाणपत्रका शब्दहरू पढ्नुहोस् ।

३. उनीहरूको समर्पणताको अर्थ उनीहरूले बेचबिखन गर्ने व्यक्तिहरूलाई "नाइँ" र उनीहरूका सपनाहरू, लक्ष्य र उद्देश्यलाई "हुन्छ" भनिरहेका छन् ।

अगुवाहरूले समयअगावै समर्पणता प्रमाणपत्रहरूको दस्तखत र मिति लेख्नुपर्छ । कार्यक्रमको समयमा साना बालबालिकाहरूले आफ्ना समर्पणता प्रमाणपत्रहरूमा दस्तखत गर्न सहायताको खाँचो हुन सक्छ । हरेकलाई निलो समर्पणता ब्रासलेटहरू दिनुहोस् । आफ्ना ब्रासलेटहरू पहिले नै भएका सिकारूहरू पनि उपस्थित छन् भने ब्रासलेटको अर्थ के हो र समर्पणता गर्नको अर्थ उनीहरूका लागि के हो भनेर बाँड्न लगाउनुहोस् । उनीहरूले प्रमाणपत्रहरू र समर्पणता ब्रासलेटहरू प्रस्तुत गर्न सहायता गर्न सक्छन् ।

ती अहिलेसम्म नपाएका सिकारूहरूलाई तपाईंले निलो ब्रासलेट पनि दिन सक्नुहुन्छ । नयाँ सिकारूहरूका लागि दोस्रो छुट्टै कृतज्ञता दिन सक्नुहुन्छ, सिकारूहरूका रूपमा उनीहरूलाई देखाउने रिबन वा पिन दिनुहोस्, जसले भविष्यमा भएका बर्न टु फ्लाइ अध्ययन समूहहरूलाई अगुवाइ गर्न सहायता गर्न सहयोग गर्नेछन् ।

**छलफलः** अब तपाईंको देश र सहरमा मानव बेचबिखनका विरुध्द सिकारूहरूले निरन्तर लड्न सक्ने विभिन्न तरिकाहरू उनीहरूसँग छलफल गर्नुहोस् किनकि उनीहरूले बर्न टु फ्लाइ कार्यक्रम पूरा गरेका छन् । सेसन ५ को अन्त्यमा तपाईंले छलफल गर्नुभएका तरिकाहरू उल्लेख गर्नुहोस् । सिकारूहरूले लडाइँमा एकअर्कालाई उत्साह दिन बैठकलाई निरन्तरता दिन सक्छन् भनेर बताउनुहोस् । तपाईंको सहरमा बेचबिखनविरुध्द कुनै टास्क बल छैन भने यो समूहले तीमध्ये एउटा हुन सुरु गर्न सक्छ । कानुनी व्यवस्था, विद्यालयहरू, सामुदायिक संस्थाहरू, विश्वासी संस्था, मिडिया र अन्यलाई समावेश गर्दै स्थानीय रूपमा संलग्न हुने अरूलाई पनि सिकारूहरूले लिन सक्छन् भनेर भिन्न तरिकाहरूका बारेमा उनीहरूसँग छलफल गर्नुहोस् ।

# समर्पणता

यी कुराहरू सम्झन सहायता गर्न म मेरो बर्न टु फ्लाइ ब्रासलेट लगाउनेछु...

- बुध्दिमानी रूपमा छान्न किनभने हरेक छनोटको परिणाम हुन्छ
- साँचो मित्रहरूका बुध्दिमानी, दयालु र उत्साहपूर्ण भनाइहरू सुन्न
- म अद्वितीय, मूल्यवान र प्रेम गरिन योग्य छु भनेर विश्वास गर्न
- मेरा सपनाहरू साँचो बनाउन धैर्य गर्न र मेहनेत गर्न
- म उड्न जन्मिएको थिएँ र त्योभन्दा थोरै कुरामा चित्त बुझाउन कहिल्यै पनि होइन
- बेचबिखनलाई "नाइँ" भन्न र मेरा सपनाहरू, उद्देश्य र लक्ष्यलाई "हुन्छ" भन्न

विद्यार्थीः.............................................................

अगुवाः...............................................................

मितिः.................................................................

## मञ्जरीको मुठो (सेसन ४ को लागि क्रियाकलाप)



# शिक्षकहरूका लागि मूल्याङ्कन सर्वेक्षण

बालबालिका बेचबिखन रोन बर्न टु फ्लाइ कार्यक्रम सिकाउनुभएको लागि तपाईंलाई धन्यवाद। तपाईंको समय र सीपको लागि हामी अत्यन्तै कृतज्ञ छौं। तपाईंले धेरै जीवनहरू परिवर्तन गर्नुभएको छ। तपाईंका पृष्ठपोषण र टिप्पणीहरूले सिकाउने सामाग्रीहरूलाई मूल्याङ्कन गर्न र भविष्यमा राम्रो बनाउन हामीलाई सहायता गर्नेछ। कृपया यो मूल्याङ्कन सर्वेक्षण भर्नुहोस् र यसलाई info@born2fly.org मा पठाउनुहोस्। तपाईंले यो www.born2fly.org मा पनि भर्न सक्नुहुन्छ।

१. तपाईंले बर्न टु फ्लाइ कार्यक्रम (सहर र देश) कहाँ सिकाउनुभयो ?

___

२. कुन स्थानमा- स्कुल, सामुदायिक केन्द्र, मण्डली आदि ?

___

३. कुन मितिमा ?

४. अनुमानित कतिजना विद्यार्थीहरू सहभागी भएका थिए ?

५. विद्यार्थीहरूको अनुमानित उमेर कति थियो ?

६. तपाईंले कुन भाषामा सिकाउनुभयो ?

७. के तपाईंले आफ्नो भाषामा पाठ्यक्रमको लिखित अनुवाद बनाउनुभएको थियो ?

–थिएँ, कुन भाषामाः

–थिइनँ

–पाठ्यक्रम हाम्रै भाषामा पहिले नै उपलब्ध

८. के तपाईंले त्यो पाठ्यक्रममा छहप्ते ढाँचा पछ्याउनुभएको थियो ?

थिएँ

–थिइनँ, हामीसँग उपलब्ध भएको समयको लागि मात्रै हामीले मिलाएका थियौं।

–छैन भने तपाईंसँग कति समय थियो र तपाईंले ढाँचालाई कसरी मिलाउनुभयो ?

___

___

९. के तपाईंले सबैभन्दा पहिले सिकारूहरूले सिक्ने कार्यक्रमको नमुना प्रयोग गर्नुभयो र त्यसपछि त्यो साना बालबालिकालाई सिकाउनुभयो ?

–हो

–होइन

१०. विद्यार्थीहरू (र सिकारूहरू) ले कसरी कार्यक्रमप्रति प्रतिक्रिया जनाए भनेर वर्णन गर्नुहोस्

________________________________________________________________________

________________________________________________________________________

________________________________________________________________________

________________________________________________________________________

११. शिक्षकहरूबाट आएको प्रतिक्रिया वर्णन गर्नुहोस्

________________________________________________________________________

________________________________________________________________________

________________________________________________________________________

१२. तपाईंको कक्षामा भएका साना बालबालिकाहरूका बारेमा सोच्दै बर्न टु फ्लाइअघि मञ्जरीले सिकेकी पाँचवटा कुराहरूका (छनोटहरूका परिणाम हुन्छन् आदि) बारेमा उनीहरू कति जानकारी पाए ?

–केही पनि जानेनन्

–केही जाने

–धैरै कुरा जाने

१३. बर्न टु फ्लाइ गरेपछि उनीहरू कसरी जानकार भए ?

–अझै भएका छैनन्

–केही मात्रामा भएका

–धैरै मात्रामा भएका छन्

१४. तपाईंको कक्षामा भएका साना बालबालिकाका बारेमा सोच्नुहोस्, तपाईं उनीहरूसँग बालबालिका बेचबिखनको बारेमा खुल्ला रूपमा छलफल गर्नुहुन्छ भने बर्न टु फ्लाइअघि बालबालिका बेचबिखनको बारेमा उनी कति जानकार थिए ?

–केही पनि जानेका थिएनन्

–केही जानेका थिए

–धैरै कुरा जानेका थिए

१५. बर्न टु फ्लाइपछि उनीहरू कति जानकार भएका छन् ?

–केही पनि जानेनन्

–केही जाने

–धेरै कुरा जाने

१६. तपाईंको कक्षामा भएका सिकारूहरू र किशोरकिशोरीहरूका बारेमा सोच्नुहोस्, बर्न टु फ्लाइअघि बेचबिखनको बारेमा उनीहरू कति जानकार थिए ?

–केही पनि जानेका थिएनन्

–केही जानेका थिए

–धेरै कुरा जानेका थिए

१७. बर्न टु फ्लाइपछि उनीहरू कति जानकार भए ?

–केही पनि जानेनन्

–केही जाने

–धेरै कुरा जाने

१८. शिक्षकको रूपमा बर्न टु फ्लाइ कार्यक्रमले भविष्यमा तपाईंका विद्यार्थीहरू बेचबिखन हुनबाट सहायता गर्नेछ भनेर कसरी सोच्नुहुन्छ ?

–उनीहरूलाई सहायता गर्नेछैन

–केही मात्र सहायता गर्नेछ

–उनीहरूलाई धेरै सहायता गर्नेछ

१९. तपाईंसँग बर्न टु फ्लाइ सिकाएका अन्य शिक्षकहरू र तपाईंको बारेमा सोच्नुहोस्, बर्न टु फ्लाइअघि बालबालिका बेचबिखनको बारेमा तपाईं जानकार हुनुहुन्थ्यो ?

–केही पनि नजानेको

–केही जानेको

–धेरै कुरा जानेको

२०. बर्न टु फ्लाइपछि तपाईं र अन्य शिक्षकहरू कसरी जानकार हुनुभयो ?

–केही पनि जानेनन्

–केही जाने

–धेरै कुरा जानेका

२१. कृपया शिक्षाबाट प्रभाव परेका विद्यार्थीहरू र/वा शिक्षकहरूको कुनै कथाहरू बाँड्नुहोस् ।

___________________________________________________________________________

___________________________________________________________________________

___________________________________________________________________________

२२. अन्य शिक्षकहरूसँग हामीले बाँड्न सक्ने कुनै विचारहरू वा क्रियाकलापहरू तपाईंले थप्नुभयो ?

___________________________________________________________________________

___________________________________________________________________________

___________________________________________________________________________

तपाईंको नामः.................................................................

तपाईंको तहः..................................................................

तपाईंको इमेलः................................................................

बर्न टु फ्लाइ सिकाउनुभएको लागि तपाईंलाई फेरि पनि धन्यवाद । हामी तपाईंप्रति कृतज्ञ छौं । तपाईंले www.born2fly.org मा भएको यो सर्वेक्षण भर्न पनि सक्नुहुन्छ ।

# अधिक जानकारीको लागि

Born to Fly International, Inc.

PO Box 952949

Lake Mary, Florida, 32795-2949

USA

info@born2fly.org

बालबालिका बेचबिखन रोक्ने हाम्रो काममा तपाईंले सहायता गर्न चाहनुहुन्छ भने तपाईं त्यो हाम्रो वेबसाइटमा गर्न सक्नुहुन्छ। बर्न टु फ्लाई ५०१ सी३ गैह्र नाफामूलक संस्था हो र सङ्युक्त राज्यमा भएका सबै सहायताहरू कर छुट छन्।

www.born2fly.org

www.borntoflybook.com